मधेशदृष्टिमा विज्ञापनका लागि सम्पर्क नं.:
9808835198
9807170995
9803474311
9854028218

नजर हमर
राष्ट्रिय दैनिक
# मधेशदृष्टि
www.emadheshdristi.com
Madheshdristi National Daily

खुशहाल किसान, समृद्ध नेपाल
यहि हो 'त्रिशक्ति' को कमाल
त्रिशक्ति ट्रेक्टर

● वर्ष १ ● अंक २२८ ● २०८० साल असार १४ गते बिहीबार ● Thursday 29, June 2023 ● सूर्योदय: बिहान ५:१४ बजे ● सूर्यास्त: साँझ ७:३ बजे ● पृष्ठ ८ ● मूल्य रु. ५/-

# दुल्हा दुल्हिन मन्दिरको जग्गा कब्जा गरेर घर निर्माण

*जानकी मन्दिर अधीनस्त रहेको जनकपुरधाम–१८ स्थित भोयल मठको जग्गाबाट ३२ बिघा १० कट्ठा १६ धुर २० वर्षका लागि जनकपुरधाम उपमहानगरपालिकाले, जनकपुरधाम–३ स्थित लक्ष्मण मन्दिरको वडा नम्बर–१४ स्थित विभिन्न कित्ताको क्षेत्रफलबाट १६ बिघा १७ कट्ठा १९ धुर १ कनमा ३० वर्षका लागि राष्ट्रिय खेलकुद परिषद्ले, राम मन्दिर अधीनस्त जनकपुरधाम–४ स्थित कित्ता नम्बर ३६ को ५ कट्ठा ३ धुरमध्ये १० धुर २५ वर्षका लागि नेपाल पत्रकार महासंघ धनुषाले, रत्नसागर गुठीको जनकपुरधाम–१४ स्थित विभिन्न कित्ता नम्बरको १६ बिघा १७ कट्ठा १९ धुर ४९ वर्षका लागि मणिपाल एजुकेसन मेडिकल ग्रुपले ठेक्कामा लिएको देखिन्छ ।*

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
जनकपुरधाममा गुठीको जग्गा कब्जा अभियान झैं चलिरहेको छ । गुठीका जग्गामा घर निर्माण गर्नेको संख्या बढिरहेको छ । यसैक्रममा पछिल्लो निशानामा परेको छ जनकपुरधाम उपमहानगरपालिका-२३ स्थित धनेश्नर नगरको रामजानकी दुल्हा दुल्हिन मन्दिरको जग्गा । मन्दिरको ७ बिघा भन्दा बढी जग्गामा अवैध ढंगले कब्जा गरी भवन निर्माण भइरहेको छ ।
भूमाफियाको चलखेल र आर्थिक लेनदेनसँगै मन्दिरको सम्पूर्ण जग्गा व्यक्तिले कब्जा गरिसकेका छन् । ससाना झुपडीदेखि ठूला भवनसम्म निर्माण हुने क्रम जारी छ ।
जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-६ का शिवशंकर नागवंशीले मन्दिरका महन्थ धनेश्वर दाससँग आफूले २०३२ सालमै मनखपमा खरिद गरेको कित्ता नम्बर ३०९ को ७ बिघा १ कट्ठा १० धुर जग्गा मध्येको १० धुर जग्गामा धनुषाको सबैला नगरपालिका वडा नम्बर-७ घर भइ जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२३, बिन्धी धनेश्वर नगरका नवल साहले जबर्जस्त कब्जा गरेर घर निर्माण गर्न लागेको आरोप लगाएका छन् ।
उनले रामजानकी दुल्हा भगवान मन्दिरको नाममा रहेको जनकपुरधाम उपमहानगरपालिका वडा नम्बर-२३ को कित्ता नम्बर-३०९ को ७ बिघा १ कट्ठा १० धुर जग्गामध्ये राजन दाहालले लिएको मनखप जग्गादेखि पश्चिम भोला कवारले लिएको जग्गासँगै पश्चिम रोडदेखि पूर्व निज २ लग्गा उत्तर दक्षिण पूर्व पश्चिम पाँच लग्गा, पूर्व दक्षिण तर्फबाट १० धुर जग्गा स्व. महन्थ धनेश्वर दाससँग मनखपमा खरीद गरेको र महन्थ दास जीवित रहुन्जेलसम्म उनलाई र उनको मृत्युपश्चात मन्दिरमा प्रत्येक वर्ष कुत बुझाउँदै महन्थ दासले दिएको मनखप कागजअनुसार सोही समयदेखि हालसम्म आफूले भोग चलन गर्दै आएकामा कुनै विवाद नरहेको बताए ।
तर, नवलले भूमाफियासँगको संलग्नतामा बलजफ्ती जग्गामा विनानक्सा गैरकानुनी ढंगबाट मापदण्ड विपरीत घर निर्माण गरिरहेको नागवंशीका छोरा मुन्नाले बताए । उनले आफ्नो जग्गामा नवलले कानुन विपरीत निर्माण गर्न लागेको निर्माण रोक्का गरी विनानक्सा बनाइएको संरचना भत्काई उनलाई स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३९ बमोजिम कारबाही माग गरेका छन् । उनले जग्गामा अवैध घर निर्माण गर्न/गराउन सबै संयन्त्र परिचालन गरिएको र यसमा भूमाफियादेखि स्थानीय प्रहरी प्रशासन आर्थिक लेनदेनमा परेको दाबीसमेत गरेका छन् ।
विवादित जग्गामा घर निर्माण नगर्न गुठी संस्थान र जनकपुरधाम उपमहानगरपालिकाले आग्रह गरे पनि नवलले कसैको कुरा नमानी घर निर्माण गरिरहेको मुन्नाको भनाइ छ । घर निर्माणका विषयमा उजुरी परेपछि संस्थानले दुवै पक्षलाई बोलाएर छलफल गरी तत्काल घर निर्माण नगर्न भनेको थियो ।
गुठी संस्थान जनकपुरधामका प्रमुख आनन्द प्रसाद कर्माचार्यले गुठी संस्थान मातहतको तैनाथी जग्गामा व्यक्तिले निजी संरचना निर्माण गरे भत्काउने प्रतिबद्धता जनाए । उनले गुठी अधिनस्थ जग्गा व्यक्तिको हुन नसक्ने भन्दै अवैध निर्माण कार्य रोक्न सबैको ध्यान केन्द्रित हुनुपर्ने बताए । नवलले घर निर्माण गरिरहेको भए भत्काएर जग्गा गुठी मातहतमा ल्याइने उनको भनाइ छ ।
स्थानीय जिरोमाइल प्रहरी चौकीका इन्चार्ज चन्दन सिंहले त्यहाँ घर निर्माण नभइरहेको दाबी गरे पनि घर निर्माणको काम भने रोकिएको छैन । बुधबार दिउँसो सञ्चारकर्मीको टोली पुग्दा निर्माण भइरहेको थियो ।
जनकपुरधाम उपमहानगरपालिकाका मेयर मनोजकुमार साहले जग्गाको कुत बुझाउँदै आएका शिवशंकर नागवंशीले महन्थसँग जग्गाको मोहियानी प्रमाणपत्र बनाउनुपर्ने बताए । उनले यदि यस्तो नभएको भए जग्गा कसैको नभई गुठी मातहतमा ल्याउनुपर्ने जिकिर गरे ।
जनकपुरधामभित्र गुठीका जग्गामा अवैध संरचना निर्माण भइरहेकामा चिन्ता व्यक्त गर्दै मेयर साहले रत्नसागर मठ र रामजानकी दुल्हा दुल्हिन मन्दिर आसपासमा निर्माण भएका अवैध संरचना भत्काउन कठिन रहे पनि नयाँ संरचना निर्माण हुन नदिन सबै सचेत हुनुपर्ने बताए । उनले भने, 'नगरभित्र पार्किङ स्थल निर्माण गर्न उपमहानगरलाई जग्गाका लागि गुठीसँग हारगुहार गर्नुपर्छ । यसले तपाईं बुझ्न सक्नुहुन्छ कि जग्गाको मालिक उपमहानगर नभई गुठी हो । त्यसैले यसमा गुठी बढी चनाखो हुनुपर्दछ । हामीले त्यसका लागि सहयोग मात्र गरिदिने हो ।' उनले गुठी मातहतको जग्गामा व्यक्तिले नयाँ संरचना निर्माण गरिरहेको भए उपमहानगरलाई जानकारी दिन आग्रहसमेत गरे ।
उपमहानरले त्यस्ता अवैध निर्माण तुरुन्त भत्काउने उनको प्रतिबद्धता छ । नगर प्रमुख साहले यस्तो प्रतिबद्धता जनाइरहँदा जनकपुरधाममा गुठी मातहतका सैयौँ जग्गामा अहिले पनि रातारात निर्माण भइरहेको देखिन्छ । धनेश्वर नगरमै दर्जनौं नयाँ घर निर्माण भइरहेका छन् ।



**गुठीका जग्गा अतिक्रमण**
जनकपुरधामस्थित अधिकांश मठमन्दिरका महन्थ र पुजारीको संलग्नतामा अर्बौं रुपैयाँ बराबरका गुठीका जग्गा बिक्री तथा अतिक्रमण गरिएको पाइएको छ । गुठी संस्थान शाखा कार्यालय जनकपुरधामले जनाएअनुसार ३० बिघा जग्गा अतिक्रमण भएको छ । तर, तथ्यांकको कैयौँ गुणा बढी अर्बौं मूल्यका जग्गा भूमाफियाको

बाँकी पृष्ठ ६ मा

# मुख्यमन्त्रीद्वारा ईदको शुभकामना


मा. सरोज कुमार यादव
मुख्यमन्त्री
Hon. Saroj Kumar Yadav
Chief Minister
मधेश प्रदेश सरकार
Government of Madhesh Pradesh
मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय
Office of the Chief Minister & Council of Ministers
जनकपुरधाम, धनुषा, नेपाल
Janakpurdham, Dhanusha, Nepal

बकरीदको शुभकामना

ईद-उल- अजहा अर्थात् बकरीद पैगम्बर हजरत इब्राहिमले आफ्नो सबभन्दा प्रिय वस्तु कुर्बानी गरेको दिनको संझनामा मनाइने महत्वपूर्ण पर्व हो । यस पवित्र पर्वका अवसरमा देश, प्रदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण मुस्लिम दाजुभाई, दिदीबहिनीहरुमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।

तपाईंहरुमाथि सधैं अल्लाहको कृपा बर्सिरहोस् र सम्पूर्ण मनोकामना पनि पूरा होस् । अल्लाहले तपाईंहरुको सबैको दुआ कबुल गरोस् । सारा परिवारमा सुख शांति समृद्धि छाओस् भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

सरोजकुमार यादव
मुख्यमंत्री

१४ असार २०८०

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेश सरकारका मुख्यमन्त्री सरोजकुमार यादवले ईद-उल-अजहा अर्थात् बकरिदको शुभकामना दिएका छन् । पैगम्बर हजरत इब्राहिमले आफ्नो सबभन्दा प्रिय वस्तु कुर्बानी गरेको दिनको सम्झनामा मनाइने महत्वपूर्ण पर्वको अवसरमा शुभकामना दिँदै मुख्यमन्त्री यादवले भनेका छन्, 'पवित्र पर्वका अवसरमा देश, प्रदेश तथा विदेशमा रहनुभएका सम्पूर्ण मुस्लिम दाजुभाई, दिदीबहिनीमा हार्दिक बधाई ज्ञापन गर्न चाहन्छु ।' उनले शुभकामना सन्देशमा मुस्लिम समुदायमा सधैँ अल्लाहको कृपा बर्सिरहोस् र सम्पूर्ण मनोकामना पूरा होस् भनेर बधाइ दिएका छन् । उनले अल्लाहले सबै मुस्लिम समुदायको दुआ कबुल गरोस् भन्दै सारा परिवारमा सुख, शान्ति, समृद्धिको कामना गरेका छन् ।

# मधेश विश्वविद्यालय दक्ष जनशक्ति उत्पादन रणनीतिमा



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश विश्वविद्यालय दीर्घकालीन रणनीतिका लागि मधेश प्रदेशव्यापीरुपमा अन्तरक्रिया गरिरहेको छ ।
बुधबार मधेश विश्वविद्यालयले दीर्घकालीन रणनीति योजनाका लागि जनकपुरधाममा स्थानीय बुद्धिजीवी, शिक्षक, प्राध्यापक, नागरिक समाजका अगुवालगायतसँग छलफल तथा अन्तरक्रिया गरेको छ । रणनीतिक योजना तर्जुमासम्बन्धी अन्तरक्रियामा मधेश प्रदेशका शिक्षा तथा समाज कल्याणमन्त्री महेशप्रसाद यादवले मुलुक संघीय संरचनामा गएपछि उच्च शिक्षालाई प्रादेशिकस्तरमा पुऱ्याउन कला, विज्ञान, चिकित्साशास्त्र, पर्यटन, आयुर्वेदन, कानुनलगायतका क्षेत्रतर्फ गुणस्तरीय शिक्षामा सरकार गम्भीर रहेको बताए । उनले मधेश विश्वविद्यालय मधेशसहित मुलुकको भविष्यस्थल रहेकाले यसमा मधेश सरकारसमेत गम्भिररुपमा ध्यान दिएर लागि रहेको बताए । मन्त्री यादवले विश्वविद्यालयले भविष्यका कर्णाधार निर्माणका लागि हरेक क्षेत्रमा अध्ययन, अध्यापन र आवश्यकताअनुसारका विषयसमेत समावेश रहने गरी आन्तरिक कार्यसँगै पाठ्यक्रमसमेत तयार भइरहेको बताए । उनले हालै विश्वविद्यालय स्थापना गरिएकाले यसको भौतिक संरचनालगायत शैक्षिक वातावरण तथा शैक्षिक स्थल निर्माणका लागि तत्काल जग्गा उपलब्धको कार्य भइरहेको बताउँदै भने, 'उपलब्ध जग्गामा शैक्षिक भवन निर्माणलगायतका कार्यहरु अघि बढाइनेछ ।' प्राध्यापक उपेन्द्र कोइरालाले यस युनिभर्सिटीलाई गुणस्तरीय शिक्षाको

बाँकी पृष्ठ ६ मा

# वीरगंजमा पाँचसय तेस्रो लिंगी, एकसयलाई एचआइभी संक्रमण



**मधेशदृष्टि**
**वीरगंज।**
'एक त हामीलाई घरपरिवारले नै स्वीकार्दैन, समाजमा पनि अनेक नाममा हेला गर्छन्, बाँच्नका लागि काम गर्नुपर्ने नै हुन्छ तर जागिर माग्न जाँदा तेश्रोलिंगी भन्दै काम नदिएपछि बाँच्नकै लागि कतिपय साथीहरु गलत भए पनि बाध्य भएर यौन पेशा अंगालिरहेका छन्,' तेस्रो लिंगी सञ्जुले भनिन्, 'समाज र घरपरिवारले समेत पहिचान नस्वीकारेकाले जीवन गुजारा गर्न बाध्य भएर यौनकर्मी बन्ने क्रम बढ्दो छ।'
समाजले नस्वीकारकै कारण बाध्य भएर यौनपेशामा लाग्नु परेको वीरगंजका तेश्रोलिंगीको गुनासो छ । यौनपेशामा लाग्दा प्राणघातक विभिन्न रोगको सिकार पनि बन्ने गरेको उनीहरु स्वीकार्छन् । यौनिक तथा लैंगिक अल्पसंख्यकको क्षेत्रमा कार्यरत गैरसरकारी संस्था सहयात्री समाज नेपालका अनुसार, पर्सामा समाजमा खुलेर आएका तेस्रोलिंगीको संख्या ५ सय भन्दा बढी छ । समाजमा खुलेर नआउनेको संख्या अझ त्यो भन्दा बढी नै रहेको कार्यक्रम संयोजक सुरज लिम्बु बताउँछन् । तीमध्ये व्यावसायिक रुपमै यौनपेशामा करिब २ सयको हाराहारीमा संलग्न छन् । तर यौनपेशामा रहेको खुलेरै बताउनेको संख्या १०-१२ मात्रै छ । तेस्रो लिंगी दीपिका भन्छिन्, 'ठूला आलिशान होटलमा हुने गोष्ठी-सेमिनारमा जसले यौन पेशा गलत हो, यसले समाज बदनाम हुन्छ, यौन पेशा छोड्नुस्, अरु काम वा जागीर गर्नुस् भनेर भाषण गर्छन्, ती भाषण गर्ने व्यक्तिकै संस्था वा फार्ममा काम माग्न जाँदा तेस्रो लिंगी भनेर जागिर दिँदैनन् ।'सहयात्री समाजमा कार्यरत दीपिका यौन पेशामा लागेका तेस्रो लिंगीलाई पेशा छाडेर अरु कुनै काम गर्न निरन्तर काउन्सिलिङ गर्दै आएको बताउँछिन् । 'कि त हामीलाई अरु कुनै काम वा जागिर खोजी देऊ होइन भने बाँच्नका लागि कुनै आधार देऊ भन्छन्, रहरले होइन बाध्यताले यौनकर्मी बन्नु परेको पनि बताउँछन्,' दीपिकाले भनिन्, 'तेस्रो लिंगी महिला रहरले नभइ जीवन गुजारा गर्न अन्य विकल्प नपाएर नै यौनकर्मी बन्ने गरेका छन् ।' देशमा काठमाडौँपछि पर्सामा सबै भन्दा बढी तेस्रोलिंगी रहेको पाइएको छ । 'अधिकांश तेस्रो लिंगी विभिन्न विवाह, भोजभत्तेरजस्ता उत्सव र समारोहमा हुने आर्केष्टा ( नाचगान) समूहमा काम गरेर जीवन गुजारा गरिरहेका छन्,' कार्यक्रम संयोजक सुरज लिम्बु भन्छन्, 'पर्सामा समाजमा खुलेर आएका ५ सय भन्दा बढी तेस्रो लिंगी छन्, उनीहरुमध्ये ६ जनाले मात्रै सहयात्री समाजमा जागिर पाएका छन्, अरु सबै काम वा जागिर नपाएकाले कि त आर्केष्टामा नाचेर जीवन गुजारा चलाइरहेका छन्, कि त बाध्य भएर यौनकर्मी बनेका छन् ।'
तेस्रो लिंगी ममता भन्छिन्, 'कहिलेकहिँ प्रहरीबाट पनि दुर्व्यवहारमा पर्ने गरेका छौं ।' उनी भन्छिन्, 'म यौनकर्मी होइन तर विहे भोजभत्तेरमा हुने आर्केष्टा नाचेर अबेर राति घर वा डेरा फर्किंदा बाटोमा भेटिने प्रहरीले नै 'यौनकर्मी होस्' भनेर गाली गर्ने, नराम्रो वचन लगाउने गर्छन् । कहिलेकहिँ त पक्रेर रातभर थुनेर भोलिपल्ट बिहान मात्रै छाडिदिन्छन् ।'
तेस्रो लिंगीको जीवनयापनका लागि सरकारले केही नगरेको गुनासो छ ममताको । उनी भन्छिन्, 'अहिलेसम्म जे जति काम भएको छ, त्यो सबै विदेशी दाताले गरेका हुन्, सरकारबाट हाम्रा लागि केही भएको छैन ।'
समाजबाट बहिष्कृत तेश्रो लिंगीलाई स्वरोजगार बनाउने उद्धेश्यले सहयात्री समाज नेपालले वैशाखमा पर्साका १४ पालिकामा सीपमूलक तालिमका लागि ज्ञापनपत्र बुझाएको थियो । सुरज लिम्बुले भने, 'तर पालिकाबाट अहिलेसम्म त्यसको कुनै जवाफ आएन ।' सीपमूलक तालिम पाए तेस्रोलिंगी काम वा जागीरका लागि अन्यत्र धाउनु पर्ने वा गलत पेशामा लाग्नु पर्ने बाध्यता अन्त्य हुने उनीहरुको विश्वास छ ।
यौनपेशामा लाग्दा तेस्रोलिंगी प्राणघातक विभिन्न संक्रमणको सिकार पनि भइरहेको लिम्बु बताउँछन् । उनका अनुसार, पर्सामा एचआइभी एड्सबाट संक्रमित भइ नियमित औषधी सेवन गर्नेको संख्या ६ सय भन्दा बढी छ, तीमध्ये तेस्रो लिंगीको संख्या मात्रै १ सय छ । उनका अनुसार, पर्सामा यौनकर्मी पुरुषको संख्या ५० छ ।



# मुआब्जा रकम कम गरिएको पीडितहरुको आरोप



**मधेशदृष्टि**
**जनकपुरधाम।**
नेपाल रेल्वे कम्पनी लिमिटेडले निर्धारण गरेकोभन्दा मुआब्जा कम दिन लागिएको रेल्वे मुआब्जाबाट पीडितहरुले आरोप लगाएका छन्।
बुधबार जनकपुरधामस्थित नेपाल रेल्वे विभागको कार्यालयमा जनकपुरधाम-जयनगर-बर्दिबास रेल्वे ट्रैक विस्तारका क्रममा जग्गा परेका जग्गाधनीहरुले मुआब्जा कम मुआब्जा दिन लागेको आरोप लगाएका हुन् । रौतहट चन्द्रनगरका उदय सापकोटाले आफ्नो जग्गा मिथिला नगरपालिका वडा नम्बर ९ मा रहेको र सो जग्गा रेल्वे ट्रैक निर्माणकालागि अधिग्रहण गरिएको बताए । यद्यपि नेपाल सरकारले निर्धारण गरेको वर्गिकरणको आधारमा मुआब्जा नदिने भएपछि गत वर्षदेखि नै कार्यालय धाईरहेको उनले दुखेसो पोखे । उनका अनुसार लालगढका १३/१४ जना जग्गाधनीहरु जग्गा कुन वर्गिकरणमा पर्ने खुलाई दिन भनी निवेदन दिएपनि त्यसको कुनै सुनवाई नगरिएको आरोप लगाए।
गोरखापत्रमा प्रकाशित एक सूचनाका अनुसार मिथिला नगरपालिका वडा नम्बर ९ स्थित ट्राफिक चोकबाट लालगढ जाने बाटो भित्र ५० मिटरसम्मका जग्गालाई ३५ लाखको कठ्ठाको दरले मुआब्जा दिइने भनिएको छ। तर घुस दिन नमानेपछि आफूहरुको जग्गाको मूल्यांकन घटाएर ९ लाखको कठ्ठाको दरले मुआब्जा दिन लागिएको सापकोटाले गुनासो गरे । उनले भने 'यहाँका कार्यालय प्रमुखलाई प्रति कठ्ठा २ लाख रुपैयाँ घुस दिन नमानेपछि आफूहरुको जग्गाको मूल्यांकन घटाइएको छ, जुन हामीलाई मान्य छैन ।'यता रेल्वे विभागका साइट ईन्जिनियर विनोद ओझाले मुआब्जा वितरणको कार्य अन्तिम चरणमा रहेको केही जग्गाधनीहरु मात्रै बाँकी रहेको बताए। उनले मुआब्जा निर्धारण समितिले तोकेको अनुसार नै आफूहरुले भुक्तानी गरिरहेको जानकारी दिए ।यद्यपि उनीहरुलाई जग्गा वर्गिकरणमा चित्त नबुझ्केकै कारण अहिलेसम्म मुआब्जा वितरण नभएको बताए।

# विभिन्न मुद्दाका फरार प्रतिवादी पक्राउ

**मधेशदृष्टि**
**जनकपुरधाम ।**
धनुषा प्रहरीले विभिन्न मुद्दा पाँच जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।
धनुषा प्रहरीले जनाए अनुसार इलाका प्रहरी कार्यालय फुलगामाबाट खटिएको प्रहरी टोलीले जनकपुरधाम उपमहानगरपालिका वार्ड नं २० बाट कुटपिट तथा लुटपिट मुद्दामा फरार रहेका पाँच जना फरार प्रतिवादीलाई पक्राउ गरेको छ।
पक्राउ परेका प्रतिवादीहरुलाई बुधबारनै धनुषा जिल्ला अदालतमा उपस्थिति गराईएका प्रहरीले जनाएको छ।

# झाद्वारा पार्टी परित्याग



**मधेशदृष्टि**
**जनकपुरधाम ।**
नेपाली कांग्रेसका क्रियाशील सदस्य सुजित कुमार झाले पार्टी परित्याग गरेको छ। झाले बुधबार नेपाली कांग्रेसका जनकपुरधाम उपमहानगरपालिका वाड नं ४ का वडा सभापतिलाई पत्र लेख्दै पार्टी परित्याग गरेको घोषणा गरेका हुन् ।
उनले नेपाली कांग्रेसको कार्यविधिबाट असन्तुष्ट भई पार्टी कमिटि,क्रियाशिल सदस्य तथा साधारण सदस्य समेत नरहने गरि बुधबारबाट नेपाली कांग्रेस परित्याग गरेको घोषणा गर्दछु भनेर वडा सभापतिलाई पत्र पठाएका छन् । झा जनकपुरधाम उपमहानगरपालिका वाड नं ४ निवासी हुन् ।




# भ्रष्टाचारविरुद्धको अभियान रोकिन्न : प्रधानमन्त्री

**रासस**
**काठमाडौँ ।**
प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले भ्रष्टाचारविरुद्धको अभियान थप सशक्त रुपमा अघि बढ्ने स्पष्ट पारेका छन् । प्रतिनिधिसभाको बुधबारको बैठकमा विनियोजन विधेयक, २०८० अन्तर्गत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय योजना आयोगको सचिवालय, राष्ट्रपति एवम् उपराष्ट्रपतिको कार्यालयका विभिन्न शीर्षकमाथिको छलफलका क्रममा उठेका प्रश्नहरुको जवाफ दिदै प्रधानमन्त्री दाहालले उच्चपदस्थ व्यक्तिहरु कानुनको दायराभन्दा माथि छन् भन्ने आम मानिसमा विकासित हुँदै गएको धारणा चिर्न सरकार प्रतिबद्ध भएर लागेको बताए। प्रधानमन्त्री दाहालले आफ्नो पछिल्लो छ महिनाको कार्यकालले जनतामा लोकतान्त्रिक व्यवस्थाप्रति भरोसा जगाएको बताएकाले यसलाई उपलब्धी मानेको बताए। 'मैले नेतृत्व लिँदै गर्दा जनतामा राज्य र सरकारप्रति निराशा, असन्तोष र आवेग थियो । अहिले त्यसमा सुधार भएको छ। र, जनतामा सरकारप्रति भरोसा जागेको छ', उनले भने ।
नक्कली भुटानी शरणार्थी प्रकरणमा सरकारले गरेको अनुसन्धान र कारबाहीपछि जनतामा सरकारप्रति विश्वास जागेको उनकोभनाइ छ। उक्त प्रकरणमाथिको सफल अनुसन्धानबाट सरकारले कानुनको सर्वोच्चता स्थापित गर्न सफल भएको पनि उनकोदाबी छ।
लोकतन्त्रभित्र देखापरेका समस्या पनि लोकतान्त्रिक प्रक्रियाबाटै समाधान गर्न सकिन्छ भन्ने मानक स्थापित गर्नेगरी सरकारले काम गरिरहेको उनले बताए।
'यस प्रकरणको सफल अनुसन्धानसँगै अब लोकतान्त्रिक विधिको स्थापना र भ्रष्टाचारविरुद्धको शुद्धीकरण पनि सुरु भएको छ, यो शुद्धीकरण यत्तिमै रोकिनेछैन, निरन्तर अगाडि बढ्नेछ', प्रधानमन्त्री दाहालले भने, 'कुनै पनि मूल्यमा विकृतिविरुद्धको यो लडाइँ अघि बढ्नेछ।'
मङ्गलबारदेखि ललिता निवास जग्गा प्रकरणमा संलग्नलाई पक्राउ पर्न सुरु गरेको तथा सहकारी र लघुवित्तमा ठगी गर्नेलाई कारबाहीको दायरामा ल्याउन पहल भइरहेको उनको भनाइ छ। सरकार सुशासनको पक्षमा लडिरहेको र यो लडाइँमा सरकारलाई नागरिक र संसद्को साथ आवश्यक रहेको उनको भनाइ छ।
आफू सरकारको नेतृत्वमा आउने समयमा मुलुकले गम्भीर आर्थिक सङ्कटमा परेको र मुलुकको अवस्था श्रीलङ्का जस्तै हुन्छ भन्ने भाष्य स्थापित भइरहेको सन्दर्भ जोड्दै उनले त्यसमा सुधार भएको बताए। उनले अहिले सबैजसो आर्थिक सूचकहरु सकारात्मक रहेको भनाइ राख्नुभयो।
अहिले कूल विदेशी विनिमय सञ्चिति २० दशमलव नौ प्रतिशतले वृद्धि भएर नेपालले नौ दशमलव सात महिनाको वस्तु तथा सेवा धान्नसक्ने अवस्थामा पुगेको उनले बताए। त्यस्तै, कूल वस्तु व्यापार घाटा १५ दशमलव दुई प्रतिशतले घटेको, विप्रेषण उल्लेखनीय रुपमा बढेको, गत वर्षको तुलनामा पर्यटक आगमन संख्या दोब्बरले बढेको, बैंकदर र ब्याजदर घट्दै गएको, वित्तीय स्थायित्व र लगानीको वातावरणमा सुधार आएको, राजस्व




चुहावट नियन्त्रणमा उल्लेख्य सुधार भएको, दुई सरकारी संस्थान नेपाल विद्युत् प्राधिकरण नाफामा गएको र नेपाल वायुसेवा निगमको आर्थिक अवस्था सुधारोन्मुख रहेको प्रधानमन्त्री दाहालले संसद्लाई जानकारी गराए।
पछिल्लो छ महिनामा रु ३५ अर्ब वैदेशिक सहायता परिचालनका लागि सम्झौता भएको तथा उद्योग क्षेत्रमा करिब रु ३५ अर्ब लगानी र १५ हजार रोजगारी सिर्जना गर्नेगरी वैदेशिक लगानी आएको उनको भनाइ छ। यसअवधिमा उत्तरी नाकातर्फ रसुवा, हिल्सा र कोदारीका भन्सार कार्यालय सञ्चालनमा आएको प्रधानमन्त्रीले बताए। अर्थतन्त्रलाई फराकिलो, दिगो र समावेशी बनाउँदै आर्थिक वृद्धि, गुणस्तरीय सामाजिक विकास, सामाजिक सुरक्षा र न्यायको प्रत्याभूति, समष्टिगत आर्थिक स्थायित्व, सङ्घीयताको सबलीकरण र सुशासनको उद्देश्यसहित अहिलेको बजेट आएको उनको भनाइ छ।
आगामी आर्थिक वर्ष आर्थिक र सामाजिक पूर्वाधार निर्माण भई उच्च अङ्कको आर्थिक वृद्धिदर हासिल गर्ने आधार तयार भएको पनि प्रधानमन्त्री दाहालको दाबी छ। 'राष्ट्रिय प्रणालीमा चार सय आठ मेगावाट बिजुली थपिएर विद्युत्मा पहुँच बढ्दै गएको छ। १० वर्षमा १० हजार मेगावाट बिजुली भारत निर्यात गर्नेगरी भारतसँग प्रारम्भिक सम्झौता भएको छ भने नेपाल-भारत र बङ्गलादेशबीच त्रिपक्षीय विद्युत् व्यापार सम्झौता हुनेक्रममा रहेको छ', प्रधानमन्त्री दाहालले भने।
उनले भौतिक पूर्वाधार तथा यातायात क्षेत्रको सेवा प्रवाहमा गुणात्मक सुधार गर्न आन्तरिक सुधार सुझाव कार्यदलहरू गठन भई अध्ययन चलिरहेको बताए।
प्रधानमन्त्री दाहालको पछिल्लो भारत भ्रमणमा विद्युत् उत्पादन कम्पनी लिमिटेड र नेसनल हाइड्रोइलेक्ट्रिक पावर कर्पोरेसनबीच चार सय ४० मेगावाट उत्पादन क्षमताको फुकोट कर्णाली आयोजना विकास गर्न समझदारीपत्रमा हस्ताक्षर भएको थियो।
सो भ्रमणमा बुटवल-गोरखपुर चार सय केभीको प्रसारण लाइनको शिलान्यास भएको थियो। साथै चालिस मेगावाटसम्म विद्युत् बङ्गलादेश निर्यात गर्न नेपाल विद्युत् प्राधिकरण र एनटिपिसी विद्युत् व्यापार निगम, भारत तथा बङ्गलादेश पावर डेभलपमेन्ट बोर्डबीच विद्युत् बिक्री सम्झौतामा हस्ताक्षर हुने क्रममा रहेको प्रधानमन्त्री दाहालले संसद्लाई जानकारी गराए। आफू सरकारको नेतृत्वमा आएपछि यसवर्ष पहिलो पटक विद्यार्थीले समयमै पाठ्यपुस्तक पाएको उनको भनाइ छ। उनले दुर्गम क्षेत्रसहित देशभरका सामुदायिक विद्यालयमा अध्ययनरत ५५ लाख विद्यार्थीका लागि शैक्षिक सत्र सुरु हुनुअगावै निःशुल्क पाठ्यपुस्तक पुगेको बताए। साथै सरकारले पछिल्लो समय वैदेशिक अध्ययन स्वीकृतिसम्बन्धी निर्देशिका कार्यान्वयनमा ल्याई वैदेशिक अध्ययन अनुमतिपत्र तथा कक्षा १० र १२ को समकक्षता प्रमाणपत्र अनलाइनमार्फत प्रदान गर्न सुरु गरेको बताए।
हरेक वर्ष रासायनिक मल आपूर्तिमा समस्या हुने गरेकामा यस वर्ष सो समस्या हटेको उनको भनाइ छ। यसपटक कुल ७८ हजार मेट्रिक टन रासायनिक मल आपूर्ति हुने व्यवस्था सुनिश्चित गरिएको तथा हालसम्म एक लाख ९५ हजार नौ सय मेट्रिक टन रासायनिक मल आयात भई करिब एक लाख ४५ हजार नौ सय मेट्रिक टन अनुदानमा वितरण गरिएको प्रधानमन्त्री दाहालले संसद्लाई जानकारी गराए। त्यस्तै, आगामी आर्थिक वर्ष रासायनिक मल व्यवस्थापनका लागि ३० अर्ब रकम विनियोजन गरिएको तथा देशभित्रै मल कारखाना खोल्ने विषयमा अध्ययन गर्न भारत भ्रमणका क्रममा 'जोइन्ट भेन्चर'मा अघि बढ्नेगरी सैद्धान्तिक सहमति भएको पनि उनले बताए।
प्रधानमन्त्री दाहालले मेलम्चीबाट बाह्रै महिना पानी ल्याउने गरी काम भइरहेको उल्लेख गरे। साथै मिटरब्याजी पीडितको समस्या समाधान गर्न मुलुकी संहितासम्बन्धी केही नेपाल ऐनमा संशोधन गरिएको, अनुचित लेनदेन (मिटरब्याज) सम्बन्धी जाँचबुझ आयोग गठन गरी सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा हालसम्म दर्ता भएका २३ हजार एक सय १८ वटा उजुरीउपर आवश्यक कारबाही भइरहेको पनि दाहालले जानकारी दिए।
आविष्कार, अनुसन्धान र नवप्रवर्तनका लागि रु एक अर्बको कोष खडा गर्न बजेट छुट्याइएको, तिलगङ्गा आँखा स्वास्थ्य शिक्षा मानित विश्वविद्यालय स्थापनासम्बन्धी विधेयक तर्जुमा गर्न सैद्धान्तिक स्वीकृति प्रदान गरिएको, पशुपति हिन्दु विश्वविद्यालय स्थापनाका लागि प्रक्रिया अगाडि बढाइएको लगायतका विषय पनि उनले संसद्लाई जानकारी गराए। त्यसैगरी, देशका सबै सरकारी, सामुदायिक तथा निजी अस्पताललाई कूल शय्याको १० प्रतिशत छुट्याई विपन्न, असहाय, बेवारिसे बिरामीको निःशुल्क उपचार गराउन निर्देशन दिइएको बताए। वैदेशिक रोजगारीमा जान चाहने श्रमिकले अनलाइन माध्यमबाटै श्रम अनुमति आवेदन र श्रम अनुमति प्राप्त गर्नसक्ने प्रणाली सञ्चालनमा ल्याइएको, सातवटै प्रदेशस्थित श्रम तथा रोजगार कार्यालयबाट समेत वैदेशिक रोजगारका लागि श्रम स्वीकृति प्रदान गर्ने काम सुरु गरिएको, वैदेशिक रोजगारसम्बन्धी सेवा प्रदायक कार्यालयलाई प्रविधिमैत्री बनाउँदै सेवाग्राहीलाई सहज र छरितो रूपमा सेवा प्रवाह हुन थालेको तथा लाइन बस्नुपर्ने अवस्थाको अन्त्य भएको उनले बताए।
विदेशस्थित नेपाली नगारिकको मतदान गर्ने अधिकार सुनिश्चित गर्न आवश्यक प्रक्रिया अघि बढाइएको पनि प्रधानमन्त्री दाहालले बताएका छन्। नागरिकता तथा राष्ट्रिय परिचयपत्र, विद्युतीय राहदानी, सवारी चालक अनुमतिपत्र, नो अब्जेक्सन सर्टिफिकेटलगायतका सेवा लिन सरल, कम खर्चिलो र झन्झटमुक्त बनाइएको उनको भनाइ छ। प्रधानमन्त्री दाहालले खेलाडीलाई प्रोत्साहन स्वरुप '२०२३ एसिसी मेन्स प्रिमियर कप क्रिकेट' प्रतियोगिता विजयी नेपाली खेलाडी र मुख्य प्रशिक्षकलाई जनही रु छ लाख र अन्य टीम अफिसियललाई जनही तीन लाख उपलब्ध गराइएको समेत बताए।

# प्राकृतिक कारणले २० गैंडा मरे

**रासस**
**चितवन।**
प्राकृतिक कारणले धेरै गैंडा मरेपछि मृत्युको खोजी गरिरहेको चितवन राष्ट्रिय निकुञ्जमा चालु आर्थिक वर्षमा विगतको तुलनामा कम गैंडा मरेका छन्। यस वर्ष हालसम्म २२ वटा गैंडा मरेकोमा २० वटा प्राकृतिक कारणले मरेका हुन् भने दुई वटा चोरी शिकारीले मारेका हुन्।
निकुञ्जका सूचना अधिकारी गणेशप्रसाद तिवारीका अनुसार आर्थिक वर्ष २०७५/०७६ मा प्राकृतिक कारणले ४३ वटा गैंडा मरेका थिए। त्यसयताको वर्षहरूमा प्राकृतिक कारणले मर्ने गैंडाको सङ्ख्या त्यसभन्दा कम हुँदै आएको छ।
आव २०७६/०७७ मा २६, ०७७/०७८ मा ३९ र ०७८/०७९ मा ३५ वटा गैंडा प्राकृतिक कारणले मरेका छन्। यस आवमा ०७२/०७३ मा भन्दा बढी तर त्यसयताका अन्य वर्षको तुलनामा



कम गैंडा मरेका हुन्। त्यस वर्ष १४ वटा गैंडा मरेका थिए । आव २०७३/०७४ मा २४ वटा गैंडा मरेको निकुञ्जको तथ्याङ्कमा उल्लेख छ।
चालु आवको माघ महिनामा दुईवटा गैंडा चोरी शिकारीले मारेका थिए। अन्य गैंडा प्राकृतिक कारणले मरेको तिवारीले जानकारी दिए । प्राकृतिक कारणले मरेका गैंडा करेन्ट लागेर, चोटपटक लागेर, बूढो भएर, बाघको आक्रमणबाट, एकापसमा जुधेर, मगर गोहीको आक्रमणबाट मरेका हुन्। तिवारीले निकुञ्जभित्रको घाँसे मैदान र पानीको व्यवस्थापनका कारण गैंडा बाहिर ननिस्किएपछि मृत्यु घटेको अनुमान गरिएको बताए।
प्राकृतिक कारणले गैंडा धेरै मरेपछि राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले अध्ययनका लागि टोली गठन गरेको थियो । सो टोलीले अध्ययनसँगै सुझाव दिएपछि प्राकृतिक कारणबाट गैंडाको मृत्युदर घटाउन निकुञ्जले सक्दो प्रयास गरिरहेको तिवारीले बताए। चितवन राष्ट्रिय निकुञ्जमा पछिल्लो गणनाअनुसार छ सय ९४ गैंडा रहेका छन् । विगतका वर्षहरूमा चोरी शिकारबाट धेरै गैंडा मर्ने गरेको भए पनि पछिल्ला वर्षहरूमा यो संख्यामा कमी आएको छ। आव २०७३/०७४ मा एउटा, २०७७/०७८ मा चार वटा र २०७८/०७९ मा दुई वटा गैंडा चोरी शिकारीले मारेका थिए। सशस्त्र द्वन्द्वको समयमा एकै वर्ष चोरी शिकारीका कारण ३७ वटा गैंडा मरेका थिए।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

**धनुषा (०४१)**

| | |
|---|---|
| एम्बुलेन्स | १०२, ५२६०९० |
| ५२६०९१,०४१६२०४९१,५२०२३०, ५२३८६४ | |
| | ५२६३६० |
| प्रहरी | १००, ५२००९९ |
| बारुण यन्त्र | ५२००११ |
| जनकपुर अञ्चल अस्पताल | ५२००३३ |
| रक्त संचार केन्द्र (रेडक्रस) | ५२०८७० |
| आँखा अस्पताल | ५२०३९७ |
| विद्युत फ्यूज शाखा | ५२०१५१ |
| एयर पोर्ट | ५२००४४ |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलाइन्स | ५२००४७ |
| जानकी केबुल | ५२३७२८ |
| साह केबुल | ५२४७२२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |

**महोत्तरी (०४४)**

| | |
|---|---|
| जलेश्वर अस्पताल | ५२००७० |
| प्रहरी | ५२०००९ |
| एम्बुलेन्स | ५२०१०० |
| विद्युत | ५२००६६, ५२०१६६ |

## मन्दिरको समय

**जानकी मन्दिर (प्रत्यके दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| बिहान पूजा आरती : | ०७:०० बजे |
| बिहान ढोका बन्द : | १२:०० बजे |
| अन्न क्षत्रे : | नि:शूल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय : | ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझझा : | ०७:३० बजे |

**रत्नसागर मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ५:०० बजे |
| बिहान पूजा आरती: | ८:०० बजे |
| भोगराज लाग्ने सयम: | ११:३० बजे |
| निशुल्क अन्न क्षत्रे (दिउँसो): | १२:०० बजे |
| मन्दिर बन्द हुने समय: | १२:०० बजे |
| खुल्ने समय (दिउँसो): | ४:०० बजे |
| रात्री आरती पूजा हुने समय: | ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम: | १०:०० बजे |

**राम मन्दिर (प्रत्येक दिन)**

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय : | ०५:०० बजे |
| मंगल आरती : | ०७:३० बजे |
| महाप्रसाद भोग : | १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय : | ०३:३० बजे |
| सन्ध्या पुजा आरती साँझ : | ०७:०० बजे |
| रात्रि भोग : | ०९:०० बजे |
| पट बन्द : | ०९:१५ बजे |

## ----- राशिफल -----

**मेष - ARIES**
चु,चे,चो,ला,लि,लु,ले,लो,अ
आजको दिन भोगबिलास गर्ने साधनहरु प्राप्त हुनेछ, धन तथा पुत्रको लाभ होला ।

**वृष- TAURUS**
इ,उ,ए,ओ,बा,बि,बु,बे,बो
मनमा उत्साह बढ्नेछ, नसोचेको स्थानबाट लाभ हुनेछ, पुत्र तथा पत्नीको साथ सहयोग प्राप्त होला।

**मिथुन - GEMINI**
का,कि,कु,घ,ङ,छ,के,को,ह
अनेक प्रकारका लाभ हुनेछ, धार्मिक कार्यमा मन जानेछ, उच्च पद तथा धन प्राप्त होला ।

**कर्कट - CANCER**
हि,हु,हे,हो,डा,डि,डु,डे,डो
वैदेशिक रोजगारको अवसर आउनेछ, शत्रु पक्ष कमजोर होलान् , हरेक प्रकारका सुख प्राप्त होला।

**सिंह - LEO**
मा,मि,मु,मे,मो,टा,टि,टु,टे
यात्रा गर्दा सावधानी अपनाउनु होला, कुनै मालसामान हराउन सक्छ ।

**कन्या - VIRGO**
टो,प,पि,पु,ष,ण,ठ,पे,पो
लामो तथा छोटो दुरिको यात्रा गराउला, तर पनि वैदेशिक क्षेत्र भने कमजोर रहला ।

**तुला - LIBRA**
र,रि,रु,रे,रो,ता,ति,तु,ते
आजको दिन कुनै रमणीय तथा नयाँ स्थानको सुखद यात्रा होला ।

**वृश्चिक - SCORPIO**
तो,ना,नि,नु,ने,नो,या,यि,यु
पारिवारिक जीवन तथा प्रेम सम्बन्ध राम्रो हुनेछ। कुनै पनि मनोरञ्जनमा सहभागी भईएला।

**धनु- SAGITTARIUS**
ये,यो,भ,भि,भु,ध,फा,ढ,भे
धार्मिक यात्राको योग बनेको छ, बौद्धिक कार्यमा सफलता मिल्नेछ ।

**मकर - CAPRICORN**
भो,ज,जि,खि,खु,खे,खो,गा,गि
कुनै पनि रचनात्मक कार्यमा मन जानेछ, धन तथा मानमा वृद्धि गराउला।

**कुम्भ - AQUARIUS**
गु,गे,गो,सा,सि,सु,से,सो,द
आजको दिन हर्ष उल्लासका साथ बित्नेछ, न्यायीक क्षेत्र बलवान् देखिन्छ।

**मीन - PISCES**
दि,दु,थ,झ,ञ,दे,दो,च,चि
प्रेमिकाको सहयोगले अधुरा काम पूरा हुनेछन् , धेरै समयपछि आत्मीयजन सँग भेट होला।

# नेपाली भाषीद्वारा नेपाली मजदुर शोषित



**मधेशदृष्टि**
**राजविराज ।**
कंचनपुर-कमला सडक योजनामा साहुले मजदुरमाथि चरम शोषण गर्ने गरेको खुलासा भएको छ ।
सडक निर्माणको ठेक्का पाएका चाइनिज रेल्वे इन्जिनियरिङ कम्पनीमा कार्यरत्त चाईनिजका भाषा अनुवादक र आर्थिक विभाग हेर्ने नेपाली भाषीले नेपाली मजदुरहरुमाथि चरम शोषण गरेको हो ।
मजदुरहरुलाई तस्करी गर्न प्रोत्साहन गर्ने र उनीहरुको कुरा नमानेपछि अनावश्यक दुःख दिने गरेको सोही सडक योजनामा कार्यरत्त एक मजदुरले गुनासो गरे ।
कम्पनीका पुर्वी क्याम्प प्रमुख मिस्टरका भाषा अनुवादक महेन्द्र ढकाल र एच.आर. सुनिल यादवले मजदुरहरुमाथि चरम शोषण गरिरहेको यातायात मजदुर पर्शुराम चौधरीले गुनासो गरे ।
उनले आफुले तोकिएको समयसम्म भनेको काम गरेपनि दुःख दिने गरेको गुनासो गर्दै उनले नियतवश टायमसिट नै प्रमाणित गर्न कम्पनी प्रमुखलाई रोकेको बताए ।समयमा टाइमसिट प्रमाणिकरण नहुदाँ तलब रोकिएकोले भोकभोकै बस्नुपरेको उनको भनाइ छ । विहान ७ बजेदेखि साढे ११ बजेसम्म र दिनको साढे २ बजेदेखि ६ बजेसम्म दैनिक निरन्तर काम गर्दै आएको छु, ड्ब्लु -२०४ नम्बरको लोलरको अप्रेटर चौधरीले भने, नियमित समयभन्दा बढी काम गर्न दवाव दिन गरेको, अतिरिक्त समयसम्म काम गरेपनि पारिश्रमिक नदिएको बताए ।
उनले ओभरटाइम काम गर्न दवाव दिदाँ अस्विकार गरेपछि आफुमाथि दुर्व्यवहार गरेको आरोप लगाए ।
उनले भने, 'भाषा अनुवादक ढकाल र एच. आर. यादवले मलाई पटकपटक ओभरटायम काम गर्न दबाब दिए, ओभर टायम नगरे तेरो टाइमसिट प्रमाणित नगरिदिने धम्की दिने गरेको थियो । मैले यसअघि पनि ओभरटाइम काम गरेपनि पारिश्रमिक नपाएपछि सित्तैमा काम गरिइन ।
कम्पनीमा तेल तस्करी, ढुङ्गा, गिट्टि, छड, सिमेन्टआदी तस्करी गरेर भएपनी ढकाल र यादवलाई नबुझाएसम्म मजदुरहरुको श्रमको सुरक्षा नहुने स्थानीयवासीहरु बताउछन् ।
ढकाल र यादवलाई आफ्नै पारिश्रमिकबाट भएपनि कमिसन नदिएसम्म विभिन्न लाञ्छना लगाउने र कामबाट निकाल्नेसम्मको हर्कत गर्दै आएको मजदुरहरुको गुनासो छ ।
कम्पनी प्रमुखका नेपाली भाषा अनुवादक ढकालले टाइमसिटमा प्रमाणिकरण नगरेको बारे अनभिज्ञता प्रकट गरे । एच. आर यादवले आफुहरुमाथि लगाइएको तस्करीको आरोप निरधार रहेको जिकिर समेत गरे ।लोलर अप्रेटरको टाइमसिटमा सही नभएको स्वीकार्दै उनले लोलर मालिकलाई बोलाउँदा नआएपछि चौधरीको टाइमसिट नपठाएको बताए ।
लोलर मालिक कम्पनीमा उपस्थित भएपछि उत्पन्न भएको समस्याको समाधान हुने उनको कथन छ ।

# भारतीय नक्कली चिकित्सक प्रहरी फन्दामा



**सञ्जय मिश्रा**
**रौतहट ।**
एक भारतीय नक्कली डाक्टर रौतहट प्रहरीको फन्दामा परेका छन् ।
विरामी रहेका एक बालकलाई उपचार गरी निको गरिदिने भन्दै चिकित्सकले दिएको इञ्जेक्सनको केही बेरमै मृत्यू भएको छ ।
इञ्जेक्सन दिएलगत्तै दुई वर्षिय बालकको मृत्यु भएपछि इलाका प्रहरी कार्यालय गरुडाबाट खटिएको टोलिले नक्कली चिकित्सक गणेश सहनीलाई पक्राउ गरेको हो ।
पक्राउ पर्ने नक्कली चिकित्सक भारतको बिहार मुजफरपुर जिल्ला घर भएका सहनी रहेको प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनालले जानकारी दिएका छन् ।
देवाही गोनाहि गाउँपालिका वडा नम्बर ४ का शिवशंकर पटेलको २ बर्षको छोरा सचिन पटेललाई ज्वारो लागेको थियो । उनको उपचारको लागि गरुडा नगरपालिका स्थित विर्ता गाउँमा चिकित्सक सहनीले सञ्चालन गरेको क्लिनिकमा लागेको थियो ।
बुधवार दिँउसो नक्कली चिकित्सकले बालकलाई चेकजाँच गरी दुईवटा इञ्जेक्सन लगाएको बुवा शिवशंकर पटेलले बताए ।
पीडित बुवा पटेलले भने, 'इञ्जेक्सन लगाएपछि बालकलाई घर लैजानु विस्तारै निको हुन्छ भनेर पठाएपछि त्यहाँबाट हिडेको केहीबेरमै बालकको मृत्यु भयो ।'
पीडित पटेलले घटनाबारे प्रहरीलाई जानकारी गराएपछि नक्कली चिकित्सकलाई क्लिनिकबाट पक्राउ गरेको थियो ।मृतक बालकको शव पोष्मार्टमका लागि जिल्ला अस्पताल गौर पठाईएको छ । भने आरोपितलाई नियन्त्रणमा लिई थप अनुसन्धान भइरहेको ईलाका प्रहरी कार्यालय गरुडाले जनाइएको छ ।
यता देवाही गोनाहीका नगर उपमेयर परनीया देवी पटेलले घटनाको सत्यतथ्य छानबिन गरी दोषीलाई कारवाही गर्न माग गरेका छन् ।

# गरुडा नगरपालिकामा तीन दिनदेखि धर्ना



**सञ्जय मिश्रा**
**रौतहट ।**
रौतहटको एक स्थानीय तहमा जनप्रतिनिधिले नै जनप्रतिनिधिको विरुद्धमा तीन दिनदेखि तालाबन्दी गरी धर्नामा बसेका छन् ।
जिल्लाको गरुडा नगरपालिकाको कार्यालयमा उपमेयर पुनम चौधरीको नेतृत्वमा तीन दिनदेखि तालाबन्दीसहित धर्ना बसेका हुन् ।
मेयर कन्थमणि जैसवालले एकोहोरो नगरसभा गरेको भन्दै उपमेयर चौधरीको नेतृत्वको टोलीले कार्यालयमा ताला लगाएर धर्नामा बसेका छन् ।
गरुडा नगरपालिकाको कार्यालयमा तालाबन्दी गरी उपमेयर चौधरी, ६ वटा वडाका अध्यक्षसहित ३१ जना निर्वाचित जनप्रतिनिधि मुल ढोकामा धर्नामा बसेका छन् ।
नगरपालिका कार्यालयको मुलगेटमै बसेर तालाबन्दीसहित धर्नामा बसेपछि सेवाग्राहीलाई निकै सास्ती भोग्नु परेको छ । जसले गर्दा नगरपालिकाको सम्पूर्ण कामकाज ठप्प भएको छ ।
गत आइतबार गरुडा नगरपालिकाको ९ औं नगरसभाले ५५ करोड १६ लाख ३० हजार रुपैयाँको बजेट तयार पारित गरेको थियो ।
मेयर जैसवालले एकलौटी पारित गरेको बजेट विभेदकारी रहेको भन्दै उपमेयर चौधरी लगायतका वडा अध्यक्षहरू मुख्य गेटमा धर्ना बसेका छन। धर्नाको कारण बन्दसत्रसमेत प्रभावित भएको छ ।
नगरसभाको निर्णय पुस्तिका सार्वजनिक गर्नुपर्ने मागसहित उपमेयर चौधरीको नेतृत्वमा, मेयर प्रत्यासी बृजकिशोर यादव , सुनिल यादव, र दिपक यादव लगायत धर्नामा बसेका छन् ।
यता मेयर जैसवालले उपमेयर चौधरीको सहमतिमै नगरसभा भएको दावी गर्दै ताला खोल्ने बारे उनीसँग सर-सल्लाह भइरहेको जनाएका छन् ।

# एकैदिनमा ६ प्रतिवादी पक्राउ




**मधेशदृष्टि**
**रौतहट ।**
रौतहटमा एकैदिनमा ६ जना फरारको सूचीमा रहेका प्रतिवादीलाई पक्राउ गरेको छ ।
रौतहट जिल्ला अदालतको फैसला कार्यान्वयन अन्तर्गत कैद तथा जरिवाना सजाय भई फरार रहेका ६ जना प्रतिवादीलाई प्रहरीले विभिन्न स्थानबाट पक्राउ गरेको हो ।
पक्राउ पर्नेमा कुटपीट अंगभंग मुद्दामा फरार रहेका प्रतिवादी गरुडा नगरपालिका वडा नम्बर २ स्थित गेडहिगुठिका ६५ वर्षियको बलिराम सहनी र सोही ठाउँका ५५ वर्षिय कृष्णनन्दन सहनी, ३५ वर्षियको सुनिल सहनी ३९ वर्षिय प्रभुनन्दन भन्ने शशि सहनी रहेको रौतहटका प्रहरी उपरीक्षक वीरबहादुर बुढामगरले बताएका छन् ।
त्यस्तै जुवा सम्बन्धी कसुर मुद्दाको फरार प्रतिवादीहरु गरुडा नगरपालिका वडा नम्बर ६ स्थित पोथियाहिका ६५ वर्षियको जम्दार साह, ६० वर्षिय जुकिन्द्र साह रहेको प्रहरी उपरीक्षक बुढामगरले बताए ।
पक्राउ परेका सबै ६ जनालाई आवश्यक कारवाहीका लागि अदालतमा उपस्थित गराई प्रक्रिया अगाडि बढाइएको उनले बताए ।

# छोरी जन्माउनेलाई प्रोत्साहन भत्ता




**मधेशदृष्टि**
**सर्लाही ।**
सर्लाहीको बागमती नगरपालिकाले छोरी जन्माउने आमालाई पाँच हजार रुपैयाँ सुत्केरी भत्तास्वरुप उपहार दिने निर्णय गरेको छ । मधेशमा छोरी जन्मिएमा दाईजो दिनुपर्ने सोचका कारण भ्रुण हत्याका घटना भइरहेको समयमा बागमती नगरपालिकाले छोरी जन्माउने आमालाई प्रोत्साहन स्वरुप पाँच हजार रुपैयाँ उपहार दिने घोषणा गरेको उपमेयर लिला कुमारी मोक्तानले जानकारी दिइन् ।
आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति कार्यक्रम र बजेट सार्वजनिक गर्दै उत्कृष्ट दलित विद्यार्थीलाई ल्यापटप प्रदान गर्ने र छोरी जन्माउने आमालाई बागमती नगरपालिकाले उपहार दिने भएको छ ।
नेपालका प्रथम राणा प्रधानमन्त्री जंगबहादुर राणाको समाधिस्थललाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने, बागमती नदी किनारमा आधुनिक आर्यघाट निर्माण, सुविधायुक्त बजार केन्द्र निर्माण, सांस्कृतिक नमूना बस्ती, बागमती माछापोखरी (भरत ताल) पर्यटन पुर्वाधार निर्माण आयोजना, बागमती फनपार्क आयोजना, बागमती रिसोर्ट, कृषि आधुनिकीकरण कार्यक्रम, नगर बगैंचा आयोजना, बौद्ध तपोवन पर्यटकीय स्थल निर्माणलगायतका आयोजनालाई नगरको गौरवका आयोजनाहरुको रुपमा समेटेर विकास गर्ने बागमती नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम एवं बजेटमा समेटिएको नगरपालिकाले जनाएको छ ।
बागमती नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ का लागि रु ९० करोड १० लाखको अनुमानित बजेट सार्वजनिक गर्दै करिब एक दर्जन योजनाहरुलाई नगर गौरबका योजनाहरुको रुपमा समेटिएको हो । नगर क्षेत्रमा एकै प्रकारका घर निर्माणका लागि मापदण्ड लागू गर्ने,प्रत्येक वडामा एउटा खुला क्षेत्र कायम गर्ने, नदी उकास, पर्ती जमिनको संरक्षण गनजस्ता विषयलाई प्राथमिकतामा राखेर बागमती नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम एवं बजेट सार्वजनिक गरिएको उपमेयर मोक्तानले बताइन् ।
नेपालका पहिलो राणा प्रधानमन्त्री जंगबहादुर वि.सं. १८७४ असार ४ गते मथुराबैंसी अर्घाखाँचीमा जन्मिएका र तराईमा शिकार खेल्न आएको समयमा १९३३ सालमा रौतहटको पत्थरघट्टामा उनको निधन भएको थियो ।
उनको अन्त्येष्टि सर्लाहीको बागमती नगरपालिका वडा नम्बर ७ राजघाट स्थित मानेचौरमा गरिएको थियो । अहिले नगरपालिकाले सो क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने योजना रहेको जनाइएको छ ।आगामी आर्थिक वर्षको बजेटमा बागमती नदीमा सुविधायुक्त आर्यघाट निर्माणका लागि तीन करोड रुपैयाँ विनियोजन गरको छ ।
यता मेयर भरत थापाले बागमती नगरपालिकालाई नेपालकै नमुना नगरपालिका बनाउने गरी कार्ययोजना अनुसार अघि बढिरहेको बताए ।

# अर्थमन्त्रीद्वारा बजेट रकमान्तर




**मधेशदृष्टि**
**जनकपुरधाम ।**
मधेश प्रदेशका अर्थमन्त्री संजय यादवले आर्थिक मसान्तमा वन तथा वातावरण मन्त्रालय मार्फत् आफ्नो निर्वाचन क्षेत्रका लागि बजेट रकमान्तर गरेका छन् ।
वन तथा वातावरण मन्त्रालयको ५० करोड रुपैयाँभन्दा बढी बजेट रकमान्तर गर्दै ७ करोड रुपैयाँभन्दा बढी बजेट मन्दिर र धर्मशाला निर्माणका लागि मन्त्री यादवले आफ्नै निर्वाचन क्षेत्रमा लगेका हुन् ।
मन्त्री यादवको दववाका कारण अर्थ मन्त्रालयले रकमान्तर गरेको बजेटको विवरण भने सार्वजनिक गरिएको छैन ।
भू तथा जलाधार व्यवस्थापन कार्यालय रौतहटमा ४८ योजनाका लागि रकमान्तर गरेको १० करोड ९० लाख रुपैयाँ थप योजनाका लागि अर्थ मन्त्रालयबाट असार ७ गते प्राप्त भएको कार्यलय प्रमुख प्रदिप सिंहले जनाएका छन् । भू तथा जलाधार व्यवस्थापन कार्यालयमा आएका ४८ योजनामध्ये रौतहटमा २ योजना र सर्लाहीमा ४६ योजना रहेको प्रमुख सिंहले बताए ।
त्यस्तै सर्लाहीका ४६ योजनामध्ये मन्त्री यादवले आफ्नो निर्वाचन क्षेत्रमा ३४ योजना लगेका छन् ।
कम समयमा बजेट दुरुपयोग गर्ने नियतले कार्यकर्ता तथा आफन्तबाट काम गराउन मन्त्री यादवले मन्त्रालयदेखि जिल्ला तहसम्मका कर्मचारी मिलाएर बजेट रकमान्तर गरेको श्रोतको दावी छ ।
त्यस्तै सर्लाही निर्वाचन क्षेत्र २(२) मा पर्ने बरहथवा, बसबरिया, चक्रघट्टा र कविलासीमा मन्त्री यादवले मन्दिर, धर्मशाला, मस्जिद, महरानीजीको पर्खाल, ब्रह्मबाबाको पर्खाल, आश्रम, पार्क, पोखरी सौन्दर्यकरण, अध्ययन भवनलगायतको टुक्रे योजनाका लागि भू तथा जलाधार व्यवस्थापन कार्यालय रौतहटमा ७ करोड ८० लाख रुपैयाँ रकमान्तर गरेका हुन् ।
त्यस्तै पर्सा, बारा, रौतहट र सर्लाहीको ३२ प्रदेश निर्वाचन क्षेत्रको जिम्मेवारी सम्हाल्ने भू तथा जलाधार व्यवस्थापन कार्यालय रौतहटको कार्यक्षेत्र रहेकोमा मन्त्री यादवले आफ्नै निर्वाचन क्षेत्रलाई केन्द्रित गरेर अन्तिम समयमा बजेट रकमान्तर गरेपछि कर्मचारीहरू पनि अन्योलमा परेका छन् ।
यस कार्यालयमा बजेट आएपनि काम कसरी गर्ने भन्ने विषयमा कुनै छलफल नभएको भू तथा जलाधार व्यवस्थापन कार्यालय रौतहटका प्रमुख सिंहको भनाइ छ । मधेश प्रदेश सरकार कार्यविभाजन नियमावली २०७९ विपरीत कार्यक्षेत्र नपर्ने शीर्षकको बजेट पनि सम्बन्धित कार्यालयमा पठाइएको जनाइएको छ ।
सत्ता गठबन्धन र प्रतिपक्षी दलको समर्थनमा मधेश प्रदेश सरकारले आर्थिक वर्षको अन्त्य तिर धमाधम बजेट रकमान्तर गरेको छ ।

# चार स्थानीय तहले ल्याउन सकेनन् बजेट




**मधेशदृष्टि**
**राजविराज ।**
सप्तरीको चार स्थानीय तहले निर्धारित समयमै बजेट ल्याउन सकेको छैन । जिल्लाको तीन नगरपालिका र एक गाउँपालिकाले अझै बजेट ल्याउन नसकेको हो ।
केही पालिकामा तयारी अपुग भएको कारण र केही पालिकामा भने आन्तरिक किचलो तथा विभिन्न विवादका कारण जिल्लाका १८ मध्ये ४ पालिकाले अझैं आगामी आर्थिक वर्षको बजेट सार्वजनिक गर्न सकेका छैनन् ।
सप्तरी सदरमुकाम रहेको राजविराज नगरपालिका, हनुमाननगर कंकालिनी नगरपालिका, कञ्चनरुप नगरपालिका र रुपनी गाउँपालिकाले अझैं बजेट ल्याउन सकेको छैन ।
मंगलबारसम्ममा १४ वटा स्थानीय तहले नगरसभा र गाउँसभा गरी बजेट सार्वजनिक गरिसकेका छन् ।
त्यस्तै विष्णुपुर गाउँपालिका, तिलाठी कोइलाडी गाउँपालिका, अग्निसाइर कृष्णासवरण गाउँपालिका, राजगढ गाउँपालिका, बलान विहुल गाउँपालिका, महदेवा गाउँपालिका, तिरहुत गाउँपालिका, खडक नगरपालिका, बोदे बरसाइन नगरपालिका, सप्तकोशी नगरपालिका, शम्भुनाथ नगरपालिका, सुरुङ्गा नगरपालिका र डाक्नेश्वरी नगरपालिकाले असार १० गतेभित्रै गाउँ र नगरसभा गरिसकेका छन् ।
बजेट ल्याउन नसक्नु कारण ती पालिकाहरुमा प्रमुख, उपप्रमुख तथा अध्यक्ष, उपाध्यक्ष बीचको चर्को द्वन्द र आन्तरिक विवाद रहेको छ ।
कञ्चनरुप नगरपालिका प्रमुख र उपप्रमुखबीच नगरसभाको विषयलाई लिएर आन्तरिक विवाद देखिएको छ । मेयर ललन गुप्ता र उपप्रमुख मुनाकुमारी पोखरेल दुवै नेपाली कांग्रेसका हुन् । तर तालमेल नमिल्दा दुवै जना एकअर्का विरुद्ध सार्वजनिक कार्यक्रममै आरोप प्रत्यारोपमा उत्रिने गरेका छन् ।
त्यस्तै राजविराज नगरपालिकाका कार्यवाहक मेयर इसरत परविन र वडाध्यक्षहरु बीच आगामी आर्थिक वर्षको बजेट समावेश गर्ने विषयहरुमा विवाद देखिएपछि समयमै नगरसभा हुन सकेको छैन ।
त्यस्तै हनुमाननगर कंकालिनी नगरपालिका र रुपनी गाउँपालिकाको पनि रहेको छ । स्थानीय तह सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ उपदफा १ बमोजिम १० असारभित्रै स्थानीय तहको बजेट सार्वजनिक गरिसक्नुपर्ने प्रावधान रहेको छ । तर यता आएर सरकारले पुनः एक सूचना जारी गर्दै असार मसान्तसम्ममा नीति तथा कार्यक्रम एवं बजेट सार्वजनिक गर्न समय थपेका छन् ।

नेता होइन,
नीति प्रधान हुनुपर्छ।

- पुष्पलाल

सम्पादकीय

# औषधीको अवैध धन्दा

केन्द्र सरकारको स्वास्थ्य मन्त्रालयअन्तर्गत स्वास्थ्य सेवा विभागले मलेरिया, डेंगुलगायतका औषधी खरिदका लागि मधेश प्रदेश सरकारमा पठाएको बजेटमा असारको अन्तिममा बदमासी गर्न खोजेको खबर बाहिर आएको छ। यसमा प्रदेश सरकार र सरकार मातहतका जनस्वास्थ्य कार्यालय, जिल्ला अस्पतालहरुले औषधी खरिद गर्ने तयारीसँगै टेन्डर नै गर्न नभ्याउने अवस्थामा केही औषधी कम्पनीका प्रतिनिधिले केन्द्रको स्वास्थ्य विभागकै सेटिङमा आफ्ना लागि काम मिलाइदिन कर्मचारीलाई धम्क्याउने कार्यसमेत गरेको खबर बाहिर आएपछि मधेश तातेको छ। मधेश प्रदेश सरकारअन्तर्गत स्वास्थ्य तथा जनसंख्या मन्त्रालयमातहतमा यो काम हुन लागे पनि यसको सेटिङ भने स्वास्थ्य सेवा विभागबाटै भएको तथ्य बाहिर आएको छ । असारको अन्तिम साता भ्याए टेन्डर, नभ्याए कोटेसनमा भए पनि कुनै एउटा कम्पनीमार्फत औषधी किन्नका लागि भइरहेको चलखेलबारे मधेशदृष्टि दैनिकले समाचार प्रकाशन गरेपछि मधेशका आठ जिल्लामै यसको सञ्चार भएको छ। स्वास्थ्य कार्यालयका कर्मचारीलाई माथिको आदेश भन्दै धम्काउने, थर्काउने र कोटेसनको कागजात मिलाउन उर्दी दिने सफल स्वास्थ्य सेवा कम्पनीका प्रतिनिधिहरु यतिखेर भागाभागको अवस्थामा छन्।

जनस्वास्थ्य कार्यालय र जिल्ला अस्पतालहरुमा २० देखि २५ लाख रुपैयाँ दामासाहीका दरले रकम पठाइएको छ। यो कामका लागि सफल स्वास्थ्य कम्पनीलाई छनौट गर्न मापदण्डसमेत बनाएर पठाइएको पाइएको छ। ५ लिटर र १० लिटरका औषधी किन्नु पर्नेमा एउटा कम्पनीलाई काम दिनकै लागि २ सय ५० एमएलको पाउचको मापदण्डसमेत बनाइएको पाइएको हो। मधेश सरकारको स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका सचिवले समेत तराई मधेशमा यो जरुरी भएकाले किन्ने प्रक्रियाका लागि अस्पताल र जनस्वास्थ्य कार्यालयले कार्य गरिरहेको स्वीकारे । असारको अन्तिम अर्थात् चेक काट्ने बेला औषधी खरिदका लागि टेन्डर नै गर्न नभ्याउने अवस्थामा बदमासी र कमाउ भन्दाको नियतले कोटेसन मिलाउन भन्दै औषधी कम्पनीका कर्मचारी र प्रतिनिधिहरुले स्वास्थ्य कार्यालयका कर्मचारीहरुलाई दिएको अस्वाभाविक दबाबका कारण ५ करोड ५० लाख रुपैयाँ रकममा हुन लागेको बदमासीमा हामीले खबरदारी गर्दै समाचार प्रकाशन गरेका हौँ। जबकि, तीन महिनाअघि नै बजेट निकासा गरी औषधी खरिद गरेर प्रयोगमा आउनु पर्ने थियो। जुन अब हुनै सक्दैन। अर्कातिर साउनमा त नयाँ बजेट आउने नै छ। फेरि खरिद प्रक्रिया अघि बढ्छ । असोजसम्म लामखुट्टेको प्रकोपले मधेश आक्रान्त हुने नै छ।

कुनै पनि औषधी समयमा किनेर त्यसको प्रयोग होस् । जनताले राज्यले दिने सेवा अनुभूत गर्न पाउन्। तर कागज मिलाएर कुनै एउटा अमुक कम्पनीलाई काम दिएर कमिसन कुम्ल्याउने र औषधी पनि प्रयोगमा आउन नसक्ने अवस्था निर्माणमा सरकारी तवरबाटै गरिएको बदमासीको शृंखला कहिले रोकिएला ? यस्तो बदमासीमा अख्तियार दुरुपयोग अनुसन्धान आयोग पनि किन नदेखे झैँ गरिरहेको छ ? यो वर्ष स्वास्थ्य सेवा विभागले धेरै प्रकारका औषधी खरिदमा बदमासी गरेको भनेर आयोगमा केन्द्रमा पनि उजुरी परेको छ। अर्कातिर एकाध औषधी व्यवसायीलाई मोटाउने गरी सरकारी तवरबाटै किन मापदण्डहरु बनिरहेको छ ? यसै कारण व्यवसायी बदनाम भयौँ भनेर समीक्षा गर्ने औषधी व्यवसायीहरु पनि यस्ता एकाध औषधी कम्पनीको बदमासीबाट आक्रान्त बनेको पाइएको छ।

## लेखक वर्गमा अनुरोध

मधेशदृष्टि दैनिक यहाँहरूबाट नवीन, सिर्जनात्मक, तार्किक, दार्शनिक, समयसापेक्ष आलेखको अपेक्षा गर्दछ। मधेश प्रदेशलाई केन्द्रित गरेर राजनीतिक, सामाजिक, आर्थिकसहित अन्य क्षेत्रका विषयमा यहाँहरूले कलम चलाउन सक्नुहुनेछ। पठाउनु भएका लेख कम्तीमा ७ दिन अन्य सञ्चारमाध्यममा नपठाउनु हुन पनि अनुरोध गर्दछौँ। लेख पठाउँदा लेखकको तस्बिर, परिचय, सम्पर्क नम्बर अवश्य उल्लेख गर्नुहोला । लेखरचना एक हजार दुई शब्दसीमामा पठाउनु हुन पनि अपिल गर्दछौँ। हाम्रो इमेल ठेगाना होः madheshdristi@gmail.com

# अमेरिकी धार्मिक स्वतन्त्रता प्रतिवेदनको चर्चा

**फ्रेबुअरी २०२२ मा बेलायतको अनौपचारिक संसदीय समूहले नेपालमा धार्मिक स्वतन्त्रता खतरामा रहेको भन्दै त्यहाँ आपराधिक कानुनलाई राज्यले धार्मिक स्वतन्त्रतामाथि अंकुश लगाउन अत्यधिक प्रयोग वा दुष्प्रयोग गरेको पाइएको उल्लेख गरिएको छ। अमेरिकी सरकार र इयुका सदस्य राष्ट्रयहरु धार्मिक स्वतन्त्रताको सम्बन्धमा सरकारले देशको संविधान र सरकारको अन्तर्राष्ट्रिय जिम्मेवारी अनुकुल कानुन संशोधन होस् भन्ने चाहन्छन्। अमेरिकी सरकार धार्मिक अल्पसंख्यकको हितमा निरन्तर काम गर्न लागिपरेको छ।**



● विनोद कुमार गुप्ता

काण्डैकाण्डले भरिएको हाम्रो सुन्दर र शान्त देशमा अब एउटा नयाँ काण्ड थपिएको छ। संयुक्त राज्य अमेरिकाको अन्तर्राष्ट्रिय धार्मिक स्वतन्त्रता रिपोर्ट २०२२ ले नेपालका दक्षिणपन्थी ९ च्ष्नजत ध्ष्लन ० धार्मिक समूहसँग आवद्ध राजनीतिक नेताहरुलाई भारतको हिन्दूवादी संगठन भारतीय जनता पार्टीले हिन्दुराष्ट्र पुनःस्थापनाका लागि आवाज उठाइरहन निरन्तर धन उपलब्ध गराउदै आएको आरोप लागाएको छ। यस कार्यमा सबै दलका नेताहरु सम्मिलित भए पनि राष्ट्रिय प्रजातन्त्र पार्टीले क्रिश्चियन धर्मको विरोध गर्दै आफूलाइ लोकप्रिय बनाउन बढी सक्रिय रहेको उल्लेख छ।

यहाँ स्मरणीय के छ भने, २०४६ सालको संविधान निर्माण गर्दा मागका रुपमा सम्पूर्ण आन्दोलनका दौरान कहि कतैबाट उच्चारणसमेत नभएको माग वा नारालाई त्यसबेलाका प्रख्यात नेताद्वय स्व. कृष्णप्रसाद भट्टराई र गिरिजाप्रसाद कोइरालाले समेत 'हिन्दू राष्ट्र' भन्ने शब्द हटाएर धर्मनिरपेक्षता स्वीकार गर्नुपर्ने अवस्था आइपर्दा स्व. भट्टराई धर्मनिरपेक्ष धर्म नै राख्न नदिई घुमाउरो पारामा हिन्दूत्वलाई जोगाउन खोजे पनि २०७२ सालको संविधानमा धर्मनिरपेक्षता प्रष्टरुपमा उल्लेख गरिएको पाइन्छ।

प्रतिवेदनले झन अगाडिका घटनाको बेलीविस्तार लगाउदै भारतीय जनता दल र अन्य हिन्दूवादी संगठनहरुले सबै राजनीतिक दल र खासगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका नेताहरुलाई निरन्तर दबाब दिएर हिन्दूराज्य स्थापनाको माग उठाइ लोकप्रिय हुन क्रिश्चियन धर्मको विरोधमा वातावरण बनाउँदै गएको उल्लेख गरेको छ। नेपालका क्रिश्चियन धार्मिक नेताको हवाला दिँदै प्रतिवेदनमा क्रिश्चियनलगायत अन्य धर्मावलम्बीलाई एनजिओको स्वरुपमा सञ्चालन गर्न संस्था नवीकरण गर्दा अल्झाइने र खास गरेर मृत्युपर्यन्त गरिने कर्मको लागि विशेष गरी काठमाडौँ उपत्यकामा जग्गा उपलब्ध गर्न अत्यन्त कठिनाइ भोग्नु परिरहेको उल्लेख छ।

यस रिपोर्टले नै फ्रेबुअरी २०२२ मा बेलायतको अनौपचारिक संसदीय समूहले नेपालमा धार्मिक स्वतन्त्रता खतरामा रहेको भन्दै त्यहाँ आपराधिक कानुनलाई राज्यले धार्मिक स्वतन्त्रतामाथि अंकुश लगाउन अत्यधिक प्रयोग वा दुष्प्रयोग गरेको पाइएको उल्लेख गरिएको छ। अमेरिकी सरकार र इयुका सदस्य राष्ट्रयहरु धार्मिक स्वतन्त्रताको सम्बन्धमा सरकारले देशको संविधान र सरकारको अन्तर्राष्ट्रिय जिम्मेवारी अनुकुल कानुन संशोधन होस् भन्ने चाहन्छन्। अमेरिकी सरकार धार्मिक अल्पसंख्यकको हितमा निरन्तर काम गर्न लागिपरेको समेत जनाएको छ।

यसै रिपोर्टले तिब्बती शरणार्थीलाई दलाइ लामाको जन्मदिन भव्यरुपमा मनाउन नदिएको र उनीहरुको नव वर्ष ल्होसारलाई ठूलो भेला नगरी ससानो समूहमा मनाउन दिएको समेत उल्लेख छ।

यो त भयो अमेरिकी स्वतन्त्रतासम्बन्धी प्रतिवेदन २०२२ को कुरा। तर अब किन यस्तो प्रतिवेदन आयो भन्नेबारे एउटा गहन विषयमाथि छलफल हुन जरुरी छ र त्यो सत्यतथ्य सबैले थाहा पाउनसमेत जरुरी छ। नेपालमा शान्ति प्रक्रिया पूरा गर्न अन्मिन सक्रिय रहेको हामी सबैलाई थाहा नै छ र त्यसैगरी अमेरिका नेपालका तिब्बती शरणार्थीहरुमार्फत स्वतन्त्र तिब्बत आन्दोलन चलाएर चीनलाई टाउको दुखाइरहन चाहन्छ। यसैलाई निरन्तरता दिन अध्ययन गर्न नेपालमै बसेर केही दिन काम गर्न आएको अमेरिकी गुप्तचर अधिकारी जोने केनेथ न्याउसको एउटा पुस्तक प्रकाशित भएको छ। अर्फान्स अफ कोल्ड वार नामक पुस्तकमा उनले लोभ, व्यापार र आर्थिक अवस्थाको आधारमा नेपाली समाजलाई विभाजित गर्न नसकिने र यसका लागि जातीय एवम धार्मिक विभाजन आवश्यक रहेको प्रतिवेदन दिइएको उल्लेख गरेका छन्। यसपश्चात नै नेपालमा विस्तारै चर्चहरुको स्थापना एवम् विस्तार हुँदै गएर धर्मान्तरको कार्य सुरु भएको २०४७ को संविधान लागु भएपछि यसले क्रमशः तीब्रता लिँदै गएर सन २००७ मा यसले थाहा नपाइने किसिमले नेपाल प्रवेश गरेको हो।

सन २००७ मा पुनःस्थापित प्रतिनिधि सभामा विजय सुब्बालगायतका सांसदहरुले आइएलओ कन्भेन्सन १६९ पास गर्नु पर्ने प्रस्ताव राखेको र बहुमतबाट त्यो स्वीकृत भएको घोषणा तत्कालीन अक्ष्यक्ष सुभाष नेम्बाङबाट भएको थियो। यो कन्भेन्सन १६९ सन १९५७ मा पारित कन्भेन्सन १०७ को संशोधित स्वरुप हो। जसमा 'गभर्नमेन्ट मस्ट कन्सल्ट दि पिपुल कन्सर्ड, इस्टाब्लिस मिन्स बाइ ह्विच पिपुल क्यान फ्रिली पार्टिसिपेटेड एट अल लेभल्स अफ डिसिजन मेकिङ' भनेर घुमाउरो पारामा आत्मनिर्णयको अधिकारको प्रत्याभूत गराइएको छ।

यसको पछाडि नै जातीय आधारमा प्रदेश निर्माण गर्ने, दशैँ नमनाउनेलगायतका उन्मादी क्रियाकलाप सुरु भएका हुन्। यसैलाइ टेकेर क्रिश्चियन मात्रै होइन, मुस्लिम समुदायले समेत आफनो धर्म प्रचारप्रसारलाई तीब्रता दिएको र तिब्बतीलाई प्रयोग गरी चीनका लागि टाउको दुखाइ बनाउने अमेरिकी प्रयासजस्तै मुस्लिम समुदायलाई भारतविरुद्ध प्रयोग गर्ने सम्भावना बढ्दै गएकाले भाजपा सरकार समर्थित संस्थाहरुले यस्तो गरेको हुनसक्छ। तर आजको यक्षप्रश्न के छ भने जुन देशका प्रायः सबै ठूला नेता र गृहप्रसाशनसमेत भ्रष्टाचारको मुद्दामा पोलिएको छ, त्यस्तो देशले आफ्नो सुरक्षा संवेदनशीलताको नेपालले रक्षा गरिदेला भन्ने आधार पनि भेटिँदैन। त्यसैले भारत मात्रै होइन अमेरिका, इयु र चीन सबैले आआफनो गोटी चालिरहेका छन्, यसको फल एक न एक दिन त नेपाली जनताले भोग्नु नै पर्नेछ।

(गुप्ता, वीरगंज कलेजका क्याम्पस प्रमुख हुन्)

# ललिता निवास प्रकरणका दोषी नउम्कुन्

सांसदहरूले बालुवाटारस्थित ललिता निवास जग्गा प्रकरणका दोषीलाई कानुनी दायरामा ल्याउन माग गरेका छन्। प्रतिनिधिसभाको बुधबारको बैठकको शून्य समयमा बोल्दै उनीहरूले ललिता निवास जग्गा प्रकरणका मुख्य दोषीलाई पनि कारबाही गर्न सरकारसंग माग गरे। सांसद राजेन्द्रकुमार केसीले ढिलै भए पनि सरकारले ललित निवास जग्गा प्रकणको फाइल खोलेकामा धन्यवाद दिँदै जग्गा प्रकरणका मुख्य दोषी नउम्किने गरी कानुनी प्रक्रिया अगाडि बढाउन माग गरे। उनले भने, 'ललिता निवास जग्गा प्रकरणमा साना माछा समातिँदैछन् त्यसमा संलग्न ठूला माछाहरू समातिन्छन् कि समातिँदैनन् चिन्ता थपिएको छ, त्यसप्रति गम्भीर हुन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराउँछु।'

सांसद रामहरि खतिवडाले 'ललिता निवासमा साना माछा ढोक्सामा पर्ने कुरा आएको छ, ठूला माछा पनि ढोक्सामा परून्' भन्दै सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए। सांसद भानुभक्त जोशीले सङ्घीय शिक्षा ऐनमा रहेको व्यवस्थाबमोजिम आन्दोलनरत शिक्षकको समस्या सम्बोधन गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए। सांसद मनबहादुर गुरुङले केही दिनअघि परेको अविरल वर्षाका कारण पोखरा वडा २६ स्थित रिट्ठेपानी डाडाँको पश्चिम दक्षिणतर्फबाट पहिराले स्थानीयवासी नरबहादुर, अनिता र दिलबहादु भण्डारीको घर उच्च जोखिममा परेको, घरसँगै जोडिएको धनसार भत्किएको, दुई गाईको बाच्छीको मृत्यु भएको र सयौँ रोपनीमा सिचाइँको पक्की कुलोसमेत बगाएकाले पीडितहरूको उचित व्यवस्थापन र क्षतिपूर्तिको माग गरे।

सांसद महेशकुमार बर्तौलाले देशभरका तीन सय १३ भन्दा बढी पालिकामा स्वास्थ्य मन्त्रालयमार्फत काज र समायोजनमा खटिएका कर्मचारीले १३ महिनादेखि तलब नपाएको जनाउँदै दुई हजारभन्दा बढी कर्मचारीको अविलम्ब तलब पाउने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराए। सांसद रेखा यादवले माइतीघरमण्डलामा धर्नारत सामुदायिक विद्यालयका कर्मचारीको समस्या अबिलम्ब सम्बोधन गर्न सरकारसंग माग गरिन्। सांसद महेश बस्नेतले कानुन विपरीत नक्सापास नगरी भवन बनाउने प्रवृत्ति बढेको जनाउँदै यसलाई नियन्त्रण गर्न माग गरे। सांसद माधव सापकोटाले विनियोजन विधेयकको प्रक्रिया सम्पन्न भएलगत्तै सरकारले बेपत्ता पारिएका व्यक्तिहरूको छानबिन, सत्य निरुपण तथा मेलमिलाप योगको विधेयक टेबुल गरिसकेको भन्दै अर्को अधिवेशन नकुरीकन यो संवेदनशील विषयलाई टुङ्गो लगाउन सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए।



साथै, सङ्घीय निजामती कर्मचारी सेवा ऐन, सङ्घीय शिक्षक ऐन, सङ्घीय प्रहरी समायोजन ऐनलगायत महत्वपूर्ण विधेयक चालु अधिवेशनबाट सम्पन्न गरी सङ्घीयताको प्रभावकारी कार्यान्वयनको सन्देश दिनेगरी काम गर्न माग गरे। सांसद मानवीर राईले सोलुखुम्बुको सल्लेरीमा किराँती समुदायले चन्दा उठाएर ११ रोपनी जग्गा खरिद गरी किरात सङ्ग्रहालयका लागि क्रमगत योजना र बजेट परेको तर, यो वर्ष बजेट कटौती गरिएको जनाउँदै बजेट व्यवस्था गर्न आग्रह गरे। साथै, सल्लेरीबाट खुम्बुसम्म जाने दमार्ग जाने पदमार्गका लागि बजेट विनियोजन गर्न पनि उहाँले माग गरे। सांसद मेनुका कुमारी पोखरेलले बर्खा लागेसँगै किसान खेतीपातीको चटारोमा रहेको र मलखाद नपाएर उनीहरू भौँतारिरहेको जनाउँदै उनीहरूलाई पर्याप्त मलखादको व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराइन्। सांसद मैना कार्कीले संविधानमा मौलिक हकका रूपमा व्यवस्था भएको नागरिकले आफ्नै जिल्लामा विशेषज्ञ चिकित्सककाट कहिले स्वास्थ्य सेवा पाउँछन् भनी सरकारसँग प्रश्न गरिन्। सांसद मङ्गलप्रसाद गुप्ताले सङ्घीय निजामती कर्मचारी ऐन नहुँदा सङ्घीयताको कार्यान्वयनमा असर परेको, कर्मचारी व्यवस्थापन नहुँदा सुशासन खस्केको र भ्रष्टाचार र अनियमितता बढेको भन्दै तत्काल उक्त ऐन बनाएर लागू गर्न माग गरे।

सांसद रघुजी पन्तले अहिले दैनिकजसो पटक-पटक बिजुली जाने गरेको जनाउँदै उत्पादित विद्युत्को खपत र बिक्री वितरणमा सम्बन्धित निकायको ध्यानाकर्षण गराए।

सांसद रेणकुमारी बलम्पाकी मगरले त्रिपुरेश्वरस्थित विश्व निकेतन स्कुल नजिकै राहदानी विभाग परिसरमार सयौँले खैनी चुरोट खाएर पानीका बोतल जथाभावी फालेको र यसले विद्यालय शान्ति क्षेत्रको अवधारणाको खिल्ली उडाएको जनाउँदै कि त विभागभित्रै लाइन लगाउने या त अनलाइनमार्फत घरघरमा राहदानी पुऱ्याउने व्यवस्था मिलाउनुपर्छ भनिन्। सांसद रणेन्द्र बराइलीले गायक प्रकाश सपुतलाई गतहप्ता रोमानिमा आयोजित कार्यक्रमकैबीच बोतल प्रहारी गरी घाइते बनाइनु गम्भीर विषय रहेको भन्दै यस्ता गतिविधिमा संलग्न अपराधीलाई सम्बन्धित मुलुकमा कूटनीतिक पहलमार्फत कानुनी कारबाही गर्न सरकारसमक्ष माग गरे। सांसद रमा कोइराला पौडेलले विसं २०७० मा वैदेशिक रोजगारीका लागि मलेसिया गएका जुम्ला हिमा गाउँपालिकाका यामलाल परियारको मलेसियामा निधन भएको जनाउँदै उनको शवसँगै बीमालगायत सम्पूर्ण सुविधासहित स्वदेश ल्याउन पहल गरिदिन आग्रह गरिन्। सांसद रञ्जुकुमारी झाले मनसुनको सुरुआतमै देशले पूर्वका जिल्लामा ठूलो जनधनको क्षति भएको, मनसुनबाट हुनसक्ने क्षतिको पूर्वतयारीको अवस्थाबारे सदनलाई जानकारी गराउन सरकारको ध्यानाकर्षण गराइन्। सांसद राजेन्द्रकुमार राईले चार वर्षदेखि धनकुटाको पाख्रिबास मुगा-भोजपुर सडकखण्ड सुरु भएको र यो पटक बजेट कटौती भएको भन्दै तत्काल रूपमा बजेट व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए।

सांसद रामकृष्ण यादवले वर्षौंदेखि ठूलो समस्या रहेको नागरिकताको समस्या समाधान भएकामा सरकारलाई धन्यवाद दिए। धनुषालगायत तराईका जिल्लामा खाद्यान्नको मुख्य क्षेत्र भएकाले आवश्यक सिचाइँको व्यवस्था मिलाउन माग गरे। सांसद रोशन कार्कीले महिलाहरू दाइजो प्रथाको निहुँमा कहिलेसम्म मर्ने, शारीरिक र मानसिक यातना खेप्ने भनी प्रश्न गर्दै तत्कालै गृहमन्त्रालयमा सहायता कक्ष खडा गरी दोषीमाथि कानुनी कारबाहीको व्यवस्था गर्न सभामुखमार्फत सरकारको ध्यानाकर्षण गराए। सांसद लीलानाथ श्रेष्ठले खेतीबालीको समयमा मलखादको व्यवस्था मिलाउन र सनसुन चलिरहेकाले सम्भावित विपद्जन्य जोखिम नियन्त्रणका लागि सबै संयन्त्रलाई तयारी राख्न सरकारको ध्यानाकर्षण गराए। सांसद लेखनाथ दाहालले जमिनको वैज्ञानिक वर्गीकरणका लागि भूउपयोग नीति बन्यो कि बनेन, कित्ताकाट किनबेच प्रक्रियामा अनियमितता भएको भनी सञ्चारमाध्यममा आएको भन्दै सम्बन्धित मन्त्रालयले छानबिन गरी घटनामा दोषीलाई कारबाही गर्न माग गरे।

सांसद मञ्जु अन्सारीले नागरिकता पाउन वञ्चित नागरिकलाई सहज रूपमा नागरिकता पाउने व्यवस्था मिलाउन सरकारको ध्यानाकर्षण गराइन्। सांसदहरू रामशङ्कर यादव, रामप्रकाश चौधरी, रुक्मणी राणा बराईलगायतले समसामयिक विषयमा धारणा राखे।

**१४३ रोपनी जग्गा नामसारी गरियो**

बालुवाटारस्थित ललिता निवासको १ सय ४३ रोपनी जग्गा विभिन्न चरणमा व्यक्तिका नाममा नामसारी गरेको पाइएको छ। प्रहरी केन्द्रीय अनुसन्धान ब्यूरो (सिआइबी)ले पत्रकार सम्मेलन गरी सो प्रकरणमा मङ्गलबार पक्राउ परेका चार जनालाई सार्वजनिक गर्दै यस्तो जानकारी दिएको हो।

सिआइबीले हिजो प्रकरणमा संलग्न भएको आरोपमा सात जनालाई पक्राउ गरेको थियो। यद्यपि तीन जनाले यसअघि नै अदालतबाट 'स्टे अर्डर' लिएको हुनाले प्रहरीले कागज गराएर छाडेको थियो। जसमा सुरेन्द्रमान कपाली, कलाधर देउजा र हुपेन्द्रमणि केसी छन्। बुधबार सार्वजनिक हुनेमा काठमाडौँ महानगरपालिका-६ का ६९ वर्षीय मीनबहादुर गुरुङ, काठमाडौँ महानगरपालिका-७ रातोपुलका ८० वर्षीय धर्मप्रसाद गौतम, चन्द्रागिरि नगरपालिका-३ का ६० वर्षीय गोपाल कार्की र काठमाडौँ महानगरपालिका-४ का ६८ वर्षीय सुधीर शाह छन्।

ब्यूरोका प्रहरी वरिष्ठ उपरीक्षक दिनेश आचार्यले जग्गा प्राप्ति ऐन, २०१८ बमोजिम तत्कालीन श्री ५ को सरकारले मुआब्जा दिई अधिग्रहण गरी नेपाल सरकार, समरजङ्ग कम्पनीका नाममा दर्ता रहेको ललिता निवासको जग्गा हिनामिना गरेको, सरकारी छाप दस्तखत कीर्ते मुद्दाको अनुसन्धानका क्रममा उनीहरूलाई पक्राउ गरिएको जानकारी दिए। 'राणा परिवारलाई जग्गा फिर्ता गरेको नाममा, नक्कली मोही खडा गरेर, गुठी खडा गरेर जग्गा हिनामिना गरेको पाइएको छ,' उनले भने, 'सरकारी जग्गामा मोही, गुठी कोही हुँदैन।'

ब्यूरोका प्रमुख प्रहरी अतिरिक्त महानिरीक्षक किरण बज्राचार्यले लामो समयदेखि अनुसन्धान गरिरहेको ललिता निवास जग्गा प्रकरणको अनुसन्धानलाई निष्कर्षमा पुऱ्याउने गरी काम गरिरहेको बताइन्। सरकारी वकिल कार्यालयबाट फाइल फिर्ता आइसकेपछि अनुसन्धानमा ब्यूरोले ठूलो मेहनत गरेको उनको भनाइ छ।

# भारतसँग मध्यकालीन विद्युत् सम्झौता मनसुनदेखि बङ्गलादेश पनि पठाउने योजना

**बीबीसी ।**

मनसुनको आगमनसँगै विद्युत् उत्पादन बढेपछि नेपालले भारतमा विद्युत् निर्यात सुरु गरेको छ। हाल दैनिक आवश्यकता अनुसार चौबीस घण्टाको अवधिमा ३०० देखि ३५० मेगावाट हाराहारीमा बिजुली भारत पठाउने गरिएको अधिकारीहरूले बताएका छन् । नेपालका धेरैजसो जलविद्युत् आयोजना नदीको जलप्रवाहमा आधारित रहेकाले वर्षा सुरु भएसँगै बिजुली निर्यात हुन थालेको हो । माग, समय र अनुकूलताअनुसार विद्युत् निर्यात गर्ने र त्यसलाई नेपालको उत्पादन क्षमताले निर्धारण गर्ने नेपाल विद्युत् प्राधिकरणका प्रवक्ता सुरेशबहादुर भट्टराईले बताए ।

नेपालले भारतलाई ४५२ मेगावाटसम्म विद्युत् निर्यात गर्न पाउने व्यवस्था छ। त्यसका लागि देशभरका १० वटा जलविद्युत आयोजनालाई अनुमति दिइएको छ। 'अहिले हाम्रो देशभरिको उत्पादन कति छ भन्ने कुरा महत्वपूर्ण हो । हाल बाढी/पहिरोका कारण कतिपय विद्युत् उत्पादन गृह प्रभावित छन् । केही बिग्रिएका छन्, केहीले उत्पादन बढाएका/घटाएका छन् । त्यसैले हरेक विद्युत् उत्पादन गृहको क्षमता तथा तथ्याङ्क विश्लेषण गरेर आयात वा निर्यात गर्छौं,' उनले भने ।



**आम्दानी कति ?**

प्रवक्ता भट्टराई भारतले नेपालसँग बिजुली खरिद गर्दा प्रतियुनिट ७ देखि ७.५ भारतीय रुपैयाँसम्म तिरिरहेको दाबी गर्छन् । 'हामीले प्रति युनिट ११ नेपाली रुपैयाँसम्म लिन्छौं । विद्युत् कुन समयमा पठाएका छौं भन्ने कुराले शुल्क निर्धारण गर्छ,' उनले भने । गत वर्ष मनसुनमा नेपालले भारतमा विद्युत् निर्यात गरेर २८ दिनमा १ अर्ब ७२ करोड २९ लाख रुपैयाँभन्दा बढी आम्दानी गरेको थियो । सो अवधिमा १७८.१९१ मिलियन युनिट बिजुली निर्यात गरेको नेपाल विद्युत् प्राधिकरणको तथ्याङ्क छ। बिजुलीको उक्त मात्रा औसतमा ९.६७ रुपैयाँ प्रति युनिटमा विक्री गरिएको अधिकारीहरूले बीबीसीलाई बताएका थिए। यसपालि प्रवक्ताले दाबी गरेको रकम तुलनात्मकरूपमा बढी छ। यद्यपि नेपालमा उत्पादन बढे पनि भारतबाट बिजुली आयात गर्ने क्रम रोकिएको छैन ।

**रोकिएको छैन आयात**

अत्यावश्यक अवस्थामा भारतसँग बिजुली खरिद गरिरहेको भट्टराईले बताए। उनले उपभोक्ताको माग अनुरूप दैनिक आधा घण्टादेखि पाँच घण्टासम्म भारतीय विद्युत्‌को भर पर्नुपर्ने जिकिर गरे । 'जस्तै सुदूरपश्चिमका लागि हामीले भारतसँग बिजुली लिनैपर्छ। त्यहाँ हाम्रो प्रसारण प्रणाली नभएका कारण आफ्नो उत्पादन पठाउन सक्दैनौं । यही समस्याका कारण खरिद गर्नैपर्ने अवस्था छ,' उनले उदाहरण दिए । खरिद र विक्री प्रक्रियामा तुलनात्मक रूपमा नेपाललाई सस्तो पर्ने अधिकारीको दाबी छ। 'हामीले जति शुल्कमा विक्री गरेका छौं खरिद गर्दा त्यति तिर्नुपर्दैन। किनकि हामी प्रायः दिउँसोका लागि लिन्छौं । त्यो समय चाप नहुने समय हो,' भट्टराईले भने । यद्यपि नेपालले प्रति युनिट कति रकम तिर्छ भन्ने चाहिँ उनले खुलाएनन् ।

**बाढीको प्रभाव**

स्वतन्त्र ऊर्जा उत्पादकहरूको संस्था नेपाल (इप्पान) का उपाध्यक्ष मोहनकुमार डाँगीका अनुसार असार १ र २ गते आएको बाढीका कारण झन्डै १०० मेगावाट क्षमता भएका आयोजनाहरू बन्द भएका छन् । कुल १८ वटा आयोजनामध्ये सञ्चालनमा रहेका ११ वटाको उत्पादन ठप्प रहेको उनले बताए । उनले भने, 'एक सातादेखि ३०० भन्दा बढी मेगावाट बिजुली भारत पठाइरहेका त छौं । तर प्राकृतिक प्रकोपका कारण उत्पादनमा ह्रास आएको कुरामा पनि ध्यान पुऱ्याउनुपर्छ ।' यस वर्ष विद्युत् विक्रीको सन्दर्भमा राज्यले गरेको पहल भने स्वागतयोग्य रहेको इप्पानको ठहर छ। नेपाल विद्युत प्राधिकरणले प्राकृतिक प्रकोपका कारण देशको पूर्वी क्षेत्रमा मात्र करिब ८० मेगावाट बराबर विद्युत उत्पादन ठप्प भएको जनाएको छ।

**विद्युत् खेर नजाने आशा**

नेपालमा जलविद्युत्को जडित क्षमता झन्डै २,६६० मेगावाट रहेको र वर्षायाममा पूर्ण क्षमतामा उत्पादन हुनसक्ने बताइन्छ। तर अधिकांश आयोजना नदीको बहावमा आधारित रहेकाले सुक्खायाममा उत्पादन उल्लेख्य रूपमा घट्ने गर्छ। यस वर्ष असार मसान्तसम्ममा ३,००० मेगावाट विद्युत् उत्पादन हुने इप्पानको प्रक्षेपण छ। प्राधिकरणले भने यस सामग्री तयार गर्दा (मङ्गलवार)सम्म २,८०० मेगावाट हाराहारीमा विद्युत उत्पादन भइरहेको जनाएको छ। 'सरकारले सोही प्रक्षेपण अनुरूप यस वर्ष ८०० देखि १,२०० मेगावाट विद्युत् निर्यात गर्न सकिने भन्ने आकलन गरेको छ,' डाँगीले भने। त्यस्तै प्रधानमन्त्री पुष्पकमल दाहालको भ्रमणका क्रममा भारतले १० वर्षमा नेपालबाट १०,००० मेगावाटसम्म विद्युत् आपूर्ति गर्ने समझदारी गर्नुले सकारात्मक सङ्केत गरेको उनको भनाइ छ।

'त्यसअघि पनि सचिव स्तरीय वा महानिर्देशकको तर्फबाट विद्युत् उत्पादन प्रेरित गर्ने निर्णयहरू भएका छन्। राज्यको पहल चित्तबुझ्दो छ। भनाइ अनुसार गराइ भए त्यसलाई सकारात्मक रूपमा लिन सकिन्छ,' उनले भने। गत फेब्रुअरीमा नेपाल र भारतका ऊर्जा सहसचिव स्तरीय संयुक्त कार्यदलको बैठकले १३२ केभी तथा सोभन्दा कम क्षमताको विद्यमान प्रसारणलाइनबाट वर्षायाममा नेपालबाट भारतको बिहार राज्यमा विद्युत् निर्यात गर्न आवश्यक संयन्त्र बनाउने सहमति गरेको थियो। उक्त निर्णय लागु भएको खण्डमा यस वर्ष नेपालमा उत्पादन हुने बिजुली खेर नजाने आशासमेत गरिएको छ।

**हरियाणामा २०० मेगावाट निर्यातको सम्झौता**

त्यसका अतिरिक्त गत मे २३ मा एनटीपीसी विद्युत् व्यापार निगम र नेपाल विद्युत् प्राधिकरणबीच भारतको हरियाणामा उपभोग हुनेगरी विद्युत् खरिद तथा विक्रीको सहमति भएको छ। प्राधिकरणले पाँच वटा आयोजनाबाट २०० मेगावाट विद्युत् विक्री गर्ने गरी मध्यकालीन विद्युत् खरिद विक्री सम्झौता भएको हो। त्यहाँको हरियाणा पावर पर्चेज सेन्टरले खरिद गर्ने गरी पाँच वर्षका लागि सम्झौता भएको विद्युत् व्यापार विभागका निर्देशक प्रबल अधिकारीले जानकारी दिए। 'नेपाल-भारत विद्युत् व्यापारको इतिहासमा पहिलो पटक मध्यकालीन सम्झौता भएको हो। यो प्रस्ताव कुनकुन आयोजनाबाट पूर्ति गर्ने भन्नेबारे योजना पेस भएको छ। रुभारतबाट स्वीकृति प्राप्त हुने बित्तिकै नियमानुसार प्रसारण शुल्क तिरेर निर्यात गर्छौं,' उनले भने।

यद्यपि यस्ता सम्झौताहरू अन्योलमा नै रहने र नेपालमा खपत नबढ्ने हो भने विद्युत् पुनः खेर जाने डाँगीको भनाइ छ। नेपालको विद्युत्को सबैभन्दा उच्च माग १,७०० देखि १,८०० मेगावाट बीचमा हुने गरेको प्राधिकरणका अधिकारीहरू बताउँछन्। सामान्य अवस्थामा उच्च माग हुने दिउँसोको समयमा पनि १,४०० देखि १,५०० मेगावाटबीच विद्युत् खपत हुने गरेको पाइन्छ।

**बाङ्गलादेशमा बिजुली निर्यातको तयारी तीव्र**

नेपालले बाङ्ग्लादेशमा पनि विद्युत् व्यापार सुरु गर्ने सचिव स्तरीय सैद्धान्तिक सहमति यसअघि नै भएको थियो। नेपाल र बाङ्ग्लादेशबीच सिधा प्रसारण लाइन बनाउन नसकिने हुँदा निर्यातका निम्ति भारतीय भूमिमा भएका संरचना प्रयोग गर्नुपर्ने हुन्छ। त्यसैले भारतको एनटीपीसी विद्युत् व्यापार निगम, नेपाल विद्युत् प्राधिकरण र बाङ्ग्लादेशको पावर डिभलपमेन्ट बोर्डबीच त्रिपक्षीय विद्युत् विक्री तथा खरिद सम्झौता गर्ने सहमति भएको हो। 'सोही अनुरूप नेपाल र भारतले सम्झौताको मस्यौदा बनाएर बाङ्ग्लादेशलाई पठाएको थियो। उताबाट पनि प्रारम्भिक प्रतिक्रिया र सुझाव प्राप्त भइसकेको अवस्था छ,' प्राधिकरण अन्तर्गत विद्युत् व्यापार विभागका निर्देशक प्रबल अधिकारीले जानकारी दिए।

हाल मस्यौदालाई अन्तिम रूप दिन नेपालले बाङ्ग्लादेशसँग संवाद गरिरहेको र यस विषयमा निष्कर्षमा पुग्न करिब दुई साता लाग्ने अधिकारीको भनाइ छ। उक्त मस्यौदामा विद्युत् खरिद् विक्री सम्झौतामा हुनुपर्ने सबै किसिमका प्राविधिक तथा व्यावसायिक प्रावधानहरू समेटिएको उनले बताए। 'तीन पक्षबीच सहमति जुट्ने अन्तिम चरणमा छौं। त्यस लगत्तै कति दरमा किनबेच गर्ने भन्नेबारे शुल्क निर्धारण हुन्छ। सम्भवतः यही मनसुनदेखि हामीले बाङ्ग्लादेशलाई पनि बिजुली पठाउँछौं,' उनले भने।

**कति निर्यात हुन्छ ?**

योजनाअनुसार नेपालको बिजुली भारतको प्रसारण लाइन हुँदै बाङ्ग्लादेशको भेरामारा भन्ने ठाउँमा रहेको स्टेसनमा पठाइनेछ। एचबीडीसी प्रणालीको उक्त स्टेसनमा ५००/५०० मेगावाटका दुई वटा ब्लकहरू रहेको अधिकारीहरूले बताएका छन्। जबकि भारतको प्रसारण लाइनले भारत र बाङ्ग्लादेशबीच ४०० किलोभोल्टको करिब २,३०० देखि २,४०० मेगावाट विद्युत् प्रसारण गर्न सक्ने बताइन्छ। तर, भेरामाराको सीमितताका कारण तत्काल नेपालबाट ४० देखि ५० मेगावाटभन्दा बढी विद्युत् पठाउन सकिदैन। 'बाङ्ग्लादेश र भारतको बीचमा भएको प्रसारण लाइनको क्षमता कम छ। त्यसैले भारतीय निकायहरूको सहमतिमा ४० मेगावाट निर्यात गर्ने सहमति भएको छ,' निर्देशक अधिकारीले भने।

यस योजनालाई छिटो कार्यान्वयनमा ल्याउनका लागि अहिले नेपालले नयाँ जलविद्युत आयोजनाहरूको क्षमता वा उपयुक्तता जाँच गराउनुको साटो नेपाललाई यसअघि नै अनुमति प्राप्त आयोजनाहरूको विद्युत् पठाउँदै छ। 'भारतले अनुमति दिएकै आयोजनाहरू मध्येबाट ४० मेगावाट हुनेगरी आयोजना छान्छौं। भारतले अन्तर्देशीय विद्युत् व्यापारको लागि तोकेको प्रावधान अन्तर्गत पनि रहन्छौं र समय बचत हुन्छ,' उनले भने।

**पूर्वाधार अभाव कायमै**

पछिल्ला वर्षहरूमा नेपालमा जलविद्युतरु आयोजना वा ती आयोजनाका उत्पादनभन्दा पनि प्रसारणलाइनसँग जोडिएका समस्याहरू टड्कारो देखिन थालेका छन्। मुआब्जा र वनसम्बन्धी विषयहरूबाहेक राजनीतिक समस्याका कारण पनि यस्ता कतिपय पूर्वाधारको निर्माणमा निकै ढिलाइ हुने गरेको बताइन्छ।

ऊर्जा मन्त्रालयका प्रवक्ता मधुप्रसाद भेटुवालका अनुसार हालको समस्या सम्बोधन हुन नसके पनि आगामी वर्षहरूमा विद्युत् वितरण केही सहज हुने गरी तयारी भइरहेको छ। 'प्रसारणलाइन बनिरहेका छन्। जुन मात्रामा हामीले निर्यात गर्न खोज्दै छौं त्यसका लागि आगामी दिनमा सहज हुने गरी तयारी भइरहेको छ र हामी योजनाहरू कार्यान्वयनको दिशातर्फ अगाडि बढेका छौं,' उनले भने।

प्रसारण प्रणालीहरू थप्न गर्नेगरी काम भइरहेको उनले बताए। 'ठाउँठाउँको खण्डमा स्थानीय अवरोधहरू छन्। केही अदालतमा मुद्दा परेर ढिला भएका छन्। यसमा सबै सम्बन्धित निकायको सहकार्य आवश्यक छ।'

# 'टिस्यु कल्चर' प्रविधिबाट केराको बिरुवा उत्पादन



**रासस**
**झापा ।**

जिल्लामा टिस्यु कल्चर प्रविधिबाट केराका बिरुवा उत्पादन गर्न थालिएको छ। योसँगै भारत र वीरगंजबाट बिरुवा ल्याउनुपर्ने झन्झटबाट यहाँका किसान मुक्त भएका छन् । गौरादह नगरपालिका-२ र अर्जुनधारा नगरपालिका-३ मा टिस्यु कल्चर प्रविधिबाट जी-नाइन, विलियम हाइब्रेड र मालबोक जातका केराको बिरुवा उत्पादन गर्न थालिएको हो । जिल्लामा उत्पादित केराका बिरुवा यहाँको वातावरणमैत्री रहेकाले केरा कृषकका लागि उपयुक्त भएको कृषि ज्ञान केन्द्र झापाका सूचना अधिकृत गणेश शिवाकोटीले बताए। उनका अनुसार सरकारले कृषि ज्ञान केन्द्र र स्थानीय तहमार्फत प्रदेश नं-१ लाई केरा खेतीमा आत्मनिर्भर बनाउन ब्लक र पकेट क्षेत्र सञ्चालन गरेको छ।

केरा खेतीमा आत्मनिर्भर बनाउन थालिएको अभियानमा सहयोग पुऱ्याउने उद्देश्यले गौरादह नगरपालिकामा टिस्यु कल्चर प्रविधिबाट बिरुवा उत्पादन थालिएको बिरुवा उत्पादक संस्था फाइकस बायोटेक प्रालिका सञ्चालक दुर्लभ कार्कीले बताए। हालसम्म सरकारबाट कुनै सहयोग नलिएको उनले बताए। संस्थाले काठमाडौंको बूढानीलकण्ड नगरपालिका-२ र गौरादहमा उक्त प्रविधिको प्रयोग गरी केराका बिरुवा उत्पादन गरिरहेको उनले जानकारी दिए।सञ्चालक कार्कीले विसं २०७२ मा बूढानीलकण्ठमा ल्याब सुरु गरेको बताउँदै झापामा विसं २०७६ देखि सुरु गरेको बताए। उनले तत्कालीन राष्ट्रिय आलु विकास कार्यक्रमको ५० प्रतिशत र संस्थाको ५० प्रतिशत लगानी ल्याब सञ्चालनमा ल्याएको जानकारी दिए। उनका अनुसार ल्याबका लागि दुई करोड रुपैयाँ लगानी गरिएको छ।

'ल्याबबाट वार्षिक ८० हजार केराको बिरुवा र एक लाख आलुको बिरुवा उत्पादन हुने गरेको छ', सञ्चालक कार्कीले भने 'टिस्यु कल्चर प्रविधिबाट बिरुवा उत्पादन गर्दा एकै पटक सामूहिक उत्पादन गर्न सकिने र कीटाणुरहित बिरुवा उत्पादन हुन्छ।' यस प्रविधिबाट उत्पादन गरिने बिरुवाको कोषलाई हुर्काउन ल्याबमै ३५ दिनसम्म राख्नुपर्ने उनले बताए। वातावरण सुहाउँदो बायोटेक नर्सरीमा ल्याबबाट निकालेर झन्डै दुई महिनासम्म बिरुवा हुर्काएपछि मात्र रोप्न योग्य हुने उनको भनाइ छ। कार्कीले भने 'झन्झटिलो भए पनि यस्तो बिरुवाबाट उत्पादन गरिएको केराको बोटमा फल राम्रो लाग्छ र किसानले राम्रो आम्दानी गर्न सक्छन्। भारतबाट सस्तो मूल्यमा आयातीत बिरुवाका कारण कहिलेकाहीं बजारीकरणमा समस्या छ।' उनका अनुसार ल्याबमा हाल १० जना स्थानीयले रोजगारी पाएका छन्। यहाँ उत्पादित केराको बिरुवा जिल्लामै खपत हुँदै आएको कार्कीले बताए। भारतबाट आउने सस्तो मूल्यको बिरुवाका कारण कहिलेकाहीं विक्रीमा भने समस्या हुने गरेको छ। नर्सरीबाट जी नाइन, विलियम हाइब्रेड जातको बिरुवा प्रतिगोटा ३५ रुपैयाँ र मालबोक केराको बिरुवा प्रतिगोटा ६५ रुपैयाँले बिक्री गर्दै आएको कार्कीले जानकारी दिए। किसानले चैतदेखि भदौसम्म बिरुवा रोप्ने गरेका छन्।

# गण्डकी प्रदेशसभा : बजेटमाथि मन्त्रालयगत छलफल

**रासस**
**गण्डकी ।**

गण्डकी प्रदेशसभामा आगामी आर्थिक वर्ष २०८०/८१ का लागि विनियोजित बजेटको मन्त्रालयगत छलफल जारी छ। बुधबार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालय, आर्थिक मामिला मन्त्रालय, प्रदेशसभा सचिवालय, प्रदेश लोकसेवा आयोगलगायत प्रतिष्ठान र निकायसँग सम्बन्धित शीर्षकहरूमा छलफल भयो। यही असार ८ गते प्रदेशसभा समक्ष प्रस्तुत भएको विनियोजन विधेयक-२०८० माथि मङ्गलबारदेखि छलफल सुरु भएको थियो। मङ्गलबारको प्रदेशसभा बैठकमा उद्योग, पर्यटन, वन तथा वातारण मन्त्रालय र ऊर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका विभिन्न शीर्षकमाथि छलफल गरिएको थियो। मन्त्रालयगत छलफलका क्रममा प्रदेशसभा सदस्यहरूले बजेटबारे पक्ष र विपक्षमा आ-आफ्ना धारणा राखि रहेका छन्। बुधबारको छलफलमा भाग लिँदै प्रदेशसभा सदस्य हरिबहादुर चुमानले बजेट वितरणमुखी नभई परिणाममुखी रहेको बताए। उनले भौतिक, ऊर्जालगायत मन्त्रालयले टुक्रे योजना कटौती गर्नुलाई सकारात्मक रूपमा लिनुपर्ने उल्लेख गरे। प्रदेशसभा सदस्य बिन्दुकुमार थापाले प्रदेश सरकारले जनमुखी बजेट ल्याएको धारणा राखे। उनले पोखराका तालमा हुने दुर्घटना न्यूनीकरणका लागि अस्थायी सुरक्षा पोष्ट स्थापना, कारागार सुधार र व्यवस्थापन लगायतका क्षेत्रमा बजेट विनियोजन गरिएकामा सन्तोष व्यक्त गरे।

आन्तरिक आय वृद्धिका लागि आर्थिक मामिला मन्त्रालयले ल्याएको योजना कार्यान्वयन हुनुपर्नेमा उनको जोड थियो। प्रदेशसभा सदस्य रोशनबहादुर गाहा थापाले शक्ति र पहुँचका आधारमा बजेट बाँडफाँट गरिएको आरोप लगाए। प्रदेशसभा सदस्य बिन्दु पौडेल, भक्तबहादुर कुँवरलगायतले छलफलमा भाग लिएका थिए।

# गुणस्तरहीन सडक ढलानमा स्थानीयद्वारा रोक

**मधेशदृष्टि**
**जनकपुरधाम ।**



असार मसान्त आएपछि वर्षभरि नभएको काम एक हप्तामा सम्पन्न हुन्छ, एक महिनाको काम एक हप्तामा सकाइन्छ, त्यसको गुणस्तरीयता कति हुन,छ अनुमान लगाउन सकिन्छ। धनुषाको लक्ष्मीनियाँ गाउँपालिकामा मापदण्ड पालनै नगरी सडक ढलान गरेपछि स्थानीय वासिन्दाले काममा रोक लगाएका छन्।

गाउँपालिका कार्यालय अगाडिको सडक ढलान गर्दा ग्राभेल नओच्छ्याई माटोमाथि नै ढलान गरेको र अत्यधिक माटो मिसिएको गिटी प्रयोग गरेको देखेपछि स्थानीय वासिन्दाले काममा रोक लगाएका छन् ।सोमबार मापदण्ड अनुसार ढलान नगरेपछि विरोध गरेका स्थानीयले मंगलबार पनि त्यस्तै काम गरेपछि ठेकेदारको काममा रोक लगाएका हुन्। धनुषाधामको रामेश्वर निर्माण सेवाले गरेको काम कमसल भएको स्थानीय गणेश साहले बताए। उनका अनुसार गुणस्तरहिन काम नगर्नका लागि आग्रह गरेपनि माटोमै ढलान गर्ने काम जारी राखेपछि रोक लगाउनु परेको छ। सडक डिभिजन कार्यालय जनकपुरको करिब एक करोड रुपैयाँ बजेटबाट यो सडक ढलान भइरहेको छ। सडक डिभिजन कार्यालय धनुषाका इन्जिनियर दुर्गा प्रसादका अनुसार ढलान गर्दा भुइँमा १५ सेन्टिमिटर ग्राभेल, त्यसमाथि १२ एमएमको छड ओछ्याएर गुणस्तरीय सफा गिट्टी, बालुवा र सिमेन्टको मसालाले २० सेन्टिमिटर बाक्लो ढलान गर्नुपर्नेछ। ढलान सडकको चौडाइ साढे पाँच मिटरसम्मको हुनुपर्नेछ। तर निर्माणस्थलमा भने यो कुनै मापदण्डको पालना गरिएको छैन। स्थानीयले काम रोकेपछि सडक डिभिजनले तत्काल काम नगर्न ठेकेदारलाई निर्देशन दिएको छ।

गुणस्तरहीन कामलाई सच्याउन र मापदण्ड अनुसार मात्र काम गर्न सडक डिभिजन जनकपुरधामका प्रमुख अरविन्द लाल कर्णले निर्देशन दिएका छन्। उनले सडक ढलानस्थलको तस्वीर देखेपछि गलत भएको स्वीकार गर्दै तत्काल रोक्न निर्देशन दिएका हुन्। ढलान भइरहेको ठाउँको साइट हेर्ने जिम्मा पाएका इन्जिनियरसमेत रहेका दुर्गा प्रसादका अनुसार रामेश्वर निर्माण सेवा, धनुषाधामले ५ सय ३२ घनमिटर बाटोमा आरसिसी ढलान गर्न १४ असार २०७८ मा भ्याटसहित १ करोडमा टेण्डर मार्फत सम्झौता गरेको थियो। अहिलेसम्म निर्माण कम्पनीले ४ सय ४३ घनमिटर सडक ढलान गरिसकेको छ। असार मसान्तभित्रै उसले बाँकी काम सक्नु पर्नेछ। आर्थिक मसान्तको अन्तमा काम सुरु गरेर हतारमा कमसल काम गरिरहेको छ। निर्माण कम्पनीले जथाभावी कमसल काम गर्दा मात्र ४ किलोमिटरको दुरीमा रहेका डिभिजन कार्यालयका अधिकारीहरु मुकदर्शक बनेका छन्।गाउँपालिका कार्यालयका जनप्रतिनिधि त झन् त्यही सडकबाट आउजाउ गर्छन्। तर उनीहरु पनि चुप छन्। जनप्रतिनिधि सडक डिभिजनको कर्मचारी मिलेमतोमा यस्तो गुणस्तरहीन काम भइरहेको स्थानीयको आरोप छ।

'गाउँपालिका अगाडि नै यस्तो काम हुँदा जनप्रतिनिधि एक शब्द नबोल्नु, नरोक्नुको कारण के हो ? सबैको मिलेमतोमा भइरहेको छ', स्थानीय मोहन साह भन्छन्। सडक ढलान हुन थालेपछि बिहानै वडा नं. ७ का वडाध्यक्ष गंगा साह त्यहाँ पुगेका थिए। तर स्थानीयले गुनासो गरेपछि उनी केही प्रतिक्रिया नै नदिई त्यहाँबाट हिँडेका थिए। त्यो सडक उनको वडा नं. ७ को वडा कार्यालयको सामुन्ने पर्छ। जबकी यो बाटो बनाउन सडक डिभिजनले गाउँपालिका र वडा कार्यालयसित समन्वयसमेत गरेको छ।

लक्ष्मीनियाँ गाउँपालिका अध्यक्ष भोगेन्द्र मिश्रले गुणस्तरहीन काम भइरहेकाले रोकेको स्थानीयबाट जानकारी पाएको बताए। 'वडाले काम गर्ने सिफारिस दिएको छ। के कति इस्टिमेट छ, मलाई थाहा छैन', उनले भने, 'म अर्को बाटो भएर आउँछु। अरुले आज गुणस्तरहीन काम भइरहेको जानकारी पाएँ।' स्थानीय शुभनारायण यादवका अनुसार गत वर्ष पनि यही ठेकेदार कम्पनीले त्यस्तै गरी दुईवटा सडक ढलान गरेको बताए। त्यतिबेला सडक डिभिजन प्रमुख सञ्जय कुमार मिश्रले विरोध गर्नेहरुलाई धम्याएको उनले बताए। डेढ महिनाअघि मात्र जनकपुरको सडक डिभिजन कार्यालयबाट सरुवा भएका उनी हाल मिर्चैया सडक डिभिजनमा गएका छन्।

# नेप्से परिसूचकमा गिरावट



**रासस**
**काठमाडौं।**

धितोपत्र बजारमा शेयर कारोबार मापक नेप्से परिसूचक बुधबार ओरालो लागेको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार नेप्से परिसूचक ३५ दशमलव ३७ अङ्कले ओरालो लागेर दुई हजार एक सय ५० दशमलब ९९ मा सीमित भएको छ।

बुधबारको कारोबारमा ठूला कम्पनीको शेयर कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक नौ दशमलब ७६ अङ्कले ओरालो लागेर चार सय दुई दशमलबव ७५ मा सीमित भएको छ।

कारोबार भएका कूल १३ उपसमूहमध्ये एक उपसमूहको मात्रै शेयर मूल्यमा बृद्धि भएको छ भने १२ उपसमूहको शेयर मूल्यमा गिरावट आएको छ।

कारोबारमा विभिन्न कम्पनीका कूल एक करोड ३३ लाख ४२ हजार नौ सय ९६ कित्ता शेयर पाँच अर्ब ९७ करोड २२ लाख ८६ हजार चार सय ८१ रुपैयाँमा खरिद बिक्री भएका छन्।

कारोबार रकमका आधारमा हिमालयन लायफ इन्स्योरेन्स शीर्ष स्थानमा छ। उक्त कम्पनीको ८३ करोड ७० लाख ३६ हजार सात सय ९१ रुपैयाँ बराबरको कारोबार भएको छ।

त्यस्तै, शिवम् सिमेन्ट २८ करोड २२ लाख ६७ हजार पाँच सय ५९, सोल्टी होटल २३ करोड ५६ लाख ३८ हजार नौ सय ९९, एशियन लाइफ इन्स्योरेन्स १९ करोड ५० लाख ७२ हजार र आइजीआई प्रुडेन्सियल इन्स्योरेन्स १७ करोड २७ लाख ७६ हजार दुई सय ७४ रुपैयाँ बराबरको कारोबार भई शीर्ष पाँचभित्र पर्न सफल भएका छन्।

नेप्सेका अनुसार हिमालयन लाइफ इन्स्योरेन्स बीपीडब्ल्यू लघुवित्त र सिटी होटलको शेयर मूल्यमा १० प्रतिशतले बृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्यस्तै, सामुदायिक लघुवित्त आठ दशमलब १६ र शुभम् पावर कम्पनीको शेयर मूल्य आठ दशमलव ११ प्रतिशतले बढेको छ।

साथै इन्वा हाइड्रोपावर छ दशमलब ६४, खप्तड लघुवित्त छ दशमलब १५, तारागाउँ रिजेन्सी होटल छ दशमलब ११, मकर जीतमाया सुरी हाइड्रोपावर पाँच दशमलब ८६ र ग्लोबल आइएमई लघुवित्तको शेयर मूल्य पाँच दशमलव ७१ प्रतिशतले घटेको छ।

# छोरी जन्माउने आमालाई प्रोत्साहन



**रासस**
**सर्लाही।**

बागमती नगरपालिकाले छोरी जन्माउने आमालाई पाँच हजार रुपैयाँ सुत्केरी भत्ता दिने भएको छ। मधेसमा छोरी जन्मिए दाइजो दिनुपर्छ भन्ने सोचले भ्रुण हत्याका घटना बढिरहेको सन्दर्भलाई जोड्दै नगरपालिकाले छोरी जन्माउने आमालाई प्रोत्साहनस्वरुप पाँच हजार रुपैयाँ दिने घोषणा गरेको नगर उपप्रमुख लीलाकुमारी मोक्तानले जानकारी दिइन्।

नगरपालिकाले आगामी आर्थिक वर्ष २०८०/८१ को नीति कार्यक्रम र बजेट सार्वजनिक गर्दै दलित समूदायको उत्कृष्ट विद्यार्थीलाई ल्यापटप प्रदान गर्ने समेत घोषणा गरेको छ। नगरपालिकाले आगामी आवको नीति तथा कार्यक्रम र बजेटठमा नेपालका प्रथम राणा प्रधानमन्त्री जङ्गबहादुर राणाको समाधिस्थललाई पर्यटकीय क्षेत्रका रूपमा विकास गर्ने, बागमती नदी किनारमा आधुनिक आर्यघाट निर्माण, सुविधायुक्त बजार केन्द्र निर्माण, सांस्कृतिक नमुना बस्ती, बागमती माछापोखरी (भरत ताल) पर्यटन पूर्वाधार निर्माण आयोजना, बागमती फनपार्क आयोजना, बागमती रिसोर्ट, कृषि आधुनिकीकरण कार्यक्रम, नगर बगैंचा आयोजना, बौद्ध तपोवन पर्यटकीयस्थल निर्माण लगायत समेटेको छ।नगरपालिकाको आगामी आवका लागि ९० करोड १० लाख रुपैयाँको बजेट सार्वजनिक गर्दै करिब एक दर्जन योजनालाई नगर गौरबका योजनाको रूपमा समेटेको छ। जङ्गबहादुर राणा विसं १८७४ असार ४ गते अर्घाखाँचीमा जन्मिएका र तराईमा सिकार खेल्न आएको समयमा १९३३ सालमा रौतहटको पत्थरघट्टामा निधन भएको थियो। उनको अन्त्येष्टि भने सर्लाहीको बागमती नगरपालिका-७ राजघाटस्थित मानेचौरमा गरिएको थियो। अहिले नगरपालिकाले सोही स्थानलाई पर्यटकीय क्षेत्रको रूपमा विकास गर्न लागेको हो।

# दुल्हा दुल्हिन मन्दिरको जग्गा.....

कब्जामा छ। मन्दिर र पोखरीको सहर मानिने जनकपुरधाममा मन्दिर वरिपरि अतिक्रमण गरेर बनाइएका ठूला पक्की घर छन्। तिनले मन्दिरको सौन्दर्य नै छेकेका छन्।
पोखरी, जग्गा, पाटीपौवा र देवालय संकटमा परेका छन्। मठमन्दिरको सयौं बिघा जग्गा बेचिएपछि कति मन्दिर लोप भइसकेका छन् भने भगवानका मूर्तिसमेत बेचिएका छन्। गुठीकै जग्गामा बसेको जनकपुरधाम गुठीलाई आफ्नै जग्गा जोगाउन धौधौ छ। गुठी संस्थान शाखा कार्यालय जनकपुरधाममा भएको तथ्यांकअनुसार साविकमा धनुषाका विभिन्न मठमन्दिरको ५ हजार ८ सय ३५ बिघा १० कठ्ठा १९ धुर जग्गा थियो। २०२१ सालमा भएको पहिलो नापीमा जग्गा तीन प्रकारले विभाजित गरिए। त्यसअनुसार जिल्लाभर अधीनस्थ, तैनाथी र रैतान नम्बरी जग्गा गरी जम्मा ६ हजार १ सय २९ बिघा २ कठ्ठा १० धुर २ कनमा थियो।
जिल्ला प्रशासन कार्यालय धनुषाले गुठी, कुटी, मठमन्दिर, मस्जिद, पोखरीलगायतका सार्वजनिक जग्गा/स्मारकको विवरण पठाउन मालपोत, नापी र गुठी संस्थान कार्यालय तथा यहाँका १८ वटै स्थानीय तहलाई पत्राचार गरेको वर्षौं बितिसकेको छ। गुठी अधीनस्थ भनेको साविकदेखि नै मोहीमा लागेको जग्गा हो भने, तैनाथी जग्गा गुठी संस्थानकै कार्यालयको स्वामित्वमा पर्छ। रैतानी नम्बरी भनेको जग्गा धनीकै व्यक्ति विशेष भएको जग्गालाई भनिन्छ।
गुठीकै तथ्यांकलाई आधार मान्ने हो भने साविकमा रहेका जग्गा नापीमा झण्डै २ सय ९४ बिघा भन्दा बढी छ। २०४४ देखि २०५१ सालभन्दा पहिले मठमन्दिरबाट मनखपमा प्राप्त गरेको जग्गामा घर बनाइ बसेको र सहरी नापीको नक्सामा पनि पक्की वा फुसको घर देखिएका लागि गुठी संस्था ऐन २०३३ को संशोधनसहितको दफा २५(३) मा २०४६ साल चैत २६ गतेभन्दा पूर्व गुठीको जग्गामा घर बनाइ बसेका व्यक्तिलाई जग्गा रेकर्डमा परिणत गर्ने प्रावधानअनुसार लालपुर्जा दिइएको थियो।
ऐनबमोजिम जिल्लाका गुठी जग्गामध्ये ३ हजार ६ सय ७३ बिघा १० कठ्ठा ४ धुर २ कनमा व्यक्तिको नाममा रैतान नम्बरी भयो। जिल्लामा रहेका मठ मन्दिरको २ हजार ४ सय ५६ बिघाभन्दा बढी जग्गाको संरक्षण गुठी संस्थान र स्थानीय प्रशासनले गर्नुपर्ने दायित्व छ। तर, संस्थानका कर्मचारी, मठ मन्दिरका पुजारी तथा महन्थ, प्रशासन, सुरक्षाकर्मी र राजनीतिक दलका नेता तथा भूमाफियाको संलग्नतामा जिल्लाभर अर्बौं मूल्यका सैयौं बिघा जग्गा गायव भइसकेका छन्। गुठी संस्थान शाखा कार्यालय जनकपुरधामका अनुसार ३० बिघा ७ कठ्ठा १८ धुर जग्गा अतिक्रमण भएको छ। तर, मन्दिरपिच्छे ठहरिएका बस्ती, लाग्ने गरेको बजार, बस पार्क, राजनीतिक दलदेखि विभिन्न संघसंस्थाका कार्यालयले मनमौजी जग्गा हडपेका र किनबेच समेत गरिरहेका छन्। पुरातात्विक सम्पदा, मठमन्दिर, सार्वजनिक सम्पत्ति, धार्मिकस्थलको संरक्षण गर्ने जिम्मा सबैको रहेको देखिएको छ। गुठीको जग्गा अतिक्रमण गरेर ठूला पक्की संरचना बनिसकेका छन् भने अतिक्रमणले गुठीको जग्गा त घट्यो-घट्यो, मठमन्दिरहरुको अस्तित्वमाथि समेत प्रश्नचिन्ह उठेको छ। संस्थानले नियुक्त गरेका मठमन्दिरका महन्थ, पुजारी नै जग्गा खरिदबिक्रीमा लागेका छन्। गुठी संस्थानको जग्गाको हकमा रक्षक नै भक्षक भएको देखिन्छ।
सांस्कृतिक सम्पदाको संरक्षणका लागि काम गर्दै आएका जनकपुरधामका स्थानीय युवा भरत साह भन्छन्, 'यहाँ माफियाको राज छ। मन्दिरदेखि संस्थासम्म सबैमा ब्रह्मलुट मच्चिएको छ। राजनीतिक खोल ओढेर मठमन्दिरको जग्गा भूमाफियाले अपचलन गरेका छन्।'
राजदेवी मठको २७ बिघा ९ धुर जग्गामध्ये ९ बिघा ९ धुर जग्गा अतिक्रमण भइसकेको छ। ५ वर्षअघि गिरी महन्थको जिम्मेवारीमा आएपछि उनले जग्गा खोज्न थालेका छन्। पहिलाका पुजारी र स्थानीय राजनीतिक दलका नेताले मठको जग्गा अतिक्रमण गरेपछि अहिले बस्ती नै बसेको छ।

**गुठीका जग्गा ठेक्कामा**

जनकपुरधामका गुठी अधीनस्त अधिकांश जग्गा ठेक्कामा लगाइएको छ। एकातर्फ जिल्लाभर अर्बौं मूल्यका सैयौं बिघा जग्गा गायब भइसकेका छन् भने अर्कातर्फ ३० बिघा ७ कठ्ठा १८ धुर जग्गा अतिक्रमण भइसकेको छ। त्यस्तै, अधिकांश जग्गा ठेक्कामा लगाइएको देखिन्छ। जसको कुनै लेखाजोखा नै छैन। जनकपुरधाम-२३ बेलाकुट्टीस्थित रामजानकी दुल्हा दुल्हिन भगवान मन्दिरको कित्ता नम्बर ३०९ मध्ये १ बिघा ११ कठ्ठा १० धुर जग्गा ५ वर्षका लागि विश्वभारती फाउन्डेसन, सोही कित्ता मध्येबाट ५ बिघा १० कठ्ठा ३८ वर्षका लागि गजेन्द्र नारायण स्मृति प्रतिष्ठान र ४ बिघा  जनकपुर अञ्चल बस व्यवसायी संघलाई २०८० पुस मसान्तसम्मका लागि ठेक्कामा दिइएको देखिन्छ।
त्यस्तै, जानकी मन्दिर अधीनस्त रहेको जनकपुरधाम-१८ स्थित भोयल मठको जग्गाबाट ३२ बिघा १० कठ्ठा १६ धुर २० वर्षका लागि जनकपुरधाम उपमहानगरपालिकाले, जनकपुरधाम-३ स्थित लक्ष्मण मन्दिरको वडा नम्बर-१४ स्थित विभिन्न कित्ताको क्षेत्रफलबाट १६ बिघा १७ कठ्ठा १९ धुर १ कनमा ३० वर्षका लागि राष्ट्रिय खेलकुद परिषद्ले, राम मन्दिर अधीनस्त जनकपुरधाम-४ स्थित कित्ता नम्बर ३६ को ५ कठ्ठा ३ धुरमध्ये १० धुर २५ वर्षका लागि नेपाल पत्रकार महासंघ धनुषाले, रत्नसागर गुठीको जनकपुरधाम-१४ स्थित विभिन्न कित्ता नम्बरको १६ बिघा १७ कठ्ठा १९ धुर ४९ वर्षका लागि मणिपाल एजुकेसन मेडिकल ग्रुपले ठेक्कामा लिएको देखिन्छ।
राममन्दिर गुठीको जनकपुरधाम-४ स्थित कित्ता नम्बर १ मध्ये दक्षिणतर्फबाट २ कठ्ठा ५ धुर १० वर्षका लागि मिथिला नाट्यकला परिषद्ले, राममन्दिर गुठीको जनकपुरधाम-४ स्थित कित्ता नम्बर ४११ मध्येबाट ४ कठ्ठा १९ धुर ४ कनमा संस्कृति, पर्यटन तथा नागरिक उडड्यन मन्त्रालयले, राममन्दिर गुठीको जनकपुरधाम-८ स्थित कित्ता नम्बर ४९ को १३ कठ्ठा १२ धुर २ कनमा जग्गाबाट ४ कठ्ठा रामनारायण मिश्र चिन्तन प्रतिष्ठानले, बसही कुट्टीको जनकपुरधाम-८ स्थित कित्ता नम्बर ३१८ मध्येबाट ६ बिघा ३ कठ्ठा १५ धुर जनक हजारी विद्यापीठले, राममन्दिरको जनकपुरधाम-४ स्थित कित्ता नम्बर ९५ को १ कठ्ठा १९ धुर १ कनमामध्ये उत्तर पूर्वतर्फबाट १५ धुर जग्गा २०७३ चैत ६ गते भएको सम्झौताबमोजिम निर्माण गर्ने र द्वितीय पक्षले ५ वर्षभित्र संग्रहालय निर्माण गरी प्रथम पक्षलाई हस्तान्तरण गर्ने सर्तमा मिथिला कला तथा संस्कृति संग्रहालयले निर्माणका लागि लिएका छन्।
त्यस्तै, जानकी मन्दिरको जनकपुरधाम-८ स्थित कित्ता नम्बर ५८ को ७ कठ्ठा मध्ये ५ कठ्ठा ५ धुर १० वर्षका लागि राजर्षि जनक पतञ्जली योग साधना केन्द्रले, राममन्दिरको जनकपुरधाम-४ स्थित ८ कठ्ठा २ धुर २० वर्षका लागि राजर्षि जनक क्याम्पसले, जानकी मन्दिरको जनकपुरधाम-६ स्थित १४ कठ्ठा २ धुर ३ कनमामध्ये दक्षिणतर्फबाट ५ कठ्ठा १६ धुर १५ कनमा २५ वर्षका लागि राधामाधव समितिले ठेक्कामा लिएको छ।

**व्यक्ति विशेषलाई पनि ठेक्का**

गुठीका बिघौं जग्गा व्यक्तिविशेषलाई पनि ठेक्कामा दिइएको छ। इटहर्वा मठको इटहर्वा-३ स्थित कित्ता नम्बर १६३ को ७ बिघा १२ कठ्ठा १४ धुर ८ कनमा जग्गा १० वर्षका लागि सोही ठाउँका कृष्णा कुमार चौधरी, जानकी मन्दिरको जनकपुरधाम-११ स्थित कित्ता नम्बर २१ बाट १२ धुर १५ वर्षका लागि विश्वनाथ मिश्र भनिने सियाराम दास, राममन्दिर अधीनस्त सखुवा, हरकरवा, हात्तीसार, जलाडी निकास विर्ता, औराहा दिगम्बरपुरको विभिन्न कित्ताबाट १ सय ४८ बिघा २०७३ कात्तिक ११ देखि लागु हुनेगरी २०८३ कातिक १० गतेसम्मका लागि दिगम्बरपुर-२ का राजेश महतो र राममन्दिर बिरख कुट्टी अधीनस्त सुगामधुकरही, चक्कर, पौडेश्वर मौजाको विभिन्न कित्ताबाट १ सय २७ बिघा १० कठ्ठा ७ धुर २०७३ मंसिर ५ देखि लागु हुनेगरी २०८३ मंसिर ४ गतेसम्मका लागि सुगानिकास-८ का बरुण प्रसाद मण्डलले मनोमानी रुपमा ठेक्कामा लिएका छन्।
त्यस्तै, सीताकुण्डको जनकपुरधाम-८ स्थित कित्ता नम्बर १२ को २ बिघा २ कठ्ठा १४ धुर ११ कनमा २०७६ असार २४ देखि लागु हुनेगरी ५ वर्षका लागि दीपनारायण साहले सञ्चालन गरेको जनकपुर ड्राइभिङ प्रशिक्षण केन्द्र र सीताकुण्डकै जनकपुरधाम-८ स्थित कित्ता नम्बर ९ को १५ कठ्ठा २ धुर ३ कनमा मध्येबाट १५ कठ्ठा जग्गा २०७६ असार २४ देखि लागु हुनेगरी ५ वर्षका लागि मोहन प्रसाद यादवले सञ्चालन गरेको एपी कन्स्ट्रक्सनले लिजमा लिएको छ।
५२ कुटी र ७२ कुण्डको नामले प्रख्यात जनकपुरधामका ऐतिहासिक एवम् पौराणिक महत्वका सम्पदाको अस्तित्व संकटमा पर्दै गइरहेको छ। भूमाफियाको संलग्नता र विभिन्न मन्दिरका महन्थको व्यक्तिगत स्वार्थका कारण यहाँका ऐतिहासिक सम्पदा दिनप्रतिदिन अतिक्रमणको चपेटामा परिरहेका छन्। सहरभित्रका अमृत कुण्ड, जनक सरोवर, बलदेव सर, गोपाल सर, धोवीयाही पोखरी, पापमोचनी सर, पयश्विनी सरजस्ता दर्जनौं पोखरीको अस्तित्व लोप भइसकेका छन्।

# अवैध भित्र्याइएका आलु प्याज नियन्त्रणमा

'जनकपुरधामका व्यापारीहरु आन्दोलन गरिरहेका छन्, जनकपुरधाममा आलु प्याजको कालोबजारी पनि चलिरहेको छ'

**मधेशदृष्टि**
**जनकपुरधाम।**
भारतबाट अवैधरुपमा ल्याउदै गरेका आलु प्याज जनकपुरधामका आलु प्याज व्यवासायी संघले नियन्त्रणमा लिएका छन्।
बुधबार बिहानै जनकपुरधामका आलु प्याज व्यापारीहरुले भारतीय सीमानाका भएर अवैध रुपमा ल्याइएको आलु प्याज आलु प्याज नियन्त्रणमा लिएको हो। जनकपुरधामस्थित रेल्वेको सुरक्षार्थ खटिएको सशस्त्र प्रहरीको टोलीले कपिलेश्वरबाट अवैध रुपमा ल्याउँदै गरेको आलु प्याज नियन्त्रणमा लिएको थियो। तर सशस्त्र प्रहरीले सो आलु प्याज छोड्न लागेको सूचना पाए लगत्तै व्यापारीहरुले आलु प्याज नियन्त्रणमा लिई भन्सारमा बुझाउन दवाब दिएका छन्। महिनाथपुर सीमानाका भएर ७ बोरा आलु र २ बोरा प्याज ल्याइरहेको अवस्थामा प्रहरीले टेम्पोसहित समान बरामद गरेको थियो। आफूहरु टेम्पो मात्रै छोड्ने र आलु प्याज मात्रै भन्सारमा बुझाउन लागेपछि व्यापारीहरुले टेम्पो पनि भन्सारमा बुझाउन दबाब दिएपछि टेम्पो पनि भन्सारमा बुझाउन लागेको प्रहरीले जनाएको छ।
यसरी आलु प्याजको कालोबजारी बढ्दै गएपछि आफूहरुको आन्दोलनलाई प्रभावित पारिरहेको आलु प्याज व्यवसायी संघ जनकपुरधामका उपाध्यक्ष ध्रुव साहले बताए। सरकारले आफूहरुको माग सम्बोधन नगरेसम्म यो आन्दोलन जारी रह्ने उनले चेतावनी दिए। केही दिन यतादेखि जनकपुरधामका आलु प्याज व्यापारीहरुले आलु प्याजको बिक्री पूर्ण रुपमा बन्द गरेका छन्। नेपाल सरकारले आलु प्याजमा समेत मूल्य अभिवृद्धि कर लगाए लगत्तै जनकपुरधामका आलु प्याजका व्यापारीहरु आन्दोलित छन्। व्यापारीहरुको आन्दोलनका बीच आलु प्याजको कालोबजारी समेत बढ्दै गइरहेको छ।



# अतिरिक्त भ्याटको विरोधमा र्‍याली

**मधेशदृष्टि**
**जनकपुरधाम।**
सरकारले आलु प्याजमा लगाएको १३ प्रतिशत भ्याटको विरोध गर्दै आलु प्याज व्यवसायी संघ जनकपुरधामले विरोध र्‍याली निकालेको छ।
संघका अध्यक्ष मो.अलाउदीन राईनको अगुवाईमा बुधबार जनकपुरधामको पेठीया बजारबाट निस्केको जुलुस जनकचौकमा पुगी कोणसभामा परिणत भएको थियो। विरोध रयालीमा अतिरिक्त भ्याटको विरुद्ध विभिन्न किसीमको प्ले कार्ड समेत प्रर्दशन गरिएको थियो। कोणसभामा सम्वोधन गर्दै आलु प्याज व्यवसायी संघ जनकपुरधामका उपाध्यक्ष ध्रुव साहले भ्याट रकमको वृद्धि संगै आलु प्याजमा मुल्य वृद्धि हुन गएको र सीमापारीबाट कालावजारी हुन थालेको बताउदै उनले यसरी आलु प्याजको कालोबजारी बढ्दै गएपछि आफूहरुको आन्दोलनलाई प्रभावित पारिरहेको बताए। सरकारले आफूहरुको माग सम्बोधन नगरेसम्म यो आन्दोलन जारी रह्ने उनले चेतावनी दिए।
कार्यक्रममा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठले सरकारले आलु प्याज लगायतका दैनिक उपभोगका वस्तुहरुमा लगाइएको कर फिर्ता नगरे आन्दोलनलाई थप सशक्त बनाइने चेतावनी दिए। उनले सरकारले मुलुकलाई आत्मनिर्भर बनाउनका लागि करको भर नपर्नु हुने बताए। मुलुकलाई आत्मनिर्भर बनाउनका लागि जनताको ढाड सेक्ने गरी कर लगाएर कदापी सम्भव नहुने उनको भनाई थियो।
सरकारले आलु प्याजमा लगाएको मूल्य अभिवृद्धि कर फिर्ता नलिएसम्म आन्दोलन यसै गरी जारी रह्ने आलु प्याज व्यवसायी संघ जनकपुरधामका अध्यक्ष आलउद्दिन अन्सारीले चेतावनी दिए।  विरोध रयालीमा जनकपुरधाम उद्योग वाणिज्य संघका अध्यक्ष जितेन्द्र महासेठ,रामजानकी युवा कमिटिका अध्यक्ष धर्मेन्द्र कुमार साह,जनकपुरधाम उद्योग वाणिज्य संघका महासचिव मनोज साह, नेपाली कांग्रेसका नेता रामप्रसाद पजियार लगायत व्यवशायीहरुको उपस्थिति थियो।

# धनुषा र महोत्तरीमा तीन दिनमा ३६६ लाई नागरिकता

**मधेशदृष्टि**
**जनकपुरधाम।**
धनुषा र महोत्तरीबाट तीन दिनमा ३ सय ६६ जना जन्मसिद्ध नागरिकका सन्तानले नेपाली नागरिकताको प्रमाणपत्र लिएका छन्।
जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट शुक्रबार, आइतबार र सोमबार गरी २ सय ५३ र जिल्ला प्रशासन कार्यालय धनुषाबाट आइतबार र सोमबार गरी १ सय १३ जनाले नागरिकता लिएका हुन् ।जिल्ला प्रशासन कार्यालय महोत्तरीले जारी गरेको नागरिकताको विवरण अनुसार जिल्ला प्रशासन महोत्तरीबाट शुक्रबार ८, इलाका प्रशासन कार्यालय बर्दिवासबाट ४ र इलाका प्रशासन कार्यालय गौशालाबाट ६ जनाले नागरिकताको प्रमाणपत्र लिएका थिए।
त्यस्तै, दोस्रो दिन आइतबार जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट २७, इलाका प्रशासन कार्यालय बर्दिबासबाट २६ र इलाका प्रशासन कार्यालय गौशालाबाट ४२ जनाले नागरिकताको प्रमाणपत्र लिएका थिए।
सोमबार भने जिल्ला प्रशासन कार्यालय महोत्तरीबाट ४७, इलाका प्रशासन कार्यालय बर्दिबासबाट ३६, इलाका प्रशासन कार्यालय गौशालाबाट ५६ र इलाका प्रशासन कार्यालय रामगोपालपुरबाट २ जनाले नेपाली नागरिकताको प्रमाणपत्र लिएका छन्।
यता, धनुषामा भने आइतबार ४२ र सोमबार ७१ जनाले नागरिकताको





प्रमाणपत्र लिएको धनुषाका प्रमुख जिल्ला अधिकारी काशीराज दाहालले बताए ।उनले जन्मसिद्ध नागरिकताका लागि २ हजार ८५८ जनाले टोक्न लिइसकेका छन्। जिल्ला प्रशासन कार्यालय धनुषाले एक दिनमा एक सय जनालाई मात्रै नागरिकता दिने गरेको छ। प्रमुख जिल्ला अधिकारी दाहालले एक महिनासम्मका लागि टोक्न वितरण भइसकेको बताए ।इलाका प्रशासन कार्यालय यदुकूहाले भने मंगलबारदेखि नागरिकता वितरण गर्न सुरु गरेको उनले जानकारी दिएका छन्।
राष्ट्रपति रामचन्द्र पौडेलले गत जेठ १७ गते नागरिकता विधेयक प्रमाणीकरण गरेपछि ऐनमाथि रिट परेको थियो। त्यसपछि जेठ २१ गते सर्वोच्च अदालतले नागरिकता ऐनको संशोधित व्यवस्था कार्यान्वयन नगर्न आदेश दिएको थियो ।उक्त आदेशमाथि सर्वोच्चले असार ७ गते अन्तरिम आदेश जारी गरेपछि जिल्लाहरूमा जन्मसिद्ध नागरिकलाई नागरिकता दिन थालिएको छ। सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेशलाई निरन्तरता नदिएपछि विधेयक कार्यान्वयनका लागि बाटो खुलेको हो। न्यायाधीश आनन्दमोहन भट्टराई र कुमार रेग्मीको संयुक्त इजलासले नागरिकता विधेयक कार्यान्वयनमा रोक लगाउन २१ जेठमा डा. मनोजकुमार शर्माले अल्पकालीन अन्तरिम आदेश निरन्तर नहुने आदेश दिएको थियो। सर्वोच्चको यो आदेशसँगै जन्मका आधारमा नेपाली नागरिकता लिएकाहरुको सन्तानले वंशजकोआधारमा नागरिकता पाउन बाटो खुल्यो ।गत वर्ष तत्कालिन राष्ट्रपति विद्यादेवी भण्डारीले संघीय संसदले पारित गरेको नागरिकता विधेयक प्रमाणीकरण नगरी होल्डमा राखेकी थिइन् ।तर विधेयक १७ जेठमा राष्ट्रपति रामचन्द्र पौडेलले प्रमाणीकरण गरेका थिए। विधेयक प्रमाणीकरण गर्ने राष्ट्रपतिको कदम संविधान विपरीत रहेको भन्दै वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी र बालकृष्ण न्यौपानेले सर्वोच्च अदालतमा रिट दिएका थिए।

# मधेश विश्वविद्यालय दक्ष जनशक्ति उत्पादन...

अभियानमा डोऱ्याउनुपर्ने बताए। उनले विश्वविद्यालय स्थापनाका लीग भूमि तथा भौतिक संरचना, आर्थिक व्यवस्थापनलगायत तर्फ विश्वविद्यालयले पहलकदमी लिनुपर्ने बताए। नेपाल सरकारका नीति अनुसन्धान प्रतिष्ठानका निवर्तमान सदस्य डा.सुरेन्द्र लाभले विश्वविद्यालयले गुणस्तरीय शिक्षाअनुसार दक्ष जनशक्ति उत्पादन गरी मुलुकको भविष्यलाई अघि बढाउनसक्नेतर्फ रणनीतिक योजना बनाउने गरी अघि बढ्नुपर्ने आवश्यकता रहेको बताए। त्यस्तै, मेधश प्रदेश सरकारका प्रदेश नीति तथा योजना आयोगका निवर्तमान उपाध्यक्ष डा. भोगेन्द्र झाले दक्ष जनशक्ति उत्पादनका लागि विश्वविद्यालयको भौतिक संरचनादेखि अध्ययन अध्यापन र अनुसन्धानात्मकसहित शैक्षिक अनुशासनसमेत त्यतिकै अपरिहार्य रहेको औंल्याएँ।
मधेश विश्वविद्यालयका उपकुलपति प्रा. डा.दीपक शाक्यले उच्चशिक्षाको गुणस्तरमा अभिवृद्धि गर्दै शैक्षिक तथा प्राज्ञिक वातावरणलाई स्वच्छ, मर्यादित र उपलब्धिमूलक बनाउन लागिपरेको बताए। उनले राष्ट्रको सर्वांगिण विकासमा दक्ष जनशक्ति आपूर्ति गर्न विश्वविद्यालयको अवधारणाअनुरुप प्रतिस्पर्धाका आधारमा १० वर्षे दीर्घकालीन नीति तथा योजना निर्माणतर्फ क्रियाशील भएको बताए। उनले तत्काल मधेश विश्वविद्यालयले पर्यटन, सांस्कृतिक, कृषि तथा बजारिकरणलगायत समेटेर शैक्षिकसहित रोजगार प्रवर्द्धनतर्फ ध्यान दिइएको बताए। मधेश विश्वविद्यालय नीति तथा योजना निर्माण अभियानमा रहेकाले बिहीबार मलङ्गवाको मलङ्गवा- चन्द्रपुर तथा शुक्रबार बाराको कलैया-वीरगंजमा अन्तरक्रिया गरिने उपकुलपति शाक्यले बताए।

# स्वीकृति नलिने अस्पताल र क्लिनिकलाई कारबाही

**मधेशदृष्टि**
**जनकपुरधाम।**
मधेश प्रदेशको स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मातहतको स्वास्थ्य निर्देशनालयले प्रदेश अन्तर्गत रहेका सबै निजी स्वास्थ्य संस्थाहरुलाई असार मसान्तभित्र अनिवार्य रुपमा निर्देशनालयबाट स्वीकृति लिन अनुरोध गरेको छ।
निर्देशनालयले मधेश प्रदेशका विभिन्न पालिका तथा जिल्लामा विभिन्न निकायबाट अनुमति लिई सञ्चालनमा रहेका निजी अस्पताल, क्लिनिक, डाइग्नोस्टिक सेन्टर लगायतलाई यही असार भित्र अनिवार्य रुपमा निर्देशनालयमा सुचिकृत गराउन सार्वजनिक सूचना जारी गरेको हो। असारभित्र अनुमती नलिई सञ्चालन गरेको पाइएमा कानुन अनुसार कारबाही गरिने निर्देशनालयले जनाएको छ। 'मधेश प्रदेशका विभिन्न पालिका/जिल्लामा विभिन्न निकायबाट अनुमति लिई सञ्चालनमा रहेका निजी अस्पताल, क्लिनिक, डाइग्नोस्टिक सेन्टरलाई २०८० असार मसान्त भित्र अनिवार्य रुपमा यस निर्देशनालयमा सुचिकृत गराउनु हुन अनुरोध छ,' निर्देशनालयले जारी गरेको सूचनामा भनिएको छ, 'कुनै निकाबाट स्वीकृत नभएका स्वास्थ्य संस्थाहरुलाई मापदण्ड पुरा गरी यही असार भित्र अनिवार्य अनुमति लिन जानकारी गराइन्छ। असार पश्चात अनुमती नलिई सञ्चालनमा रहेका स्वास्थ्य संस्थालाई कानुन बमोजिम कारबाही हुने जानकारी गराइन्छ।'
निर्देशनालयले सूचिकृतका लागि कार्यालयमा नै पुगेर वा कार्यालयको इमेल hdpd2janakpur2075 @gmail.com मा कागजपत्र सहितको विवरण पठाउन अनुरोध गरेको छ।



# फुटबल प्रतियोगिता: रौतहट र सिरहा सेमिफाइनलमा प्रवेश



**मधेशदृष्टि**
**काठमाडौं।**
रौतहट र सिरहा जिल्ला फुटबल संघ बाराको सिमरामा जारी दोस्रो रामनारायण मिश्र फुटबल प्रतियोगिताको सेमिफाइनलमा प्रवेश गरेका छन्। सिमरा रंगशालामा मंगलबार भएको खेलमा धनुषालाई हराउँदै रौतहट र सप्तरीलाई हराउँदै सिराहा सेमिफाइनलमा प्रवेश गरेका हुन्।पहिलो खेलमा सिराहाले सप्तरीलाई ३-१ गोल अन्तरले पराजित गर्यो। सिराहाको जितमा सुजन मगर, अनिल मगर र उद्धव घलेले समान एक-एक गोल गरेका थिए। सप्तरीका लागि निरज चौधरीले एक गोल गरेका थिए। प्रतियोगिता अन्तर्गत सिराहाका अमन लामा म्यान अफ द म्याच घोषित भए। उनलाई इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायव उपरीक्षक प्रदिप बहादुर क्षेत्रीले नगद २५०० सहित ट्रफी प्रदान गरेका थिए।यसैगरी दोस्रो खेलमा धनुषालाई १-० गोल अन्तरले पराजित गर्दै रौतहट जिल्ला फुटबल संघ सेमिफाइनलमा प्रवेश गर्यो। रौतहटको जितमा सन्देश चौधरीले निर्णायक गोल गरेका थिए। प्रतियोगिता अन्तर्गत रौतहटका गोल रक्षक मिरोज धामी म्यान अफ द म्याच घोषित भए। उनलाई पनि इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायव उपरीक्षक प्रदिप बहादुर क्षेत्रीले नगद २५०० सहित ट्रफी प्रदान गरेका थिए।
प्रतियोगिता अन्तर्गत बुधबार पनि दुई खेल हुनेछन्। पहिलो खेल दिउँसो ४ बजे सर्लाही र सप्तरी जिल्ला फुटबल संघबीच हुनेछ भने दोस्रो खेल बारा र सिराहा जिल्ला फुटबल संघबीच हुनेछ। मधेश प्रदेश फुटबल संघको आयोजना तथा बारा जिल्ला फुटबल संघको सह आयोजनामा सोमबारदेखि शुरु भएको दोश्रो रामनारायण मिश्र फुटबल प्रतियोगितामा ८ टिमको सहभागिता छ। प्रतियोगिता असार १६ गतेसम्म सन्चालन हुनेछ।

# थाइल्याण्डमाथि नेपालको २२५ रनको जित

**मधेशदृष्टि**
**काठमाडौं।**
एसीसी यू-१६ इष्ट जोन कप क्रिकेटमा नेपालले थाइल्याण्डमाथि २२५ रनको विशाल जित हात पारेको छ। नेपाललाई जिताउन ब्याटिङतर्फ निरजकुमार यादव तथा नरेन भट्ट र बलिङतर्फ सन्तोष यादवले उत्कृष्ट प्रदर्शन गरे।
मलेसियाको यूकेएम वाईएसडी क्रिकेट ओभलमा बुधबार सम्पन्न ३५ ओभरको खेलमा नेपालले दिएको २७० रनको लक्ष्य पछ्याएको थाइल्याण्ड १३.२ ओभरमा ४४ रनमै समेटियो।
नेपालले ब्याटिङ र बलिङ दुवैमा शानदार प्रदर्शन गर्न सक्यो।
कमजोर विपक्षी थाइल्याण्डविरुद्ध बलिङमा सुरुदेखि नै हावी भएको नेपालले थाइ ब्याटरहरुलाई लामो समयसम्म क्रिजमा टिक्न दिएनन्।
थाइल्याण्डले ८.३ ओभरमा ३६ रन बनाउँदा तीन विकेटमात्र गुमाएको थियो। तर, बाँकी पाँच ओभरमा ८ रन थप्दा बाँकी ७ विकेट खेर फाल्यो। थाइल्याण्डका इशान बेनर्जीले सर्बाधिक १६ तथा दानुफोन फुआङ्योटपिनिटले १२ रन बनाए। नाटपाखन मनोवनले ४ रन बनाउनुबाहेक थाइल्याण्डका ८ जना ब्याटरले रनको खाता खोल्नै सकेनन्। उसले १२ अतिरिक्त रन पाएको थियो।
थाइल्याण्डको पारी ध्वस्त पार्न नेपालका सन्तोष यादवले शानदार बलिङ गरे। उनले ३.२ ओभरमा १ मेडन राख्दै ८ रन खर्चेर ५ विकेट लिए। अशोक धामीले ३ ओभरमा २ मेडन राख्दै ४ रन खर्चेर ३ विकेट लिए।
कप्तान अभिशेक तिवारीले ४ ओभरमा १ मेडन राख्दै २१ रन खर्चेर २ विकेट लिए।
त्यसअघि टस जितेर ब्याटिङ गरेको नेपालले निर्धारित ३५ ओभरमा ८ विकेट गुमाएर २६९ रनको योगफल खडा गरेको थियो। नेपालका लागि सूर्यांशु कोइराला र निरजकुमार यादवले ११० रनको सुरुवाती साझेदारी गरी नेपालको इनिङ बलियो पारेका थिए। निरजले ४३ बलमा ७४ रनको शानदार अर्धशतकीय पारी खेले। सूर्यांशुले ४० रन जोडे। मध्यक्रमका नरेन भट्टले ४३ बलमा अविजित ५५ रन बनाए। सन्तोष यादवले ३६ बलमा ४२ रनको योगदान गरे।
बलिङमा थाइल्याण्डका इशान बेनर्जी, फनुवाट देशुङनोन र नटपाखन मनोवनले २-२ विकेट लिए। प्रतियोगितामा नेपाली टिम थाइल्याण्ड र मलेसियासँगै समूह ए मा परेको छ। सात टोली सम्मिलित प्रतियोगिताको समूह बीमा सिंगापुर, हङकङ, माल्दिभ्स र इण्डोनेसिया छन्। नेपालले आफ्नो दोस्रो खेल मलेसियासँग शुक्रबार खेल्नेछ।
एसीसीले इस्ट्रन रिजनल प्रतियोगिताको नामबाट आयोजना गरेको यस्तै प्रतियोगिताको उपाधि नेपालले सन् २०१७ र २०१९ मा गरी दुईपल्ट जितेको थियो।

# युक्रेन युद्धमा बेलारुस किन रुसको पक्षमा उभिएको छ ?

**बिबिसी।**
भाडाका सैनिक उपलब्ध गराउने वाग्नर समूहले आफ्नो विद्रोह त्याग गरेपछि समूहका नेता येभ्गेनी प्रिगोजिन बेलारुसमा आश्रय लिन सहमत भए। बेलारुसले रुसी सेनालाई पनि आफ्नो भूभागबाट युक्रेनविरुद्ध आक्रमण गर्न र त्यहाँ रुसी पारमाणविक अस्त्रहरू राख्न अनुमति दिएको छ। त्यसो भए

**बेलारुस र रुसको सम्बन्ध के हो त ?**

**बेलारुस कहाँ छ र यो कस्तो देश हो ?**

बेलारुस रुस र युक्रेनसँग सीमा जोडिएको तथा पूर्वी युरोपेलीमास अवस्थित भूपरिवेष्टित देश हो। यो सन् १९९१ सम्म तात्कालिक सोभियत सङ्घअन्तर्गत थियो। नब्बे लाख जनसङ्ख्या भएको बेलारुस युरोपका गरिब देशहरूमध्ये एक हो। यो देशको अर्थतन्त्रमा राज्यको नियन्त्रण छ। यसलाई विगतमा युरोपको 'अन्तिम तानाशाही' भनेर व्याख्या गरिएको थियो। यो देशको सरकार नागरिक स्वतन्त्रता दबाएको र सञ्चारमाध्यमलाई प्रतिबन्ध लगाएका कारण पनि व्यापक रूपमा आलोचित भएको छ।

यहाँका शीर्ष नेता अलेक्ज्यान्डर लुकाशेन्को सन् १९९४ देखि सत्तामा छन्। यद्यपि यूके, युरोपेली सङ्घ (ईयू) र अमेरिकाले हाल उनलाई राष्ट्रपतिको मान्यता दिँदैनन्। उल्लिखित देशहरूले त्यहाँको राष्ट्रपतीय निर्वाचनमा धाँधली भएको आरोप लगाउने गरेका छन्। बेलारुसमा सन् २०२० मा भएको राष्ट्रपति निर्वाचनपछि महिनौँसम्म विरोध प्रदर्शन भएको थियो। सुरक्षाकर्मीहरूले प्रदर्शनकारीहरूलाई निर्मम ढङ्गमा दमन गरेका थिए।

त्यति बेला क्रेम्लिनले उसको सुरक्षा बललाई सहयोग गर्ने तथा एक अर्ब ५० करोड अमेरिकी डलर बराबर आपत्कालीन ऋण उपलब्ध गराउने बताउँदै लुकाशेन्कोलाई साथ दिएको थियो। 'लुकाशेन्कोले पश्चिमा देशहरूसँगको आफ्नो सम्बन्ध बिगारे र उनी आफ्नै जनताबाट समेत टाढा रहे,' बेलारुसका लागि यूकेका पूर्वराजदूत डा. निगल गोल्ड डेभिसले भने। उनी अहिले इन्टरन्याश्नल इन्स्टिट्यूट फर स्ट्रटीजिक स्टडीज नामक थिङ्कट्याङ्कका सदस्य हुन्।



'यस घटनाक्रमले उनलाई रुसप्रति थप निर्भर बनायो।'

**वाग्नरको सन्दर्भ बेलारुसले रुसलाई**

उनले विद्रोह घोषणा गरेको २४ घण्टा नबित्दै आफ्ना सेनाहरूलाई मस्कोमा सुरु भएको अभियान त्यागे

देशमा 'अस्थिरताको अर्को बीउ रोप्ने' बताए। उनले आफ्नो देशलाई 'थप अपराधी र गुन्डाहरूको



**कसरी सहयोग गरेको छ ?**

प्रिगोजिन र रुसका राष्ट्रपति भ्लादिमिर पुटिनबीचको वार्तामा लुकाशेन्काले मध्यस्थकर्ताको भूमिका निर्वाह गरेको बताइन्छ। क्रेम्लिनका अनुसार लुकाशेन्कासँग प्रत्यक्ष वार्ता गरेपछि प्रिगोजिन सैन्य विद्रोहबाट पछि हटेका थिए।



र बेलारुसमा स्थानान्तरण हुन सहमत भए। यद्यपि बेलारुसका निर्वासित विपक्षी नेता स्भेत्लाना तिखानोभ्स्कायाले प्रिगोजिनलाई बेलारुसमा जान अनुमति दिनुले

आवश्यकता नभएको बताए।

**रुसले युक्रेनमाथि आक्रमण गर्न बेलारुसलाई कसरी प्रयोग गर्यो ?**

सन् २०२१ मा बेलारुसले आफ्नो भूमिमा सेनाहरूलाई तैनाथ गर्न अनुमति दिनेगरी सुरक्षा सन्धिमा हस्ताक्षर गर्यो। 'पुटिनले धेरै दबाव दिएको हुनुपर्छ किनभने यसअघि लुकाशेन्कोले रुसी सेनालाई आफ्नो देशमा रहन दिन धेरै पटक अस्वीकार गरेका थिए,' रोयल यूनाइटेड सर्भिसेस इन्स्टिट्यूट थिङ्कट्याङ्ककी एमिली फेरिसले भनिन्। सन् २०२२ ज्यानुअरी र फेब्रुअरीमा रुसी सेनाले बेलारुसमा संयुक्त सैन्य अभ्यास गरेको थियो।
त्यसपछि झन्डै ३०,००० जना सेनाले युक्रेनविरुद्ध बेलारुसबाटै आक्रमण गरे। त्यहाँबाट युक्रेनको राजधानी किएभनजिकै छ। आक्रमणलगत्तै बेलारुसले आफू तटस्थ र परमाणुअस्त्ररहित हुने अडान परिवर्तन गर्यो। त्यसपछि यसले रुसका सेनाहरूलाई आफ्नो सैन्य हवाई अयाहरू प्रयोग गर्न, आफ्नो क्षेत्रबाट क्षेप्यास्त्र प्रक्षेपण गर्न र आफ्ना रेल तथा सडक मार्गहरू प्रयोग गर्न अनुमति दियो। प्रतिक्रियास्वरूप ईयू, अमेरिका र क्यानडाले बेलारुस र रुसमाथि प्रतिबन्ध लगाए।

तथापि लुकाशेन्को बेलारुसी सेनालाई युक्रेनविरुद्ध लड्न नदिन सफल भएको इन्टरन्याश्नल क्राइसिस ग्रूप थिङ्कट्याङ्कका ओलेग इग्नाटोभको भनाइ छ। 'उनले युद्धमा संलग्न हुनबाट जोगिन हरेक प्रयास गरिरहेका छन्,' उनले भने। 'यो लुकाशेन्कोको वैधानिकताको अन्तिम प्रमाण हुन सक्छ।'

**बेलारुसमा रुसका कुनकुन अस्त्रहरू छन् ?**

मार्चमा राष्ट्रपति पुटिनले सामरिक महत्त्वका रुसी पारमाणविक क्षेप्यास्त्रहरू बेलारुसमा राख्ने बताए। त्यसले 'रुसलाई रणनीतिक ढङ्गमा पराजित गर्ने योजना बनाएका' हरूलाई निरुत्साहित गर्ने बताएका थिए।
उनले पारमाणविक अस्त्रहरू थाम्न सक्ने इस्कन्डर क्षेप्यास्त्रहरू पहिले नै त्यहाँ सारिएको समेत जानकारी दिए। सामरिक महत्त्वका पारमाणविक अस्त्रहरूमा साना युद्धशीर्षहरू पर्छन्। ती अस्त्र युद्धभूमिमा निश्चित लक्ष्यका साथ प्रयोग गर्न बनाइएका हुन्छन्। बेलारुसले सन् १९९४ मा आफ्नो भूमिबाट परमाणुअस्त्र हटाउने सहमति गरेयता त्यहाँ त्यस्ता अस्त्रहरू थिएनन्।
रुसी सरकारी टीभीमा बोल्दै लुकाशेन्कोले आफूले रुसलाई बेलारुसमा पारमाणविक हतियार राख्ने अनुमति मात्रै दिएको नभई 'त्यस्ता हतियार फिर्ता मागेको' बताए। डा. गोल्ड-डेभिसले भने, 'पुटिनले युक्रेनमा आक्रमण गर्नका निम्ति अस्त्रहरूलाई बेलारुसमा सार्न आवश्यक थिएन तर उनी पश्चिमका आफ्ना निसानाहरूविरुद्ध आक्रमणका थप विकल्पहरू चाहन्छन्।'

# वाग्नर प्रमुखलाई बेलारुसमा आश्रय युक्रेनमा रुसी क्षेप्यास्त्र आक्रमण

**बिबिसी।**
झन्डै २४ घण्टा रुसी नेतृत्वको टाउको दुखाइ बनेको विद्रोहको नेतृत्व गरेका येभ्गेनी प्रिगोजिन बेलारुस पुगेका छन्। वाग्नर समूहले गरेको सैन्य विद्रोह अन्त्य भएको तीन दिनपछि उनी बेलारुस पुगेका हुन्। उक्त समूह रुसको सरकारी सेनासँग मिलेर युक्रेनमा लडिरहेको निजी सेना हो। 'हो, साँच्चै, उनी आज बेलारुसमा छन्,' 'उनलाई सैन्य विद्रोह परित्याग गरेर निर्वासनमा आउन सहमत गराएको श्रेय लिँदै बेलारुसका राष्ट्रपति अलेक्ज्यान्डर लुकाशेन्कोले भने। शनिवार राति दक्षिण रुसमा गाडीमा कतै गइरहेको देखिएपश्चात् उनी कहाँ छन् भन्ने कुरा रहस्यमय बनेको थियो।
मङ्गलवार उनको निजी जेट विमान बेलारुसको राजधानी मिन्स्कतर्फ गइरहेको पाइएको थियो। वाग्नर समूहले भर्ती गरेका भाडाका सैनिकहरूले प्रिगोजिनसँग सहकार्य गर्न चाहे उनीहरूलाई परित्याग गरिएको एक सैन्य आधार शिविर उपलब्ध गराउने प्रस्ताव गरिएको लुकाशेन्कोले बताएका छन्। 'त्यो ठाउँ बारिएको छ, सबै कुरा उपलब्ध छ र पाल टाँग्न सकिन्छ,' उनले भने।
विद्रोह अन्त्य गर्नका लागि भएको भनिएको सम्झौताअनुरूप प्रिगोजिनलाई सुरक्षाको प्रत्याभूति दिइएको छ भने वाग्नर समूहमाथि रुसमा भएको आपराधिक क्रियाकलापको अभियोगहरू हटाइएको छ। मस्कोले ती भाडाका सैनिकहरूले प्रयोग गरेका ठूला हातहतियार रुसी सेनालाई उपलब्ध गराउने तयारी गरिरहेको छ। यद्यपि रुसी राष्ट्रपति पुटिनले गत सप्ताहान्तमा विद्रोह गर्ने वाग्नर समूहका नेतृत्वकर्ताहरू माथि 'रुस रक्तपातपूर्ण द्वन्द्वमा निसासिएको हेर्न खोजेको' आरोप लगाएका थिए।
एउटा छोटो सम्बोधनका क्रममा उनले विद्रोहका नाइकेहरूलाई 'न्यायको दायरामा ल्याउने' वाचा गरेका छन्। उनले अन्य वाग्नर लडाकुहरूलाई 'देशभक्त'को सङ्ज्ञा दिएका थिए। मन्तव्यका क्रममा उनले सीधै प्रिगोजिनको नाम भने लिएनन्।

छिमेकीहरूको चिन्ता

वाग्नरका लडाकुहरूलाई उनीहरू



रुसी सेनामा आबद्ध हुन, आफ्नो घर फर्किन वा बेलारुस जान सक्ने विकल्प खुला रहेको बताइएको छ। उत्तर एट्लान्टिक सन्धि सङ्गठन नेटोमा आबद्ध पोल्यान्ड, लाट्भिआ र लिथुआनिआमा बेलारुसमा वाग्नर समूहको आगमनले छिमेकी राष्ट्रका रूपमा आफूहरूलाई समस्यामा निम्त्याउन सक्ने चिन्ता व्यक्त गरेका छन्। रुसले केहीअघि सामरिक महत्त्वका आणविक अस्त्र बेलारुसमा स्थानान्तरण गरिसकेको



छ। रुसी सर्वसाधारणहरू पनि निकै विचलित रहेको युरोपियन लिडरशिप नेटवर्ककी क्याटिया ग्लोड बताउँछिन्। 'पक्कै पनि उनीहरू प्रिगोजिनजस्ता अपराधी बेलारुसमा बसून् भन्ने चाहँदैनन्,' उनले भनिन्। लुकाशेन्कोले वाग्नर समूहले बेलारुसको सेनालाई रणनीति र हतियारहरूबारे अनुभव सुनाएर सहयोग गर्न सक्ने बताएका छन्।
रुसको सहर रोस्तोभ-अन-डनमा विद्रोहीहरूको सहज नियन्त्रण अनि निकै कम प्रतिरोधकाबीच उत्तरतर्फ अघि बढेको घटनाले २३ वर्ष लामो भ्लादिमिर पुटिनको शासनकालमा क्रेम्लिनको सुरक्षा नियन्त्रणमा ठूलो कमजोरीहरू रहेको उजागर गरिदिएको छ। वाग्नर फौज राजधानी मस्कोबाट झन्डै २०० किलोमिटर नजिक पुगेको बेला उक्त सैन्य विद्रोह साम्य पार्न लुकाशेन्कोले मध्यस्थताका गरेका थिए। क्रेम्लिनका प्रवक्ता दिमित्री पेस्कोभले गत शुक्रवार र शनिवारका घटनाहरूले सत्तामा पुटिनको वर्चस्व घटाएको भन्ने कुरालाई अस्वीकार गरेका छन्।

कसरी उत्पन्न भएको थियो तनाव ?

हालैका महिनाहरूमा प्रिगोजिनले रुसको सैन्य नेतृत्वको खरो आलोचना गर्दै आएका थिए। उनीहरूबीच युद्धको रणनीतिबारे तीव्र मतभेद थियो। गत शनिवार वाग्नरका लडाकुहरू युक्रेनस्थित आफू खटेको क्षेत्रबाट रुसको सीमाभित्र फर्किएर दक्षिणी सहर रोस्तोभ-अन-डनमा प्रवेश गरेका थिए। घटनाक्रम तीव्र गतिमा अगाडि बढ्यो र उनीहरूले मस्कोतर्फ कुच गरे। त्यस क्रममा उनीहरूले उत्तरमा पर्ने भोरोनेज सहरको सैन्य संरचनाहरू पनि नियन्त्रणमा लिए। क्रेम्लिनलाई राजधानी मस्कोसहित थुप्रै स्थानहरूमा सुरक्षा कडा बनाउन दबाव दिँदै भाडाका लडाकुहरू राजधानीतर्फ अघि बढेका थिए।
त्यतिबेला त्यहाँका नगरप्रमुखले सर्वसाधारण नागरिकहरूलाई यात्रा नगर्न आह्वान गरेका थिए।
आवश्यक परेको खण्डमा वाग्नर लडाकुहरूविरुद्ध लड्न हजारौँ विशिष्ट चेचेन सेनाहरू मस्कोतर्फ लागेको चेतावनीहरू समेत दिइएको थियो। प्रतिक्रियास्वरूप राष्ट्रपति भ्लादिमिर पुटिनले रुसलाई 'धोका' दिन खोज्नेहरूलाई सजाय दिने वाचा गरेका थिए। रुसी टीभी च्यानल रोसिया ट्वेन्टीफोरका अनुसार बेलारुसी नेता अलेक्ज्यान्डर लुकाशेन्को र प्रिगोजिनको भेटवार्तापछि अचानक शनिवार साँझ अवस्था साम्य पार्ने सहमति भएको थियो। केही घण्टापछि वाग्नर सेनाले रोस्तोभ छोड्दै गरेको र समर्थकहरूले उनीहरूका नेताको जयजयकार गर्दै हात मिलाउन कोसिस गरिरहेको देखिने भिडिओ सार्वजनिक भयो। एक दिनको घटनाक्रमलाई युक्रेनका राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले 'पूर्ण अराजकता'को सङ्ज्ञा दिएका थिए।
फ्लाइट ट्र्याकिङले शनिवार राष्ट्रपतिका दुई विमानहरूले सहर छोडेको देखाएपछि पुटिन मस्कोबाट भागेको अफवाह फैलिएको थियो। यद्यपि उनका प्रेससचिव दिमित्री पेस्कोभले राष्ट्रपति क्रेम्लिनमै रहेको बताएका थिए।

युक्रेनमा मिसाइल आक्रमण

यसैबीच रुसले युक्रेनमा मिसाइल आक्रमण गरेको छ। पूर्वी युक्रेनस्थित क्रामातोर्स्कको केन्द्रमा भएको मिसाइल आक्रमणमा चार जनाको मृत्यु भएको र अन्य केही घाइते भएको युक्रेनी अधिकारीहरूले बताएका छन्। युक्रेनी नियन्त्रणमा रहेको तर युक्रेनमा रुसले नियन्त्रणमा लिएको भूभागनजिक रहेको उक्त सहरमा मङ्गलवार एउटा रेस्टुराँ र शपिङ मलमा आक्रमण गरिएको थियो। त्यहाँ मानिसहरू भग्नावशेषमा च्यापिएको हुनसक्ने अनुमान गरिएको छ र उद्धार कार्य जारी छ। एक प्रत्यक्षदर्शीले आफूले 'मृत्यु भएका, चिच्च्याइरहेका, रोइरहेका मानिसहरू, कोलाहल...'देखेको बताएका छन्। युक्रेनको समयानुसार साँझको झन्डै ७:३० बजेतिर भएको घटनामा एक १७ वर्षीया युवतीको मृत्यु भएको हुनसक्ने बताइएको छ।

# 'यसपालि हजमा जान मसँग पर्याप्त पैसा भएन'

**बिबिसी।**



साउदी अरबको मक्कामा मुस्लिमहरूको वार्षिक तीर्थाटन हज आइवारबाट सुरु भएको छ। यस वर्ष उक्त यात्रामा लाखौँ तीर्थालु सहभागी हुने अपेक्षा गरिएको छ। तर विश्वव्यापी महँगीका कारण यो धार्मिक अनुष्ठान विश्वभरि धेरै मुस्लिमका लागि धान्न नसक्ने हुँदैछ। 'यो वर्ष उल्लेख्य रूपमा बुकिङ घटेको छ। धेरैका लागि यो निकै महँगो बनेको छ,' कायरोस्थित एक निजी यात्रा व्यवस्थापकले भने। मुलुकको आर्थिक अवस्थाबारे गरेको टिप्पणीलाई लिएर हुनसक्ने आलोचनाका कारण उनले नाम खुलाउन चाहेनन्। इजिप्टबाट साउदी अरबको यात्राका लागि सरकारद्वारा प्रायोजित सबैभन्दा सस्तो दर झन्डै ६,००० अमेरिकी डलर छ। यो गत वर्षको भन्दा दोबर हो।

अरब विश्वको सबैभन्दा धेरै जनसङ्ख्या भएको देश इजिप्टका हज गर्न चाहने धेरै मानिस पवित्र सहर मक्कासम्मको यात्रामा लाग्ने खर्च तिर्न सङ्घर्षरत छन्। हज इस्लामका पाँच आधार स्तम्भमध्ये एक हो। यस वर्ष जुनको २६ तारिख देखि जुलाईको १ तारिखसम्म हज हुँदै छ। शारीरिक र आर्थिक रूपले सक्षम प्रत्येक मुस्लिमले आफ्नो जीवनकालमा एकचोटि हज गर्न अनिवार्य मानिन्छ।

'हज मेरो सपना हो'

स्थानीय मुद्राको अवमूल्यनका कारण इजिप्टमा महँगी निकै बढेको छ। सन् २०२२ को मार्च महिनायता अमेरिकी डलरको तुलनामा इजिप्टको पाउन्डको मूल्य ५० प्रतिशतभन्दा बढीले घटेको छ। परिणामस्वरूप इजिप्टमा जीवनयापनको खर्च अकासिएको छ जहाँ करिब ३० प्रतिशत जनसङ्ख्या 'हातमुख जोड्ने' समस्यामा छ।
अवकाशप्राप्त निजामती कर्मचारी फरिदा (परिवर्तित नाम) हज यात्राका लागि पाँच वर्षदेखि बचत गर्दै आएकी छन्।

'हज यात्राका लागि मैले जोगाएको पैसा नै पर्याप्त भएन। त्यसमा लाग्ने खर्च विवरण हेरेर म त स्तब्ध भएँ,' उनले भनिन्। पाँच सन्तानकी आमा फरिदा एकल महिला हुन्। महँगीबारे गरेको टिप्पणीलाई लिएर हुनसक्ने सम्भावित आलोचनालाई लिएर उनले पनि वास्तविक नाम खुलाउन चाहिनन्। तपाईँ किन हज यात्रा गर्न चाहनुभएको हो भन्ने जिज्ञासामा उनले भनिन्, 'त्यो मेरो सपना हो। हजले आत्माको शुद्धीकरण गर्छ।' उनका सबै सन्तान विवाहित छन्। 'सामाजिक र आर्थिक दायित्वबाट अब मुक्त भइसकेकी छु,' उनले भनिन्। 'अब मेरो लागि हज गर्ने समय भएको छ।' यसअघि फरिदाले चार पटक 'उमराह' गरिसकेकी छन्। हज वर्षमा एक पटक निश्चित समयमा गरिने भएपनि उमराह जुनसुकै बेला गर्न सकिन्छ।

'हज भिसा पाउनुको सट्टा मैले तीन महिनाका लागि पर्यटक भिसा पाएँ र हज सुरु हुनुभन्दा एक महिनाअघि मक्का पुगेकी थिएँ।' मक्कासम्मको सम्पूर्ण यात्राको खर्च अहिले हजमा लाग्ने खर्चभन्दा ८० प्रतिशतले कम भएको उनले बताइन्।

हज अनुदान



हजयात्रा वार्षिक रूपमा संसारमा हुने ठूला धार्मिक जमघटमध्ये एक हो। हजका लागि हरेक वर्ष १५ देखि २० लाख मानिसहरू साउदी अरब पुग्ने गर्छन्। सन् २०२० चाहिँ अपवादको रूपमा रह्यो। त्यसको कारण के हो भने त्यसबेला कोभिड महामारीका कारण प्रतिबन्धहरू घोषणा गरिएको थियो। साउदी अरबले प्रत्येक देशका लागि हजयात्रीको कोटा निर्धारण गर्ने गरेको छ। सबैभन्दा ठूलो कोटा इन्डोनेशियाले पाउने गरेको छ। उक्त देशको जनसङ्ख्या २७ करोड छ र त्यहाँ विश्वको सबैभन्दा ठूलो मुस्लिम जनसङ्ख्या छ। जाकार्ताले दुई लाख २०,००० जनाको कोटा पाउने गरेको छ। हजयात्राका लागि गत वर्ष झन्डै ६० प्रतिशत अनुदान दिएको इन्डोनेशियाले यसपालि घटाएर ५० प्रतिशतमुनि पुर्याएको छ। यसपालि प्रत्येक हज यात्रीले करिब ३,००० अमेरिकी डलर खर्च गर्नुपर्ने भएको छ।

यमनका तीर्थालु

यो पवित्र यात्राका निम्ति विश्वभरि धेरै मुस्लिमका लागि आर्थिक पक्ष एउटा तगारोको रूपमा रहेका बेला युद्धग्रस्त यमनका जनताका लागि झन् जटिल विषय भएको छ। सन् २०१५ यता साउदी नेतृत्वको सैनिक गठबन्धनले इरान समर्थित हूथी विद्रोहीविरुद्ध यमनमा लडाइँ गर्दै आएको छ।
युद्धका कारण यमनमा विश्वकै सबैभन्दा ठूलोमध्ये एउटा मानवीय सङ्कट निम्त्याएको छ। दुवै पक्षबीच युद्ध सुरु भएयता पहिलो पटक यमनका तीर्थालुहरू हजका लागि सीधै साउदी अरब पुगेका छन्। युद्धका कारण दुई देशबीच व्यावसायिक उडानहरू सञ्चालनमा छैनन्। राजधानी साना सन् २०१४ को सेप्टेम्बरयता नै हूथी विद्रोहीको नियन्त्रणमा रहिआएको छ।

यमनमा हजका लागि प्रतिव्यक्ति औसत खर्च ३,००० अमेरिकी डलर रहेको छ। 'अहिले लाग्ने खर्चभन्दा आधाभन्दा कममा म सन् २०१६ मा हज यात्रामा गएको थिएँ। अहिले मेरो लागि यो धेरै नै महँगो हो,' यमनका एक पत्रकारले भने।

# ठगी आरोपमा खड्का पक्राउ

**हेटौँडा, वीरगंज, सिमरा, जीतपुर, पथलैयालगायतका क्षेत्रमा दर्जनौं व्यवसायी, औद्योगिक करिडोरमा कार्यरत मजदुर तथा वैदेशिक रोजगारीबाट फर्किएकालाई जीतपुर सिमरा उपमहानगरपालिका-२ निवासी सिर्जना खड्काले चर्को ब्याजको प्रलोभनमा ठगेकी थिइन् ।**



**मधेशदृष्टि**
**वीरगंज ।**
हेटौँडा, वीरगंज, सिमरा, जीतपुर, पथलैयालगायतका क्षेत्रमा दर्जनौं व्यवसायी, औद्योगिक करिडोरमा कार्यरत मजदुर तथा वैदेशिक रोजगारीबाट फर्किएकालाई जीतपुर सिमरा उपमहानगरपालिका-२ निवासी सिर्जना खड्काले ठगेको पाइएको छ । ब्याजको लोभ देखाएर दर्जनौं व्यक्तिसँग लाखौं रुपैयाँ उठाएर खड्काले रकम अपचलन गरेको पाइएको हो ।

खड्काले व्यक्तिगत समस्या देखाएर ललाइफकाई केही दिनका लागि भन्दै सस्तो ब्याजमा रकम लिने र मिटरब्याजमा लगानी गर्दै आएको पीडितहरुले बताए । पछिल्लो समय निजगढ नगरपालिका वडा नम्बर ८ का सुजित घिसिङले खड्कालाई २० लाख रुपैयाँको चेक बाउन्स गरेका थिए । त्यसपछि उच्च अदालत जनकपुर अस्थायी इजलास वीरगंजमार्फत पक्राउ आदेश ल्याएर प्रहरीले गत साता खड्कालाई पक्राउ गरेको थियो ।

घिसिङले सुरुमा आफ्नो बहिनीमार्फत खड्कालाई चिनेको र सापटको रुपमा केही रकम दिएको बताए । 'सुरुमा त मैले सापटको रुपमा दिएको हो, पछि उनले प्रभावमा पार्न ब्याज थपेर दिइन् । दोस्रो, तेस्रो पटकमा सामान्य गाउँघरमा चलेको ब्याज आउँछ भने ठिकै छ नि भनेर रकम दिएँ तर त्यो रकम फिर्ता आएन, पूरै डुबियो,' घिसिङले भने ।

'हामीसँग को बिरामी भयो, अर्जेन्ट छ भनेर फकाएर पैसा माग्थिन्, हामीले पनि विश्वास गर्‍यौँ । पछि थाहा भयो, हामीजस्तै धेरै मान्छेसँग उनको लेनदेनको सञ्जाल रहेछ । आज आएर सबै थाहा हुँदैछ,' घिसिङ्गले भने । जेठ ११ गतेको महालक्ष्मी विकास बैंक सिमरा शाखाको चेक बाउन्स गरेका घिसिङसँग खड्काले दिएको अर्को ४५ लाखको चेक समेत छ ।

धेरै वर्ष कोरिया बसेर आएका घिसिङसँग पैसा भएको थाहा पाएपछि खड्का दैनिक उनको घरमा जाने, अर्जेन्ट समस्या छ भनेर पैसाका लागि फकाउने गरेको पीडितको भनाइ छ । 'अहिले कारोबार बिग्रिएर सबै डामाडोल भएको छ, घर लिलाम हुने अवस्थामा छ, भएको २-४ पैसा पनि ब्याज तिर्दैमा ठिक्क छ,' उनले भने ।

# मधेशमा पर्यटनमा सम्भावना खोजिने



**मधेशदृष्टि**
**वीरगंज ।**
उद्योग, वाणिज्य तथा आपूर्ती मन्त्री रमेश रिजालले मधेशमा पर्यटन क्षेत्रको विकास र सम्भावना, पूर्वाधार निर्माण तथा औद्योगिक क्षेत्रको समस्या समाधानका लागि आफूले विशेष पहल गर्ने बताएका छन् ।

नेपाल एसोसिएसन अफ टूर एण्ड ट्राभल एजेन्ट्स ( नाट्टा) मधेश प्रदेशका अध्यक्ष मोहन शर्माको नेतृत्वमा मन्त्रालय पुगेको टोलीलाई मन्त्री रिजालले मधेश प्रदेशमा पर्यटन उद्योगको विकासका लागि आफ्नो तर्फबाट सक्दो सहयोग गर्ने प्रतिवद्धता जाहेर गरेका हुन् । हालै चीन भ्रमणबाट फर्किएका मन्त्री रिजालले आफू नेपालको पर्यटकीय सम्भावनाबारे जानकार रहेको भन्दै मधेश प्रदेशमा देखिएको औद्योगिक समस्या र त्यसको समाधानका लागि तत्काल पहल गरिने बताए ।

जीतपुर सिमरा नगर उद्योग वाणिज्य संघका अध्यक्षसमेत रहेका शर्माको नेतृत्वमा रहेको प्रतिनिधि मण्डलले मधेशमा विद्युत्को समस्याले उद्योग संकटमा परेको र मजदुर पलायनको अवस्थामा रहेको भन्दै त्यसका लागि संघीय सरकारबाटै तत्काल कदम चाल्न सरकारको ध्यानाकर्षण गराएको छ ।

यसका लागि सरकारका तर्फबाट तत्कालको संकट टार्ने गरी काम अघि बढाउन आवश्यक रहेको अध्यक्ष मोहन शर्माले बताए । उद्योग मन्त्री रिजाललाई जेठ २६ र २७ गते बाराको सिमरामा भएको मधेश कन्क्लेभको प्रतिवेदनसमेत बुझाइएको थियो । भेटमा नाट्टाका निवर्तमान अध्यक्ष अच्युत गुरागाईंले नेपालको पर्यटन विकासमा प्रवर्द्धनसँगै पूर्वाधार विकासको कामलाई पनि महत्व दिनुपर्ने भन्दै आगामी नयाँ आर्थिक वर्षको कार्यक्रम र बजेट कार्यान्वयनमा पर्यटनलाई विशेष जोड दिन मन्त्री रिजाललाई आग्रह गरे ।

टोलीमा नाट्टाका निवर्तमान अध्यक्ष गुरागाईं, पर्यटन व्यवसायी राम श्रेष्ठ, पर्यटनविद् डा. हिमलाल घिमिरे लगायतको सहभागिता थियो ।

# कृषिलाई उत्पादनमुखी बनाउन अन्सारीको आग्रह

*संघीय सरकारको ८० लाख रुपैयाँको लागतमा निर्माण भएको डिप बोरिङबाट करिब ७० बिघा जग्गामा सिचाइँ सुविधा पुग्ने ।*



**मधेशदृष्टि**
**वीरगंज ।**
मधेश प्रदेश सरकारका उद्योग वाणिज्य तथा पर्यटन राज्यमन्त्री रहवर अन्सारीले मधेशमा शिक्षा र कृषि क्षेत्रलाई उत्पादन मुखी बनाउनु पर्ने कुरामा जोड दिएका छन् ।

वीरगंज महानगरपालिका वडा नम्बर २७ को उदयपुरघुर्मीमा निर्माण सम्पन्न भएको डिप बोरिङको राज्यमन्त्री अन्सारीले उद्घाटन गर्दै कृषिमा आधुनिकरण र प्रविधिको प्रयोगले उत्पादनमा वृद्धि गरे मात्रै समृद्ध मधेश बन्ने कुरामा जोड दिए ।

राज्यमन्त्री अन्सारीले किसानले खेतीलाई निर्वाहमुखी मात्र बनाएको भन्दै अब व्यवसायिकरुपमा कृषिलाई अगाडि बढाउन सुझाव दिए ।

वीरगंज महानगरपालिकाको वडा नम्बर २७ मा अर्को डिप बोरिङ जडानको लागि समेत पहल गर्ने बताउदै मन्त्री अन्सारीले शिक्षा क्षेत्रमा पनि मधेशको अवस्था अत्यन्त लाजमर्दो रहेको हुँदा यसको विकासका लागि सबै क्षेत्रको सामुहिक प्रयोग हुनु पर्ने कुरामा जोड दिए ।

वीरगंज महानगरपालिका वडा नम्बर २७ का वडा अध्यक्ष हृदयनारायण प्रसाद कुर्मीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा राज्यमन्त्री अन्सारीको विशेष पहलमा संघीय सरकारको करिब ८० लाख रुपैयाँको लागतमा निर्माण भएको डिप बोरिङबाट त्यस क्षेत्रको करिब ७० बिघा जग्गामा सिचाइँ सुविधा पुग्ने बोरिङ निर्माण उपभोक्ता समितिका अध्यक्ष मख्खु मियाँ अन्सारीले बताए ।

# ज्येष्ठ पत्रकारलाई पेन्सनका लागि कार्यदल

**मधेशदृष्टि**
**वीरगंज ।**
वीरगंज महानगरपालिकाको आमसञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समितिले ज्येष्ठ पत्रकार पेन्सन कोष कार्यविधि तयार गर्न कार्यदल गठन गरेको छ ।

आमसञ्चार ऐन २०७८ तथा वीरगंज महानगरपालिकाको १२ औं नगर सभाले ज्येष्ठ पत्रकारलाई पेन्सन वितरण गर्ने नीति अवलम्बन गरेसँगै कार्यविधि तयारका लागि समितिका सदस्य रामनारायण कुर्मी, नवराज फुयाँल, आविद हुसेन, माधुरी महतो र कानुन अधिकृत ईश्वर बराल रहने गरी ५ सदस्यीय कार्यदल गठन गरेको समितिका संयोजक धुव अधिकारीले जानकारी दिए ।




त्यसैगरी, समितिको बैठकले वीरगंज महानगरपालिकाको टेण्डर, विज्ञापनलगायत अन्य सूचना राष्ट्रिय तथा स्थानीय माध्यमबाट प्रकाशन तथा प्रसारण गराउन दर रेटमा विविधता पाइएको हुँदा त्यसलाई एकरुपतामा ल्याउन दर रेट निर्धारण कार्यदल समेत गठन गरेको छ । समितिमा मनोज पटेल, मुस्कान श्रेष्ठ र अमित अग्रवाल सदस्य रहेको कार्यदलले एक साताभित्र प्रतिवेदन पेश गर्ने निर्णय बैठकले गरेको संयोजक अधिकारीले बताए ।

त्यसैगरी बैठकले लोक कल्याणकारी विज्ञापनबापतको अन्तिम किस्ताको बिललगायत आवश्यक कागजात ५ दिनभित्र सूचना शाखामा पेश गर्न वीरगंजका सम्पूर्ण आमसञ्चार माध्यमलाई आग्रह गरेको छ ।

आमसञ्चार माध्यम प्रवर्द्धन तथा नियमन समिति वीरगंज महानगरपालिकाका संयोजक ध्रुव अधिकारीको अध्यक्षतामा सम्पन्न बैठकमा नगर प्रमुखका प्रेस सल्लाहकार महेश दास, जनसम्पर्क सल्लाहकार नवराज फुयाँल, वरिष्ठ पत्रकार एवम् समितिका सदस्य रामनारायण कुर्मी, समितिका सदस्यहरु अमित अग्रवाल, आविद हुसेन, मनोज पटेल, मुस्कान श्रेष्ठ, माधुरी महतो, वीरगंज महानगरपालिकाका प्रशासन प्रमुख राज ताम्राकार, सूचना तथा प्रसारण शाखा प्रमुख शम्भु कुशवाहा लगायतको सहभागिता थियो ।

# अध्यक्ष र प्रशासकीय अधिकृत नआएपछि गाउँसभा भएन

**मधेशदृष्टि**
**वीरगंज ।**
पर्साको पकाहामैनपुर गाउँपालिकाका अध्यक्ष र वडाअध्यक्षलगायत सदस्यबीच कुरा नमिल्दा गाउँसभा अन्योलमा परेको छ ।गाउँसभा चलिरहेका बेला पालिका अध्यक्ष सुरेश मेहताले आफूखुसी कमिसनमुखी योजनाको प्रस्ताव गरेपछि वडा अध्यक्षहरु लगायत सदस्यसहितका जनप्रतिनिधिले विरोध जनाउँदै सभा बहिष्कार गरेका थिए ।

असार ९ र १० गते नीति कार्यक्रम र बजेट पेस गर्ने कार्यक्रम रहेकामा पेश भएलगत्तै वडा अध्यक्षहरुले बहिष्कार गरेपछि गाउँसभा स्थगित भएको हो । त्यसपछि बुधबार भनिएको बैठक पनि बसेको छैन ।

बैठक बस्ने सभा हलमा सम्पूर्ण जनप्रतिनिधि पुगेपछि गाउँपालिका अध्यक्ष मेहता र प्रमुख प्रशासकीय अधिकृत राज कुशवाहा अनुपस्थित रहे ।एकैचोटी पालिका प्रमुख मेहता र अधिकृत कुशवाहा अनुपस्थित भएसँगै गाउँसभा अन्योलमा परेको र उनीहरुको गतिविधि माथि पनि शंका हुन लागेको वडा अध्यक्षहरुको कथन छ ।

प्रमुख प्रशासकीय अधिकृत कुशवाहाले प्रस्तुत भएको बजेटमा वडा अध्यक्षहरुले असहमति जनाएको भन्दै गाउँसभा स्थगित गरिएको बताए । साथै, केही बुँदामाथि कुरा नमिलेका कारण गाउँसभा स्थगित गरिएको र चाँडै सहमति गरेर गाउँसभा गरिने उनले बताए ।

# कालिकामाईमा नयाँ प्रशासकीय अधिकृत



**छठु साह**
**वीरगंज ।**
पर्साको कालिकामाई गाउँपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रुपमा नमोनाथ यादव हाजिर भएका छन् ।

अधिकृत यादवलाई जनप्रतिनिधि, कर्मचारीले कार्यालयमा स्वागत गरे र पदस्थास्पन पनि गरे । विगत एक वर्ष अगाडिदेखी पालिकामा प्रमुख प्रशासकीय अधिकृत रहेका अमित गिरीको सरुवा पर्साको जीराभवानी गाउँपालिकामा भएपछि अधिकृत यादव कालिकामाईको प्रमुख प्रशासकीय अधिकृतका रुपमा आएका हुन् ।

यादवको आगमनसँगै कालिकामाई गाउँपालिकाका प्रशासनिक तथा विकासका अधुरा काम सुरु हुने अपेक्षा स्थानीयले गरेका छन् ।

# अनलाइन जुवा खेलाउने चार जना समातिए

*मोबाइलमा इन्स्टल भएको २ एकाउन्टस् भन्ने एप्लिकेसनमार्फत विभिन्न अनलाइन ग्याम्बलिङ प्लेटफर्म प्रयोग गरी अनलाइन क्यासिनो गेममा रकमको बाजी लगाइ सट्टाबाजी गराइ खेल खेलाउने गरेको छ ।*



**मधेशदृष्टि**
**वीरगंज ।**
विभिन्न अनलाइन खेलमार्फत सट्टेबाजी खेलमा संलग्न रहेको आरोपमा प्रहरीले बारा, जीतपुरसिमराका २ सहित चार जनालाई पक्राउ गरेको छ ।

बारा, जीतपुर सिमरा उपमहानगरपालिका वडा नम्बर ९ घर भइ काठमाडौँ महानगरपालिका वडा नम्बर १४ कलंकी बस्ने २४ वर्षीय राजा चौधरी, वडा नम्बर ८ घर भइ कलंकीमै बस्ने २५ वर्षीय विवेक चौधरीलाई प्रहरीले पक्राउ गरेको हो । त्यसैगरी, पक्राउ पर्नेमा काठमाडौँ महानगरपालिका वडा नम्बर ६ ठमेल बस्ने २५ वर्षीय रितेन्द्र प्रधान र नवलपरासी, त्रिवेणी सुस्ता गाउँपालिका वडा नम्बर २ कुरिया घर भइ काठमाडौँ महानगरपालिका वडा नम्बर २६ ठमेल बस्ने २४ वर्षीया आशा गुरुङ पनि पक्राउ परेका छन् । काठमाडौँ उपत्यका अपराध अनुसन्धान कार्यालयको टोलीले उनीहरुलाई विभिन्न स्थानबाट पक्राउ गरेको हो ।

उनीहरूले आफ्नो मोबाइलमा इन्स्टल भएको २ एकाउन्टस् भन्ने एप्लिकेसनमार्फत विभिन्न अनलाइन ग्याम्बलिङ प्लेटफर्म प्रयोग गरी अनलाइन क्यासिनो गेममा रकमको बाजी लगाइ सट्टाबाजी गराइ खेल खेलाउने गरेको प्रारम्भिक अनुसन्धानक्रममा खुल्न आएको छ ।

पक्राउ परेकाहरूलाई आवश्यक कारबाही एवम् अनुसन्धानको लागि जिल्ला प्रहरी परिसर टेकु काठमाडौँ पठाइएको छ ।

# रुखबाट लडेर मृत्यु



**मधेशदृष्टि**
**वीरगंज ।**
बाराको फेटा गाउँपालिका वडा नम्बर १ भरबलियामा रुखबाट लडेर एक जनाको मृत्यु भएको छ ।

भरबलियाका अन्दाजी ५० वर्षिय शम्भु मुखिया बिनको मृत्यु भएको प्रहरीले जनाएको छ ।

उनी रुखबाट ताडी उतार्ने क्रममा चिप्लेर लडेका थिए । आफन्तले उनलाई सामान्य उपचारका लागि घर लगेर पानी खुवाउँदा खुवाउँदै मृत्यु भएको स्थानीयको भनाइलाई उद्दृत गदै जिल्ला प्रहरी कार्यालय बाराका प्रहरी उपरीक्षक होविन्द्र बोगटीले बताए । उनी मादक पदार्थ सेवन गरेर रुखमा चढेको र खुट्टा चिप्लेर लड्दा मृत्यु भएको हुनसक्ने अनुमान प्रहरीको छ । मृतक शम्भुको शव कलैया अस्पतालमा पोष्टमार्टम गरी अपरान्ह आफन्तलाई बुझाइएको प्रहरी उपरीक्षक बोगटीले बताए ।




मधेश प्रदेश प्रकाशन समूहद्वारा प्रकाशित तथा मुद्रित वीरगंज महानगरपालिका-१५, दर्ता नं. ३११-०७९/८०, सम्पर्क मो. नं. ९८५५०२१२८१, कार्यालय : जनकपुरधाम-२, भानु चोक, किशोरी नगर, फोन नं. ०४१-५९०२८९, E_Mail:madheshdristi@gmail.com, अध्यक्ष : ध्रुव साह, सम्पादक : रामकुमार एलन